وقف لله تعالى لا يجوز بيعه

© copyright

सर्वधिकार सुरक्षित
तर लेखक व्दारा अनुमति
पछि जसले निशुल्क
पकाशण तथा
वितरण गर्ने छ ।

attasseel attasseelalelm attassee.alelmi attasseelalelm1 attasseelalelmi1

शैख हैसम बिन मोहम्मद जमील सरहान
अध्यक्ष: तासील अल इल्मी
www.attasseel-alelmi.com

غفر الله المؤلف ولوالديه ولمن
أعانه على إخراج هذا الكتاب

निशुल्क वितरण

اللغة النيبالية

# सर्व साधारण मुस्लिमहरु को लागि आवश्यक पाठहरुको व्याख्या

शैख: अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज

## شرح متن الدروس المهمة لعامة الأمة

للشيخ الإمام عبد العزيز بن باز رحمه الله
شرح الشيخ هيثم بن محمد جميل سرحان

लेखक:
शैख हैसम बिन जमील सरहान
शिक्षक: मस्जिद नब्वी शरीफ

# सर्व साधारण मुस्लिमहरु को लागि आवश्यक पाठहरुको व्याख्या

शैख: अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज


लेखक
हैसम बिन मोहम्मद जमील सरहान
शिक्षक मस्जिदे नब्वी शरीफ मदीना मुनव्वरह
प्रमुख: तासील अल-ईल्मी
http://attasseel-alelmi.com


غفر الله له ولوالديه ولمن أعانه على إخراج هذا الكتاب


هذه الطَّبعة وقفٌ لله تعالى

طبع على نفقة **فاطمة بنت جيلالي بن فريحة** رحمها الله وأسكنها فسيح جنَّاته

جميع الحقوق محفوظةٌ

إلَّا من أراد طبعه أو ترجمته لتوزيعه مجَّانًا بعد مراجعة المؤلِّف

الرَّجاء التَّواصل على:

*islamtorrent@gmail.com*

पहिलो संस्करण

सर्वाधिकार सुरक्षित
तर लेखक द्वारा अनुमति पछि जसले नि:शुल्क प्रकाशण तथा वितरण गर्ने छ।

सम्पर्क:
*islamtorrent@gmail.com*

فسح وزارة الإعلام بالمملكة العربية السعودية
संचार मंत्रालय सऊदी अरब द्वारा अनुमति प्राप्त

# प्रवेशिका

الحمد لله رب العالمين والعاقبة للمتقين وصلى الله وسلم على عبده ورسوله نبينا محمد وعلى آله وصحبه أجمعين، أما بعد:

इमाम अब्दुल अजीज इब्न बाज ले भन्नु हुन्छः
येस पुस्तिक मा सर्वसाधारण ले इस्लाम धर्म बारे जान्नै पर्ने कुराहरुको संक्षिप्त विवरण छ। पुस्तिका को नाम "सर्व साधारण मुस्लिम हरु को लागि आवश्यक पाठहरु" भनी रोजेको छु
अल्लाह ले यस पुस्तक लाई उपयोगी बनाउन् र मेरो यो मेहनत कबुल गरुन्।

## हामी यी आवश्यक पाठहरु किन पढ्छौ ?

किनकी लेखक को रोजाई र धर्मगुरु हरुको सल्लाह अनुसार यी पाठहरु अत्यन्तै महत्वपुर्ण छन्।

सर्व साधारण को लागि मात्र होइन बरू विद्धार्थीको लागी पनि उत्तिकै जरुरी छ त्यसैले विद्धार्थीले यो बिचार नगरोस् की यो किताब उसको स्तर भन्दा तल छ बरु त्यस संग यी पाठहरु बारे प्रश्न गरिनेछ , यदि अज्ञानी छ भने सर्वसाधारण मुस्लिम त्यस भन्दा राम्रै हो।

विद्धार्थी माथी जरुरी छ कि विनम्र स्वभाव को होस् र ज्ञान प्रति घमण्ड नगरोस् र अल्लाहको बाटो हिढ्ने ठुला विद्धान हरु को बाटो हिढोस्।

सहिह बुखारी मा "मुजाहिद" को सुक्ति छ कि "लजालु र घमण्डी ले ज्ञान प्राप्त गर्न सक्दैन"

## यी महत्व पुर्ण पाठहरु को विषय के हुन् ?

१. सलफ सालेह" (माननीय र गुणवान पुर्खाहरु) ले कुरान याद गर्ने, पढ्ने, त्यसमा विचार गर्ने र त्यसको आदेश–पलना गर्ने तरिका को बयान।
२. इस्लाम, इमान (आस्था) र ऐहसान (नम्रता र शिष्ट भएर अल्लाहको इबादत गर्नु) तोहिद र शिर्क को खुलासा।
३. नमाजको विधी
४. वुजु को विधी
५. इस्लाम धर्ममा वैधानिक बानी व्यवहार बसाल्ने प्रति प्रेरणा।
६. शिर्क र सबै थरी का पाप हरु बाट मनाहि।
७. जनाजा को विधी

## किन लेख को सुरवात 'बिस्मिल्लाह' बाट गरिन्छ ?

- कुरान र सन्देष्टा हरु को पालना मा।
- "हदीस" को पालना मा।
- बितिसकेका ठुला धर्मगरु हरुको अनुसरण मा।
- अल्लाह को नाम को आशिष् लिन लाई।

# पहिलो पाठ

## सुरह फातिहा र साना सुरहहरु

सुरह फातिहा र सुरत–अल–जिलजाल देखि सुरतुन्नास सम्म सा साना सुरहहरु मध्ये जे जति हुन सक्छ सहिह तरिका ले पढ्ने कंठ पार्ने र त्यस्को जरुरी व्याख्या बुझ्ने।

## विवरण

प्रत्यक दिन दस वटा आयत याद गर्नु, तफसीर बाट त्यसका संक्षिप्त व्यख्या बुझ्नु र अल्लाह बाट मदत मागेर ति आदेश हरु  लाई अभ्यास मा ल्याउन जरुरी छ।

## तफसीर को कुन किताब बाट विद्धार्थी ले शुरु गर्ने ?

शैख अब्दुर रहमान अल–सअदी को तफसीर "तैसीरु–ल–करीम अल–रहमान" बाट शरु गर्नु बेस हन्छ।

## किनकी

- धर्मगरुहरु ले यस किताबलाई रोचाउन्छन् र त्यको सुझाव पनि दिन्छन्।
- यो किताब छोटकारी मा हुदा प्राथमीक विद्धार्थी को लागि उपयुक्त छ।
- यस्को वाक्याहरु सजीलो र स्पष्ट छन्।
- अल्लाह को मदत ले यस किताब बाट कुरान बुझेर त्यस्को पालना गर्न सहज हुन्छ।
- लेखक को व्यख्यान गर्ने मुल धारणा तौहिद मा केन्द्रित छ।

## कुरान प्रति कति थरि का मानिष हरु छन् ?

कुरान प्रति मनिषहरु दुइ चरम पक्षिय र मध्य वर्ग मा विखण्डित छन्ः

| | | |
|---|---|---|
| पहिलो जसले कुरान लाई परित्यग गरेका छन् र कुरान को त्याग हुन्छः त्यसलाईः | दोस्त्रो जस्ले पढ्छ र कंठा पनि पार्छ तर त्यसमा विचार र त्यस्को पालना गर्दैन | तेस्त्रो जो यी दुई चरम पक्षिय को बिचमा छ जस्ले कुरान पढ्छ, कंठापार्छ, ध्यान र बिचार पनि गर्छ र अभ्यास मा ल्याउन अल्लाह बाट मदत को प्राप्तिकर्ता पनि हुनुहुन्छ । यौ अवस्था धर्मगुरु हरु को अनुसरण कर्ता हरु को थियो । |

| | | | | |
|---|---|---|---|---|
| नपढेर | कंठा नपारेर | विचार नगरेर | आज्ञा पालना नगरेर | आफ्नो (आत्मीक र जैविक) उपचार न गरेर |

अल्लाह ले भन्नु हुन्छ “र पैगम्बर (सन्देष्टा) ले भन्ने छ कि हे मेरा पालनकर्ता निःसन्देह मेरो जातिबन्धु ले यस कुरानलाइ त्यागी राखेका थिए” (फुरकानः ३०) । अल्लाहको सन्देष्टा (रसुल) को भनाइ छ कि “यस मान्छे (जुल–खुव्यैसरह) को वंसज मा यस्ता व्यक्तिहरु हुनेछन् जस्ले कुरान त पढ्नेछने तर त्यो तिनीहरुको घाँटी तल जाने छैन (अर्थात तिनीहरुले कुरान बुझ्ने छैनन्) मुस्लिमहरु लाइ मारने छन् र मुर्ती पजकहरुलाई छाडिदिनेछन् तिनीहरु इस्लाम धर्मबाट निस्किनेछन् जसरी वाण धनुष बाट निस्किन्छ यदि मैले तिनीहरुले पाये भने” आद –अलप भईसकेको अरब जाती) लाई मारिने झै मारनेछन् ।

## "तफसीर अल-साअदि " बाट छनोट गरिएका केहि पाठ र त्यस प्रति प्रश्नहरु
## (सुरह फतिहा को व्याख्या, यी मक्की हो)

﴿ بِسۡمِ ٱللَّهِ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ١ ٱلۡحَمۡدُ لِلَّهِ رَبِّ ٱلۡعَٰلَمِينَ ٢ ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ ٣ مَٰلِكِ
يَوۡمِ ٱلدِّينِ ٤ إِيَّاكَ نَعۡبُدُ وَإِيَّاكَ نَسۡتَعِينُ ٥ ٱهۡدِنَا ٱلصِّرَٰطَ ٱلۡمُسۡتَقِيمَ ٦ صِرَٰطَ
ٱلَّذِينَ أَنۡعَمۡتَ عَلَيۡهِمۡ غَيۡرِ ٱلۡمَغۡضُوبِ عَلَيۡهِمۡ وَلَا ٱلضَّآلِّينَ ٧ ﴾

१: म अल्लाहको सबै नाम हरु बाट शुरु गर्दछु किनकी "शब्द" एकवचन संलग्न (पुरक) हो त अल्लाहको सम्पुर्ण प्यारा र राम्रा नामहरुलाई समावेशी छ।

"अल्लाह" उनी पुजनीय छन् र उनी नै एक एकलै इबादत गरिने योग्य छन् र सम्पुर्ण इश्वरीय गुणहरु र श्रेष्ठता उनकै विषेशता हो। "ٱلرَّحۡمَٰنِ ٱلرَّحِيمِ " यी दुईटा नाम हुन् जस्को अर्थ हुन्छ कि अल्लाह महान  र दयावान हुनुहुन्छ उन्को दया र करुण सबै जन बस्तु र जिवन लाई विस्तृत छ, उनीले आफ्नो दाया पालना गर्ने, संयमी भक्तहरु इश्दुत र सन्देष्टा हरु को लागि निश्चित गरिदिइको छन् यीनीहरु कै लागि समस्त कृपा छन् र अरु को लागि त्यस्मा भागेदारी मात्र छ यो जानीराख्नुस कि दुनिया भरीका मुस्लिम समुदाय का धर्मगुरु एकमत छन् कि अल्लाह को नाम गुणहरु र त्यस प्रति निष्कासित जरुरी परिणामहरु मा आस्था राख्न जरुरी छ।

उदाहरण: अल्लाहको नामहरु मध्ये "रहमान" र "रहीम" नाम पनि हो यी नामहरुको अर्थ अत्यन्तै कृपालु र दयालु हुनु हो र त्यस्को प्रभाव दयनीय व्यक्ति सीत सम्बन्धीत हुन्छ किनकी सबै अशीष कृपा र इनामहरु उनकै दया को परिणाम हो।

यहि पद्धति उनको समस्त नामहरु मा पारी हुन्छ उनको नाम "अलीम" अर्थात सर्वज्ञाता र "कह्हार" अर्थात सर्वशक्तिमान आदी पनि हो।

२: (ٱلۡحَمۡدُ لِلَّهِ) "हम्द" भनिन्छ कि अल्लाहको सम्पुर्ण श्रेष्ट गुणहरु "हम्द" बाट अल्लाहको प्रशंसा गर्नु हो किनकी उनकै लागि समस्त र पुर्ण प्रशंसाहरु छन्।

३: (رَبِّ الْعٰلَمِیْنَ) अल्लाह नै "रब" मालिक हुनुहुन्छ र सारा संसार को हेरचाह गर्नु हुन्छ उनीले ले संसार र संसार म हुने रहने हरुको सृष्टी र रचना गरि जिवन बिताउन जिवीका उपकरण हरुको प्रबन्ध गर्नु भयो, त्यस बाहेक पनि ठुठुला इनाम र उपहार को वर्षा गर्नुभयो जस बिना जीवन अस्मभव हुन जान्छ त सम्पुर्ण कृपा अल्लाह तर्फ बाट नै हो।

अल्लाहले आफ्नो "सृष्टी" प्रति गर्ने हेरचाह अथवा "तरबियत" दुई थरिकाछन् आम "तरबियह" र खास "तरबियह"

आम "तरबियह" भनेको जिवजन्तु र प्राणीहरुको सृष्टि गरी जिवनवृति को बेवस्था गर्नु भयो र यस जिवनमा लाभदायक हुने (ज्ञान÷सामग्री) तर्फ मार्गदर्शन गर्नु भयो

खास "तरबियह" भनेको: अल्लाह ले उनको पालना गर्ने भक्तहरु लाई विश्वास, आस्था र अनुग्रह प्रदान सहित परिपुर्ण बनाउनु हुन्छ र आफु र भक्तहरु बिच आउने बाधा र रुकावट खतम पार्नु हुन्छ

यस "तरबियह" को वास्तविक्ताः सम्पुर्ण भलाई को बाटो देखाउनु र समस्त पाप र कुकर्म बाट बचाउनु हो।

यो वास्तक्ति नै रहस्या हो कि हामीले सन्देष्टा हरुले गर्ने धेरै जसो प्रथना याचना मा शब्द "रब" भेट्छौ किनकी उनीहरुले गर्ने सम्पुर्ण याचना "रुबुबियते खास्सह" अथवा खास "तरबियह" को माझमा पर्छ।

यसरी "रब्बिल आलमीन" ले साबित हुन्छ कि अल्लाह आफ्नो सृष्टि गर्ने शक्ति (संसारको सबै कार्य) को व्यवस्था गर्ने गुण र सम्पुर्ण कृपा सहित एक एक्लै र सर्व सम्पन्न हुनुहुन्छ। सारा संसार उनको महिमा सामु भिखारी हो।

४: (مٰلِكِ يَوْمِ الدِّيْنِ) हुकुम गर्ने, मनाहि गर्ने, सुकर्म को बदला दिने र कुकर्म गर्दा सजाय दिने र आफ्नो राज्य मा एकमात्र र परिपुर्ण रुपले हाकिम हुने लाई मालिक भनिन्छ।

"शब्द (नाम) मालिकलाई" "यौमिद्दीन" को पुरक को रुपमा प्रयोग गर्ने कारण यो अथ्र्याउनु हो की उनी कियामत" को दिन को पनि मालिक हुनुहुन्छ जुन दिन मानिषलाई राम्रो र खराब कार्य को बदला दिइनेछ त्यस दिन अल्लाहको राज्य शसन, न्याय र सर्वज्ञता सबैले देख्नेछन्, त्यस दिन मानिसहरु को राज्यको अन्त हुनेछ , राजा, प्रजा, स्वतन्त्र मानिष र गुलाम सबै समान स्तर मा उभिनेछन् सम्पुर्ण सृष्टि मनुष्य जाति उनको महान महिना महिमा अगाडि टाउको निहुरेको हालतमा पेश हुनेछन् आफ्नो सुकर्म र कुकर्म को बदला पर्खी बस्नेछन् र यातना र सजायबाट डराइरहेको हुन्छन्।

५: (إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ) अर्थात हामी तपाइ कै अराधना (इबादुत) गर्छौं र तपाइ बाट नै मद्दत चाहन्छौ, अरबी व्यकरण अनुसार "पछि पर्ने शब्दलाई वाक्यको शरुआत मा ल्याइयो भने त्यसको अर्थ त्यसमा नै केन्द्रित भइदिन्छ (र अरु कुनै अर्थको सम्भव रहदैन)"
त्यसैले त्यसको अर्थ हुन्छ कि मानौ भक्तले पुकारछ "हे अल्लाह हामी तपाइ कै नै उपासना गर्छै अरु कसैको गर्दैनौ र तपाइ सित नै मद्दत माग्दछौ अरु कोही सित माग्दैनौ"
आयतमा "इबादत" लाई "इस्तेआना" पुर्व नै उल्लेख गर्नु आम इबादत लाई खास इबादत अघि गर्नु हो अतः एव अल्लाहको हक अधिकार लाई भक्त को अधिकार माथी प्राथमित्ता दिनु हो।
"इबादत के हो: इबादत एक विस्मित शब्द हो जो अल्लाहले स्वीकार गर्ने सबै जाहेर जाहेर र गोप्य कर्मलाई शामेल छ,
"इस्तेआना के हो ? लाभ प्राप्त गर्ने र हानी बाट बाच्न लागि अल्लाहमा विश्पास, भरोसा र आस्था राख्नु।
"इबादत" र "इस्तेआना" गर्नु नै अनन्त सम्पन्न र आनन्द मय जीवन को प्राप्ती र दृष्ट र कष्ट बाट मुक्ति को साधन हो। इबादत तब सम्म मान्य हुदैन जब सम्म त्यो कार्य पुर्व रुपले अल्लाहको लागि र सन्देष्टा को आदेश अनुसार नहोस् इबादत को वैधताको लागी यी दुई शर्त जरुरी छन्।
आयतमा इबादत सगै इस्तेअआना को पनि कथन छ जबकी इस्तेआना इबादत को अर्थ मै गस्सिएको छ यसो गर्नुको कारण के हो भने वास्तवमा सम्पुर्ण इबादत अल्लाह को मदत र अशीष ले नै सम्पन्न हुन्छ यहा सम्म कि आदेश पालना र निषेधित कार्यको त्याग उनीके मदत ले सफल हुन्छ।

६: (اِهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ) हे अल्लाह हामीलाई सीधा र सत्यको बाटो देखाउनु होस्।
सत्यबाटो सत्य जानेर त्यस्को पालना गर्नु हो, सत्य बाटो ले नै अल्लाह तर्फ र स्वर्ग तर्फ लाग्नेछ। सत्य मार्ग पाउन इस्लाम धर्म स्विकारी अरु धर्म छाडनु जरुरी छ र त्यस मार्ग मा दिगो हुन लाई इस्लामीय विस्त्रित ज्ञान र अभ्यास अनिवार्य छ।
यो आयत एक भक्तलाई आवश्यक पर्ने अत्यन्तै लाभदायक र विस्त्रित प्राथना हो। त्यसैले यो आयत नमाज को प्रत्येक "रकअत" मा पढ्नु जरुरी छ।
सत्य बाटो को जनकारी निम्न लिखित आयत मा दिइयेको छ:

७: (صِرَاطَ الَّذِيْنَ اَنْعَمْتَ عَلَيْهِمْ) (सत्य बाटो) उनीहरुको मार्ग जसलाई तपाइले पुरष्कृत गर्नु भयो) जुन सन्देष्टा, सत्यनिष्ठ शहिद र सत्यकर्मी को बाटो हो

"غَيْرِ الْمَغْضُوْبِ عَلَيْهِمْ وَلَا الضَّآلِّيْنَ" (तिनीहरुको बाटो होइन जो माथी तपाइको क्रोध भयो) जस्ले सत्य बाटो जानेर पनि त्यस्को विरोध गर्यो जस्तो कि यहुदीहरुले र तिनीहरुको बाटो पनि होइन जस्ले अज्ञानता र अन्धकार मा परि सहिह मार्ग छोडि दियो जस्तो कि "क्रियिश्चियनहरु"

यो सुरह छोटकारीमा भएता पनि यसको विषयहरु अरु कुनै सुरहमा एक ठाउँमा छैनन् यो सुरह तौहिद (एकश्वरवाद) को तिन वटै किसिमलाई शामेल छ

"तौहिद–रुबुबियत" अर्थात अल्लाह लाई नै सृष्टि गर्ने, रचनाकार र मालिक मान्ने आस्था "रब्बिल आलमीन" बाट साबित हुन्छ । तौहिद उलुहियतः अर्थात अल्लाह ले नै एक र एक्लै पुज्य मान्ने आस्था महा शब्द "अल्लाह" बाट सिद्ध हुन्छ ।

तौहिद आस्मा व सिफातः अर्थात अल्लाहको नाम विशेषता र गुणहरुमा आस्था राख्नु "इय्याकनअ्बुदु व इय्याकनस्तइन" बाट प्रमाणित हुन्छ । यो आस्था राख्ने पद्धति के हो भने "अल्लाहले आफु बारे र दुत सन्देष्टाहरुले अल्लाह बारे जे जस्ता श्रेष्ठ गुणहरु र विशेषताहरु बयान गरेका छन् ति सबैलाई बिना कुनै थरीको निष्क्रमता बिना कसैको तुलना वा सहरमा मात्र सर्वश्रेष्ट अल्लाहको लागि उनको महिमा लायक साबित गर्नु र मान्नु हो, यी सबै नियम शब्द "हम्द" बाटै निश्चित छन् । "

"اِهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيْمَ" यसले इश्दुत र सन्देष्टाहरुको सत्यता प्रमाणित हुन्छ किनकी सत्य मार्गको ज्ञान उनीहरु बिना असम्भव छ ।

"मालिकि यव्मिद्दीन" यसले बदला दिइने दिन (यौमुल जजा) को सत्यता साबीत हुन्छ र बदला, फल न्याय पुर्ण दिइने छ किनकी "दिन" शब्दको अर्थ नै तेहि हो यसरी नै भाग्यलेखको र मानिस नै आफ्नो कार्यको जिम्मेवार हुन्छ भन्ने आस्था पनि सिद्ध हुन्छ (भाग्यको इन्कार गर्ने वा जिम्मेवार नमाने मत विपरित) ।

आयतमा सबै बिद्अती र अनास्थि की खण्डन पनि गरिएको छ यिनीहरु सत्यको पहिचान र त्यसको पालनाबाट धेरै टाढा हुन्छने ।

त्यसरी नै "اِيَّاكَ نَعْبُدُ وَاِيَّاكَ نَسْتَعِيْنُ" बाट प्रमाणित हुन्छ कि इबादत र इस्तेआनह पुर्णरुपले अल्लाहकै लागि हुन् ।

## अयतल कुर्सी

﴿ اَللّٰهُ لَاۤ اِلٰهَ اِلَّا هُوَ ۚ اَلْحَیُّ الْقَیُّوْمُ ۚ۬ لَا تَاْخُذُهٗ سِنَةٌ وَّلَا نَوْمٌ ؕ لَهٗ مَا فِی السَّمٰوٰتِ وَمَا فِی الْاَرْضِ ؕ مَنْ ذَا الَّذِیْ یَشْفَعُ عِنْدَهٗۤ اِلَّا بِاِذْنِهٖ ؕ یَعْلَمُ مَا بَیْنَ اَیْدِیْهِمْ وَمَا خَلْفَهُمْ ۚ وَلَا یُحِیْطُوْنَ بِشَیْءٍ مِّنْ عِلْمِهٖۤ اِلَّا بِمَا شَآءَ ۚ وَسِعَ كُرْسِیُّهُ السَّمٰوٰتِ وَالْاَرْضَ ۚ وَلَا یَـُٔوْدُهٗ حِفْظُهُمَا ۚ وَهُوَ الْعَلِیُّ الْعَظِیْمُ ۝۲۵۵ ﴾

नबी (स.) को भनाइ अनुसार यो आयत कुरआनको महान आयत मध्ये एक हो।

"अल्लाह" (اللّٰهُ) कै लागि उलुहियत (पुज्य हुनु) को सम्पुर्ण अर्थहरु हुन् उनी बाहेक कोहि पनि पुज्य छदै छैन, त्यसैले अल्लाह लाई छोडेर अरु कसैको पुजा, अराधना गलत, भ्रम र असत्य हो।

(اَلْحَیُّ) पुर्ण र सर्वश्रेष्ट जिवन को सम्पुर्ण गुण र विशेषताहरुको उनी नै योग्य हुनुहुन्छ। उनैको लागि सुन्ने सर्वशक्ति, निर्णय गर्ने सर्वशक्ति छन् उनी सर्वदर्शी, सर्व सामथ्र्य हुनुहुन्छ।

"अल–कय्युम" यो नाम सम्पुर्ण क्रियात्मक गुणहरु लाई शामेल छ , किनकी उनी "कय्युम" हुनुहुन्छ उनीलाई कोहिको पनि आवश्यक्ता छैन उनी स्वयम अस्तित्व छन्, बरु उनीले नै संसारमा हुने सबै वस्तु जिवजन्तु को रचना गरी ति सबै को संरक्षण गर्नु भयो र जिवन को निरन्तरता को लागि सम्पुर्ण जीविका को व्यवस्था गर्नु भयो।

"لَا تَاْخُذُهٗ سِنَةٌ وَّلَا نَوْمٌ" उनको सर्वश्रेष्ठ अस्तित्व नै हो र "कय्युम" हुने गुण नै हो कि उनीलाई न त अल्छि लाग्छ न त निन्द्रा आउँछ, अल्छि र निन्द्रा त कमजोर विवश र निर्बल मनुष्य लाई पो आउँछ।

अल्लाह नै आकाश र धर्ती र त्यस भित्रको सबै वस्तुको मालिक हुनुहुन्छ।

समस्त संसार र सम्पुर्ण जिवन जन्तु उनकै गुलाम र भक्त हुन् कोहि यस घेराबाट बाहिर छैन।

"اِنْ كُلُّ مَنْ فِی السَّمٰوٰتِ وَالْاَرْضِ اِلَّاۤ اٰتِی الرَّحْمٰنِ عَبْدًا"

उनी सबै राजाहरुको सम्राट हुन् शासन र सुलतानीका सर्वगुण उनकै लागि छन् संसारको व्यवस्था गर्ने हाकिम पनि उनीनै हुन् उनी सर्वश्रेष्ट उच्च हुनुहुन्छ।

कोहि पनि उनको अनुमति बिना सिफरिश गर्ने छैन, सबै ठुठुला सिफारीशीहरु र महान व्यक्तिहरु उनकै गुलाम हुन्। قُلْ لِّلّٰهِ الشَّفَاعَةُ جَمِیْعًا

अल्लाहको प्रसन्नता तौहिद मा आस्था राखी सन्देष्टाहरुको पालना गर्ने वालाहरुको लागि मात्र हो जो यो गुण विहिन छन् तिनीहरुको सिफरीश मा कुनै हक छैन।

त्यस पछि अल्लाहले भन्नुहुन्छ कि उनी सर्वज्ञ हुनुहुन्छ र उनको ज्ञान असिमित छ, भुत, वर्तमान र भविष्यकालको ज्ञान उनी सँगै छ उनको लागि कुनै भेद, भेद हुदैन। يَعۡلَمُ خَآئِنَةَ ٱلۡأَعۡيُنِ وَمَا تُخۡفِي ٱلصُّدُورُ कसैले पनि उनको ज्ञानको सीमा को कल्पना गर्न सक्दैन , उनले संसार र धर्म बारे प्रदान गर्नु भएको ज्ञान मात्र जान्न सकिन्छ र यो प्रदान गरिएको ज्ञान अल्लाह सर्वज्ञ को श्रेष्ठ ज्ञान को तुलना मा केहि पनि होइन , त्यसैले अल्लाह को सृष्टि मा ज्ञानी इश्दुत र सन्देष्टा हरु ले प्रार्थना गर्दै भन्ने गर्थे "سُبۡحَٰنَكَ لَا عِلۡمَ لَنَآ"

त्यस पछि अल्लाहले भन्नु हुन्छ कि उनी महान र भव्य महिान वाला हुनुहुन्छ र उनको कुर्सिले सम्पुर्ण आकाश र धर्तीलाई घेरेको छ , र उनीले सारा संसार र त्यस भित्र हरेक सम्पुर्ण जीव जन्तु वस्तु को सुरक्षा स्वयंम गर्नुहुन्छ त्यसको लागि अल्लाहले संसारीक कानुन र विधी कायम गर्नु भएको छन्।

तर पनि अल्लाह थाक्नुहुन्न किनकी उनी सबै भन्दा महान हुनुहुन्छ र उनको सर्वज्ञाता, भव्य महिमा र शसन परिपुर्ण छन्

उनी सम्पुर्ण सृष्टि भन्दा सर्वोच्च हुनुहुन्छ उनको सम्पुर्ण गुणहरु सर्वश्रेष्ट छन्, उनी सर्व शक्तिमान छन् उनकै लागि सम्पुर्ण जीवन को अधीकार छ, र उनी अगाडी सारा मनुष्य विनयशील छन्।

"अल्–अजीम" ٱلۡعَظِيمُ महानता, श्रष्ठता, गौरवता र विशिष्टता जस्तो सम्पुर्ण गुणहरु उनकै लागि छन् उनी अती सुन्दर छन् कि मन उनी तर्फ नै फर्किन्छ र आत्माहरु उनकै प्रतिष्ठा गर्दछन्।

ज्ञानी भक्तहरु यो जान्छन् कि महानता श्रष्ठता अगाडी सबै कमजोर छन्।

कुरआन को यो आयत सम्पुर्ण भव्य अर्थहरु लाई सम्मेलित छ तसर्थ यो कुरआन को महान आयत भएको हो, जसले पनि यस आयत लाई विचार पुर्वक बुझेर पढ्नेछ उसको मन ज्ञान, विश्वास र आस्था ले भरिनेछ र शैतान बाट सुरक्षित हुनेछ।

## सुरह जिल्जालको व्याख्या (यो मदनी सुरह हो)

﴿ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ○ اِذَا زُلْزِلَتِ الْاَرْضُ زِلْزَالَهَا ﴿١﴾ وَاَخْرَجَتِ الْاَرْضُ اَثْقَالَهَا ﴿٢﴾ وَقَالَ الْاِنْسَانُ مَا لَهَا ﴿٣﴾ يَوْمَئِذٍ تُحَدِّثُ اَخْبَارَهَا ﴿٤﴾ بِاَنَّ رَبَّكَ اَوْحٰى لَهَا ﴿٥﴾ يَوْمَئِذٍ يَّصْدُرُ النَّاسُ اَشْتَاتًا ۙ لِّيُرَوْا اَعْمَالَهُمْ ﴿٦﴾ فَمَنْ يَّعْمَلْ مِثْقَالَ ذَرَّةٍ خَيْرًا يَّرَهٗ ﴿٧﴾ وَمَنْ يَّعْمَلْ مِثْقَالَ ذَرَّةٍ شَرًّا يَّرَهٗ ﴿٨﴾ ﴾

(१,२) अल्लाहले यस सुरहमा कियामत को दिन बारे खबरदार गर्दै भन्नुहुन्छ कि जब यो धर्ती अन्तमा महाभुकम्पले लग लग हल्लिने छ, माथी बुनियाद र निमार्णहरु ढल्कनेछन्, ठुलठुला पहाडहरु थ्याच्चिने छन्, अग्ला अग्ला चुच्चाहरु जमीन समतल हुनेछन् र धर्ती तल माथी नभई बराबर हनेछ।

"وَاَخْرَجَتِ الْاَرْضُ اَثْقَالَهَا" धर्तीले आफु भित्र रहेको मुर्दा जिवहरु र खजाना लाई बाहिर फ्याल्ने छ।

(३) "وَقَالَ الْاِنْسَانُ مَا لَهَا" मानिस हरुले यी ठुलो घटना देखेर भयकम्प भई सोध्नेछन् कि यस लाई के भयो।

(४,५) "يَوْمَئِذٍ تُحَدِّثُ اَخْبَارَهَا"

धर्तीले त्यस दिन आफ्नो काखमा गरिने असल र कुकर्मी बारे गवाही दिनेछ – धर्ती पनि ती साक्षीहरु मध्ये हो जो मानिस को कर्म प्रति गवाह छन्।

"بِاَنَّ رَبَّكَ اَوْحٰى لَهَا" अल्लाहले धर्तीलाई हुकुम दिनुहुन्छ की त्यस माथी घटित सम्पुर्ण कार्य र कर्म बारे बयान गरोस् त धर्तीले इन्कार गरनेछैन।

(६) "يَوْمَئِذٍ يَّصْدُرُ النَّاسُ اَشْتَاتًا ۙ لِّيُرَوْا اَعْمَالَهُمْ" (अल्लाहले मानिसहरु बिच फैसला गर्ने बेला) मानिसहरु समुह–समुह भई आउनेछन् र अल्लाहले उनीहरुको सुकर्म र कुकर्मको बदला उनीहरुलाई देखाउनेछन्। "فَمَنْ يَّعْمَلْ مِثْقَالَ ذَرَّةٍ خَيْرًا يَّرَهٗ ﴿٧﴾ وَمَنْ يَّعْمَلْ مِثْقَالَ ذَرَّةٍ شَرًّا يَّرَهٗ"

यस आयतको अर्थ असल र गलत सबै कर्मलाई अभिप्रेत छ किनकी मानिसले गरेको कण बराबर कर्मको बदला दिइनेछ भने त्यस भन्दा ठुला कर्महरुको बदला झन् दिइनेछ, अल्लाह ले भन्नु हुन्छ।(يَوْمَ تَجِدُ كُلُّ نَفْسٍ مَّا عَمِلَتْ مِنْ خَيْرٍ مُّحْضَرًا), (وَوَجَدُوْا مَا عَمِلُوْا حَاضِرًا) यी आयत हरु ले राम्रो कर्म जति पनि देख्न मा सानो लागे पनि त्यसलाई गर्न प्रेरणा दिन्छ भने त्यस्तै नै गलत कर्म जति पनि सानो देखे पनि गर्नबाट डराउँछ।

## सुरह अल–आदियात (यो मक्की सुरह हो)

﴿ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ○ وَالْعٰدِيٰتِ ضَبْحًا ① فَالْمُوْرِيٰتِ قَدْحًا ② فَالْمُغِيْرٰتِ
صُبْحًا ③ فَاَثَرْنَ بِهٖ نَقْعًا ④ فَوَسَطْنَ بِهٖ جَمْعًا ⑤ اِنَّ الْاِنْسَانَ لِرَبِّهٖ لَكَنُوْدٌ ⑥ وَاِنَّهٗ عَلٰى
ذٰلِكَ لَشَهِيْدٌ ⑦ وَاِنَّهٗ لِحُبِّ الْخَيْرِ لَشَدِيْدٌ ⑧ اَفَلَا يَعْلَمُ اِذَا بُعْثِرَ مَا فِى الْقُبُوْرِ ⑨ وَحُصِّلَ
مَا فِى الصُّدُوْرِ ⑩ اِنَّ رَبَّهُمْ بِهِمْ يَوْمَئِذٍ لَّخَبِيْرٌ ⑪ ﴾

(१) घोडाहरु भीत्र अल्लाहको ठुला निशनीहरु र आशीषहरु सबैले जाने कै छन् घोडा को विशेषताहरु अरु कुनै जनावरमा पाइदैन तसार्थ अल्लाहले घोडाको कसम खानु भएको छन् ।
(وَالْعٰدِيٰتِ ضَبْحًا)अर्थात तिब्र गतिले जोर सित दौडिने घोडाहरु र त्यसकारण तीनीहरुको छातीले उत्पन्न हुने हस्याङ फस्याङको आवाज ।
(२) (فَالْمُوْرِيٰتِ قَدْحًا) अर्थात ति घोडाहरुको दौडिने तिव्रताले खुर र नालको ठोक्कर ले अग्निका झिल्काहरु निस्किन्छन् ।
(३) (فَالْمُغِيْرٰتِ صُبْحًا) अर्थात बिहानै शत्रुहरु माथी हमला गर्दछन् (थरी चलन व्यापतु छ)
(५,६) (فَوَسَطْنَ بِهٖ جَمْعًا,فَاَثَرْنَ بِهٖ نَقْعًا)र हमला गर्दै दौडिदै धुला उडाउदै जान्छन् । र शत्रुको सेना भित्र पस्छन् ।

अल्लाहले यी सबै कसम पछि भन्नुहुन्छ (اِنَّ الْاِنْسَانَ لِرَبِّهٖ لَكَنُوْدٌ) कि मानिस आफ्नो पालनकर्ता प्रति उनीले प्रदान गर्नु भएके अशिषहरु प्रति अकृतज्ञ छ । मानिसको व्यवहार नै यस्तै हो अरु को शारिरीक र आर्थिक हक अधिकार पुर्ण रुपले पुरा नगर्नु र अल्छि र अलमल गर्नु मानिसको स्वभाव र बानी हो, सिवाय जस्लाई यस्ता व्यवहार बाट अल्लाहले जोगउनु हुन्छ त उसले पुर्ण हक पुरा गर्छ ।

(७) (وَاِنَّهٗ عَلٰى ذٰلِكَ لَشَهِيْدٌ) र मानिस आफ्नो नकारात्मक भाव र कृतज्ञता जस्ता बानी को आफै साक्षी हो र यस्ता बानी उसको व्यवहार मा स्पष्ट भएतापनि त्यस्को आलोचन र इन्कार गर्दैन । यो आयत को एउटा अर्थ भयो।

(अर्को अर्थ) यदि शब्द “इन्नहु” को अर्थ को केन्द्र अल्लाहलाई बनाइयो भने अर्थ हुन्छ कि: मानिस आफ्नो पालनकर्ता को कृतज्ञन रहेको छ र अल्लाह त्यस प्रति गवाह हुनुहुन्छ, यसरी यस आयतमा आफ्नो पालनकर्ता प्रति अकृतज्ञ रहेका मानिसअरु को लागि खतरा जनाइएको छ ।

(८) (وَإِنَّهُ لِحُبِّ الْخَيْرِ لَشَدِيدٌ) र मानिस धनको अत्यन्तै लोभी हो, त्यहि लोभ को कारण अरु प्रति अनिवार्य हक अधिकार पनि हनन् गरी खान्छ, र पालनकर्ता को इच्छा र आदेश माथी आफ्नो चाहना उल्लास लाई प्राथमिक्ता दिन्छ किनकी यस जीवन लाई नै आफ्नो आकांक्षा बनाइ परलोक को वास्तै गर्दैन।

(९,१०)यसै कारण अल्लाहले सजाय को दिन बाट होशियार गर्दै भन्नुहुन्छः(أَفَلَا يَعْلَمُ إِذَا بُعْثِرَ مَا فِي الْقُبُورِ) के भ्रम जाल मा अल्झेका मानिसलाई थाहा छैन कि अल्लाह मुर्दाहरुलाई जिवत पारी चिहान बाहिर निकालेर जम्मा गर्नु हुनेछन् (وَحُصِّلَ مَا فِي الصُّدُورِ)

मानिसको मनमा रहेको पाप र पुण्य, असल र खराब भेदहरु प्रष्ट हुनेछन्, खुल्नेछन्, गोप्य कुराहरु जाहेर हुनेछन् र मनुष्यले आफ्नो कर्मको फल प्रष्ट देख्नेछ।

(११) (إِنَّ رَبَّهُم بِهِمْ يَوْمَئِذٍ لَّخَبِيرٌ) अल्लाह लाई सम्पुर्ण खुल्ला र गोप्य कार्य रहस्य र प्रष्टकुरा सबै थाहा छ र त्यसकै बदला दिइनेछ सारा बखत अल्लाहलाई मानिसको कार्य कर्म बारे ज्ञान हुन्छ, ता पनि आफ्नो सर्वज्ञता, सोही दिन सँग जोडेर बताउने कारण यो बयान गर्नु हो कि कर्मको बदला अल्लाहको ज्ञानको आधार मा हुनेछ (मानिसको जानेको वा विर्सेको भर मा हुदैन)

## सुरह अल्–कारिअह्

﴿بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ○ اَلْقَارِعَةُ ① مَا الْقَارِعَةُ ② وَمَآ اَدْرٰىكَ مَا الْقَارِعَةُ ③
يَوْمَ يَكُوْنُ النَّاسُ كَالْفَرَاشِ الْمَبْثُوْثِ ④ وَتَكُوْنُ الْجِبَالُ كَالْعِهْنِ الْمَنْفُوْشِ ⑤ فَاَمَّا
مَنْ ثَقُلَتْ مَوَازِيْنُهٗ ⑥ فَهُوَ فِيْ عِيْشَةٍ رَّاضِيَةٍ ⑦ وَاَمَّا مَنْ خَفَّتْ مَوَازِيْنُهٗ ⑧ فَاُمُّهٗ
هَاوِيَةٌ ⑨ وَمَآ اَدْرٰىكَ مَا هِيَهْ ⑩ نَارٌ حَامِيَةٌ ⑪﴾

(१–३) (اَلْقَارِعَةُ)कियामत अथवा प्रलय को दिनको नाम हरु मध्ये एक नाम हो किनकी त्यस भयांकर दिनबाट मानिसहरु भयाकित हुन्छन् त्यसै कारण त्यस दिनलाई विशाल दिन भनिएको छ, भन्नु हुन्छ (اَلْقَارِعَةُ، مَا الْقَارِعَةُ، وَمَآ اَدْرٰىكَ مَا الْقَارِعَةُ)।

(४) (يَوْمَ يَكُوْنُ النَّاسُ كَالْفَرَاشِ الْمَبْثُوْثِ)मानिसहरु त्यस दिन डरले भयभित भइ कीरा फट्याङग्रा जस्तै एक अर्क सीत ठोक्किडै छरिएका हुन्छन् "फराश" यस्तो किरालाई भनिन्छ जुन रात्रि बेला सलबलाउछन् र अज्ञात तर्फ उछिट्टिन्छन् र आगो देख्यो कि त्यसमा जलेर भस्म हुन्छन् किनकी ती किरा हरु सँग त्यको चेतना हुदैन, यस्तै हालत त्यस दिन बुद्धि भएको मानिसको हुनेछ

(५) (وَتَكُوْنُ الْجِبَالُ كَالْعِهْنِ الْمَنْفُوْشِ)त्यस दिन ठोस चट्टानी र चेतनाविहिन पहाडहरु धुविएको कपास झै यताउता उडने छन् अत्यन्तै हलुका हुन भएकोले मधुर हावाले पनि जतातते उडाउदै चल्छ।

अल्लाह ले भन्नु हुन्छः (وَتَرَى الْجِبَالَ تَحْسَبُهَا جَامِدَةً وَّهِيَ تَمُرُّ مَرَّ السَّحَابِ)

त्यस पछि ति धुविएका पहाडहरु धुलो बनी नष्ट हुन्छन् र केहि पनि बाँकी रहने छैन त्यसबेला फैसला गर्न निम्ती तराजु उठाइने छ मनुष्य जाती भाग्यमानी र अभागी मा विभाजित गरिनेछ।

(६–७) (فَاَمَّا مَنْ ثَقُلَتْ مَوَازِيْنُهٗ، فَهُوَ فِيْ عِيْشَةٍ رَّاضِيَةٍ) जसको असल र सुकर्म को पल्ला अथवा वजन त्यस्को कुकर्म भन्दा गरु ङगो हुनेछ ऊ स्वर्गमा जानेछ।

(८–११) र जसको खराब र कुकर्म उसको असल कर्म भन्दा धेरै हुनेछ।
त्यसको बासस्थान नर्कको आगो हुनेछ जसलाई "हावीय" पनि भनिन्छ त्यस आगोमा ले उसलाई आमाले आफ्नो बच्चालाई च्यापने झै च्याप्नेछ।
अल्लाहले भन्नु हुन्छः (إِنَّ عَذَابَهَا كَانَ غَرَامًا) आयतको अर्थ मा यो पनि भनिएको छ कि उसलाई टाउको तिर बाट आगो मा हालिनेछ र उसको मगज आगोमा ओइरिनेछ।
(وَمَآ أَدْرَىٰكَ مَا هِيَهْ) यस आयतमा "हाविया" को भयवहिता बताइएको छ।
(نَارٌ حَامِيَةٌۢ) त्यो आगो अत्यन्तै दन्कदो आगो हुनेछ र त्यसको जलाउने क्षमता यस धर्तीको आगोबाट सत्तर गुणाले बढी हुनेछ।

## सुरह तकासुर

﴿ بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ اَلۡهٰىكُمُ التَّكَاثُرُ ۙ① حَتّٰى زُرۡتُمُ الۡمَقَابِرَ ؕ② كَلَّا سَوۡفَ
تَعۡلَمُوۡنَ ۙ③ ثُمَّ كَلَّا سَوۡفَ تَعۡلَمُوۡنَ ؕ④ كَلَّا لَوۡ تَعۡلَمُوۡنَ عِلۡمَ الۡيَقِيۡنِ ؕ⑤ لَتَرَوُنَّ الۡجَحِيۡمَ ۙ⑥ ثُمَّ
لَتَرَوُنَّهَا عَيۡنَ الۡيَقِيۡنِ ۙ⑦ ثُمَّ لَتُسۡـئَلُنَّ يَوۡمَئِذٍ عَنِ النَّعِيۡمِ ⑧ ﴾

(१) एक अल्लाहको पुजा, उपासना, ज्ञान छोडेर, उनी तर्फ म फर्केर र अल्लाहको प्रमलाई अरु कुरा भन्दा प्राथमिक्ता न दिएर यस दुनियाको माया जालमा फंसेर व्यस्त हुन गएको ले अल्लाहले मनुष्यको यस चालको
निन्दा गर्दै भन्नुहुन्छः (اَلۡهٰىكُمُ التَّكَاثُرُ)
अत्यधिक चाहनाले तिमीहरुलाई भुलाइ राखेको छ ”
त्यो चाहनाहरुको घेरामा सबैथोक इच्छा उल्लास सामेल हुन्छ जस्तो कि धन, सन्तान समर्थकहरुको ताती, फौज, गुलाम र आदर सम्मान इत्यदि कुराहरु जस्लाई प्राप्त गरि मानिस अल्लाह सामु विनम्र हुन बिर्सिन्छ र घमण्डी र सेखीवाला बन्न पुग्छ।

(२) (حَتّٰى زُرۡتُمُ الۡمَقَابِرَ) तिमीहरु यत्तिको विवेकहीन, लापरवाह र व्यस्त हुन्छौ कि चिहान सम्म पुग्छौ त्यस बेला तिम्रो भम्रजाल नष्ट हुन्छ र सत्य स्पष्ट हुन्छ, तर त्यसबेला सम्म धैरै ढिलो भइसकेको हुन्छ र फेरी सांसारीक जिवन मा फिर्ता आउन असम्भव हुन्छ।
यस आयतले यो पनि स्पष्ट हुन्छ कि पछि मानिस “बरजख” (मरे पछि देखि प्रलयको) दिनसम्मको समय) मा जान्छ किनकी अल्लाहले मरनेवाला लाई “जाइरीन” अर्थात “आगन्तुक” भन्नु भएको छन् “मुकिम” अर्थात “स्थायी बासी” भन्नु भएको छैनन्।

यस कुराले साबित हुन्छ कि “बअस” (फेरी जिवीत हुने कम्र) र कार्य–फल कहिले समाप्त नहुने

अनन्त जिवनमा हुनेछ।

(३–६) त्यसै कारण अल्लाहले चेतावनी दिंदै भन्नु हुन्छः

(كَلَّا سَوْفَ تَعْلَمُونَ. ثُمَّ كَلَّا سَوْفَ تَعْلَمُونَ. كَلَّا لَوْ تَعْلَمُونَ عِلْمَ الْيَقِينِ)

अर्थातः हे मनुष्य यदि तिमीहरुलाई ज्ञान भइदेको भए कि आइन्दा जिवन मा के आउने वाला छ , तिमीहरु घमण्ड नगरी सुकर्म र असल कार्यको पालनामा हतार गर्थेउ। तर तिम्रो अज्ञानता ले तिमीहरुलाई यहा सम्म पुर्याउने छ कि तिमीहरुले नर्क को आगो देख्ने छौ।

(لَتَرَوُنَّ الْجَحِيمَ) अर्थातः कियामत को दिन र नर्क देख्ने छौ जुन काफिरहरुको बास स्थान को ठाउँ हो।

(७) (ثُمَّ لَتَرَوُنَّهَا عَيْنَ الْيَقِينِ) तिमीहरुले आफ्नो यै आँखाले नर्क देख्नेछौ।

अल्लाहले भन्नुहुन्छः (وَرَأَى الْمُجْرِمُونَ النَّارَ فَظَنُّوا أَنَّهُمْ مُوَاقِعُوهَا وَلَمْ يَجِدُوا عَنْهَا مَصْرِفًا)

(८) (ثُمَّ لَتُسْأَلُنَّ يَوْمَئِذٍ عَنِ النَّعِيمِ) तिमीहरुले यस दुनियामा जे जति अशीष र अनुग्रह हरुको मज्जा उठायौ के त्यसको लागि कृतज्ञता जनायौ, र पाप कर्ममा त्यसलाई प्रयोग गरेनौ र तिमीहरु माथी अल्लाहको अधिकार थियो त्यो पुरा गर्यौं ? त तिमीहरुलाई त्यस भन्दा बडा र उत्तम बदला दिइयोस् ?

वा तिमीहरुले उपहारहरु प्रति कृतज्ञता जनाएनौ बरु पाप–कार्यमा त्यसलाई प्रयोग गर्यौ त तिमीहरु लाई त्यसको सजाय दिइयोस् ?

अल्लाहले भन्नुहुन्छः

(وَيَوْمَ يُعْرَضُ الَّذِينَ كَفَرُوا عَلَى النَّارِ أَذْهَبْتُمْ طَيِّبَاتِكُمْ فِي حَيَاتِكُمُ الدُّنْيَا وَاسْتَمْتَعْتُمْ بِهَا فَالْيَوْمَ تُجْزَوْنَ عَذَابَ الْهُونِ بِمَا كُنْتُمْ تَسْتَكْبِرُونَ فِي الْأَرْضِ بِغَيْرِ الْحَقِّ وَبِمَا كُنْتُمْ تَفْسُقُونَ)

## सुरह अल् अस्र

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ وَالۡعَصۡرِ ① اِنَّ الۡاِنۡسَانَ لَفِىۡ خُسۡرٍ ② اِلَّا الَّذِيۡنَ اٰمَنُوۡا
وَعَمِلُوا الصّٰلِحٰتِ وَتَوَاصَوۡا بِالۡحَقِّ ۙ وَتَوَاصَوۡا بِالصَّبۡرِ ③﴾

(१–३) अल्लाहले यी आयतहरुमा रात दिन को कसम खानु भएको छन् तै रात दिन मानिसले गर्ने कर्मको समय थल हो।

भन्नुहुन्छ कि "मानव जाती घाटामा छ"

घाटा वा हानी बेहोर्ने लाभ प्राप्ती विपरित हो। नुकसान, हानि पनि विधिन्न थरिका हुन्छन्।

केहि आफ्नो जिवनकाल र परलोकवास दुवै मा पुर्ण रुपले बर्बाद हुनेछ , स्वर्ग गुमाएर नर्क मा फ्यालिदिने छ।

कोहिले मात्र केहि पक्षहरुमा घाटा र हानी भोग्नेछ त्यसै कारण अल्लाहले प्राय जसो सबै मानिस घाटामा हुने बताएका छन्। तर जुन मानिसमा आयतमा उल्लेखित चार गुणहरु छन् तिनीहरु घाटा र हानी मा हुनेछैनन्।

- ❖ अल्लाहले जे पनि जस्तो इमाम र आस्था स्विकार गर्न आदेश दिएको छन् त्यसलाई विवेक पुर्वक स्विकार गर्नु, किनकी ज्ञान इमानको शाखा हो।
- ❖ सुकर्म गर्नु, अनिवार्य होस् वा इच्छनिर्भरता अनुसार होस् (मुस्तहब), अल्लाहको अधिकार सम्बन्धित होस् वा
  भक्तहरुको आपसी अधिकार सम्बन्धित, खुला र जाहेर कार्य होस् वा गोप्य कर्म, सबै आदेश का पालना गर्नु।
- ❖ सत्यको उपदेश दिनु आस्था र असल कर्म हो त्यसैले सत्यताको लागि प्रेरणा र अभिलाषा दिनु।
- ❖ धैर्यको उपदेश दिनु, यो धीरता अल्लाहको आज्ञा पालनमा, पाप र खराब कर्मबाट टाढा हुनुमा र दुख कष्टको अवस्था मा हुनुपर्छ।
  अघिल्लो दुईटा कर्मले स्वयम मानिसको व्यक्तित्व परिपुर्ण हुन्छ भने पछिल्लो दुईटा गुणले अर्काको व्यक्तित्व परिपुर्ण पार्छ।
  यी चारबुँदे नितीले मानिस हानि, नोक्सानबाट सुरक्षित हुन्छ र विशाल लाभ र उपहार प्राप्त गर्दछ।

## सुरह अल् होमजा

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ وَيۡلٌ لِّكُلِّ هُمَزَةٍ لُّمَزَةِ ۟ۙ ﴿١﴾ الَّذِىۡ جَمَعَ مَالًا وَّعَدَّدَهٗ ۙ ﴿٢﴾
يَحۡسَبُ اَنَّ مَالَهٗۤ اَخۡلَدَهٗ ۚ ﴿٣﴾ كَلَّا لَيُنۡۢبَذَنَّ فِى الۡحُطَمَةِ ﴿٤﴾ وَمَاۤ اَدۡرٰىكَ مَا الۡحُطَمَةُ ﴿٥﴾ نَارُ اللّٰهِ
الۡمُوۡقَدَةُ ۙ ﴿٦﴾ الَّتِىۡ تَطَّلِعُ عَلَى الۡاَفۡـِٕدَةِ ؕ ﴿٧﴾ اِنَّهَا عَلَيۡهِمۡ مُّؤۡصَدَةٌ ۙ ﴿٨﴾ فِىۡ عَمَدٍ مُّمَدَّدَةٍ ﴿٩﴾﴾

(१) (وَيۡلٌ) सास्ती पीडा र कठोर यातना छ।

(لِّكُلِّ هُمَزَةٍ لُّمَزَةِ) जसले आफ्नो बोलले अरुको अवगुण लाई फैलाउन्छ। "همّاز" भनिन्छ जस्ले अर्कालाई खोट लाउन्छ र आफ्नो क्रियाकलापले उसको आक्षेपण गर्छ। "لمّاز" भनिन्छ जस्ले आफ्नो बोलीले अर्कालाई खोट लाउन्छ।

(२) यी दुई आचरण बोकेको मानिसहरु (हम्माज , लम्माज) को कर्तव्य मात्र धन बटुल्ने र (लालस साथ) गन्ने र घमण्ड गर्नु हो, यस्ता मानिसहरु लाई आफ्नो धन सम्पत्ति भला कार्य र आफन्तहरु माथी खर्च गर्ने कुनै चाहना हुदैन।

(३) (يَحۡسَبُ اَنَّ مَالَهٗۤ اَخۡلَدَهٗ) अज्ञानताको कारण ले उसले यो अडकल गरेको छ कि उसको धन सम्पत्ति ले उसलाई यस दुनियामा अमर बनाइदिनेछ, त्यसैले त्यसको ओहोर–दोहोर र परिश्रम धन उन्नतिको लागि मात्र हुन्छ। भ्रम जालमा अल्झेको छ कि त्यसले उसको जिवन काल बढ्नेछ। जबकी उसलाई थाहा छैन कि कन्जुस्याइ र लालस ले जिवान काल कम गर्दिन्छ, र घर परिवार बर्बाद पार्छ, जिवन काल त असल कर्मले बढाउछ।

(४–७) (كَلَّا لَيُنۡۢبَذَنَّ فِى الۡحُطَمَةِ.وَمَاۤ اَدۡرٰىكَ مَا الۡحُطَمَةُ) कदापी होइन बरु निश्चय नै फ्यालिनेछ। "हुतमह" मा र "हुमजह" कुनै विशाल र भयंकर वस्तु हो त्यसैले पछि त्यस्को जानकारी दिदै भनियोः "نَارُ اللّٰهِ الۡمُوۡقَدَةُ" अल्लाहले सृष्टि गर्नु भएको दन्कदो आगो हो जसको इन्धनन मनुष्य र ढुङ्गहरु हुनेछन्। "الَّتِىۡ تَطَّلِعُ عَلَى الۡاَفۡـِٕدَةِ" त्यस आगोको जलाउने चरम रात्री शरीर भित्र मुटु सम्म पस्नेछ।

(८ ) त्यस भयंकर आगोको उष्णमा तिनीहरु आबुद्ध हुनेछन् र त्यहा बाट बाचेर निस्कनबाट निराश हुनेछन् – त्यसैले भनियोः

"اِنَّهَا عَلَيۡهِمۡ مُّؤۡصَدَةٌ. فِىۡ عَمَدٍ مُّمَدَّدَةٍ" ठुला ठुला स्तम्भहरु बिच थुनिए तिनीहरु त्यहा बन्द हुनेछन्।

"كُلَّمَاۤ اَرَادُوۡۤا اَنۡ يَّخۡرُجُوۡا مِنۡهَاۤ اُعِيۡدُوۡا فِيۡهَا"

## सुरह फील

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ اَلَمۡ تَرَ كَيۡفَ فَعَلَ رَبُّكَ بِاَصۡحٰبِ الۡفِيۡلِ ① اَلَمۡ يَجۡعَلۡ
كَيۡدَهُمۡ فِىۡ تَضۡلِيۡلٍ ② وَّاَرۡسَلَ عَلَيۡهِمۡ طَيۡرًا اَبَابِيۡلَ ③ تَرۡمِيۡهِمۡ بِحِجَارَةٍ مِّنۡ سِجِّيۡلٍ ④
فَجَعَلَهُمۡ كَعَصۡفٍ مَّاۡكُوۡلٍ⑤﴾

(१–५) के तिमीले अल्लाहको महानता, शक्ति र भक्तहरु माथी उनको दया देखेनौ ?
के तिमीहरुले तौहिद (एकेश्वरवाद) र मुहम्मद (स.) को दुतत्वको सत्यता भेटेनौ ?
(यसो हो भने विचार गर) जब अल्लाहले हात्तीवाला हरु सँग तिनीहरुको कर्म अनुसार व्यवहार गरे। ति हात्तीवालाहरुले पवित्र मक्का लाई ध्वस्त पार्ने षडयन्त्र रचेका थिए।
र काबा भत्काउन हात्तीहरुको बगाले बगाल र यमनी र हबशीहरु को अरबले कहिले न देखेको विशाल सेना ल्याएका थिए।
जब तिनीहरु मक्का नजीक पुगे मक्का बासीहरु डरले मक्का बाहिरिए किनकी ति अरब सीत रक्षाबाल नै थिएन।
त्यै बेला अल्लाहले तिनीहरु विरुद्ध हुलका हुल पंक्षीहरु पठाए, ति पंक्षीहरु संग (पंजामा) मट्याङ्ग्रा थिए जसले तिनीहरुलाई हिर्काइरहेका थिए (हेर्दाहेर्दै) ती सासाना मट्याङ्ग्राले नजिक टाढा सबैलाई झ्याप्पै छोप्यो यसरी पुरा सेनाबल नाश भई निस्तेज भए र जनावरले चबाएको भुष झै भए।
यसरी अल्लाहले तिनीहरुको दुष्टकर्मको बदला दिनुभयो र तिनीहरुले रचेको षड्यन्त्र तिनीहरु तिर नै पल्टियो।
यो घटना सबैले जानेको प्रख्यात घटना हो। सोही वर्ष अल्लाहको सन्देष्टा को जन्म भयो र यहि घटना उहाँको दूतत्व र अह्वान कार्यको सत्यताको प्रमाण हो।

## सुरह कुरैश

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ لِاِيۡلٰفِ قُرَيۡشٍ ① اٖلٰفِهِمۡ رِحۡلَةَ الشِّتَآءِ وَالصَّيۡفِ ②
فَلۡيَعۡبُدُوۡا رَبَّ هٰذَا الۡبَيۡتِ ③ الَّذِيۡۤ اَطۡعَمَهُمۡ مِّنۡ جُوۡعٍ ۙ وَّاٰمَنَهُمۡ مِّنۡ خَوۡفٍ ④﴾

(१–४) धेरैजसो व्याख्याकारले भन्छन् कि शब्द “लिईलाफ” मा “लाम” हरफ “जार” (अरबी व्याकरणमा माने अथ्र्याउन लागि प्रयोग हुने शब्द हो) र “इलाफ” मजरुर (हरफ लाम सम्बन्धित) हो यसरी यो शब्द पहिलो सुरह सँग सम्बन्धित हुन्छ र अर्थ हुन्छ कि: “हामीले हात्तीवाला संग जे गरे यीनी कुरैश वंशको सुरक्षाको लागि गरे र तिनीहरु प्रति दुष्ट विचार गर्नेवालाहरुलाई नष्ट पारि मक्का र मक्का बासी को कदर र सम्मान अरबीहरुको मनमा बसाइदिनु भयो यस कारण “कुरैश” वंशको लाभ स्थापित भयो र गर्मीमा “शाम” र जाडोमा “यमन” तर्फ शान्तिमय व्यपारिक यात्रा गर्न थाले।

तसर्थ अल्लाहले उनीहरुलाई कृतज्ञरहने आदेश दिनुभयो, भन्नु हुन्छः

“فَلۡيَعۡبُدُوۡا رَبَّ هٰذَا الۡبَيۡتِ”

शिष्टता साथ एक अल्लाहको इबादत गर

“الَّذِيۡۤ اَطۡعَمَهُمۡ مِّنۡ جُوۡعٍ ۙ وَّاٰمَنَهُمۡ مِّنۡ خَوۡفٍ” अर्थात (जसले तिमीहरुलाई भोकमरी बाट बचाएर खाना खुवाए र भय बाट बचाएर शान्ति प्रदान गरे) त्यसैले सुविस्ता जिवन यापन र भयबाट शान्ति यस संसारमा ठुलो उपहार हो जसले अल्लाह प्रति कृतज्ञ रहने अनिवार्य गर्छ।

अल्लाहले “काबा”को सम्मान र प्रतिष्ठा बताउन लाई आफुलाई “काबा”को रब र मालिक भन्नु भएको छन् अन्यथा त अल्लाह सारा संसार को मालिक हुन्।

हे अल्लाह तपाइ ले प्रदान गर्ने खुला र गोप्य सम्पुर्ण आशीष र अनुग्रह प्रति तपाइकै लायक सम्पुर्ण प्रसंसा र कृतज्ञता छन्।

## सुरह माऊन

﴿بِسْمِ اللهِ الرَّحْمٰنِ الرَّحِيْمِ ○ اَرَءَيْتَ الَّذِیْ يُكَذِّبُ بِالدِّيْنِ ① فَذٰلِكَ الَّذِیْ يَدُعُّ
الْيَتِيْمَ ② وَلَا يَحُضُّ عَلٰى طَعَامِ الْمِسْكِيْنِ ③ فَوَيْلٌ لِّلْمُصَلِّيْنَ ④ الَّذِيْنَ هُمْ عَنْ
صَلَاتِهِمْ سَاهُوْنَ ⑤ الَّذِيْنَ هُمْ يُرَآءُوْنَ ⑥ وَيَمْنَعُوْنَ الْمَاعُوْنَ ⑦﴾

(१) अल्लाहको अधिकार हक पुरा नगर्ने र मानिसको हक हरण गर्नेवाला निन्दा गर्दै भन्नुहुन्छः "اَرَءَيْتَ الَّذِیْ يُكَذِّبُ بِالدِّيْنِ" अर्थात (के तिनीले न्यायको दिनलाई मिथ्य ठहर गर्ने व्यक्तिलाई देख्यौ) जसले मृत्युपछि जिवित हुने र बदला को दिनको इन्कार गर्छ र सन्देष्टाहरुले बताएका कुरामा आस्था राख्दैन।

(२) "فَذٰلِكَ الَّذِیْ يَدُعُّ الْيَتِيْمَ" त्यस्ता व्यक्तिलाई कुनै फलको आशा र कुनै सजायको डर हुदैन र कठोर मन हुनाले अनाथलाई हेप्छ, दुष्ट व्यवहार गर्छ र ऊ माथी दया गर्दैन।

(३) "وَلَا يَحُضُّ عَلٰى طَعَامِ الْمِسْكِيْنِ" जसले दिनःदुखी निमुखोलाई खुवाउन अरुलाई प्ररणा दिदैन त स्वयम कसरी उनीहरुलाई खाना खुवाउन सक्ला !

(४–५) "فَوَيْلٌ لِّلْمُصَلِّيْنَ. الَّذِيْنَ هُمْ عَنْ صَلَاتِهِمْ سَاهُوْنَ" जसले नमाज जस्तो इबादत लाई भवाभडे पार्छन, त्यसको निर्धारित समयमा पढ्दैनन् पढे पनि त्यसको "अरकान" राम्ररी पुरा गर्दैनन् किनकी तिनीहरु नमाज जस्तो महत्वपुर्ण अनुसरण कार्य बारे लापर्वाही गर्छन् र अल्लाहको आदेश पालना गर्दैनन्।

नमाज प्रति जानी जानी गलती गर्नेवालाहरु दोषी र निरादर छन् तर नमाज पढी रहेको बेला अबोधमा गल्ती र भुल भयो भने केहि दोष हुदैन किनकी यस्ता गल्ती प्राय जसो बाट भइरहन्छ।

(६–७) त्यसैले अल्लाहले नमाज प्रति लापर्वाही गर्ने वालाहरुलाई देखावटी को लागि मात्र नमाज पढ्ने र कठोर र दयाहीन हुजे भन्नु भएको छन् भन्नु हुन्छ कि: "الَّذِيْنَ هُمْ يُرَآءُوْنَ"।

"وَيَمْنَعُوْنَ الْمَاعُوْنَ" ससाना कुराहरु पनि अरुले माग्न आएन भने दिदैन जबकी सापटी दिन केहि नोकसना हुदैन जस्तो कि भाडाकुडा, बाल्टी बन्चरो आदी, र यस्तो वस्तुहरु त हितकारी भावना साथ आपसमा लिनेदिने चलन छ।

जब लालसी चरित्र भएकोले यस्ता सानोतिनो कुराहरु दिदैन भने त नमाज प्रति झन् चरित्र खराब भएकोले के गर्ला त ?

❁❁❁

## सुरह अल्–कौसर

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ اِنَّآ اَعۡطَيۡنٰكَ الۡكَوۡثَرَ ① فَصَلِّ لِرَبِّكَ وَانۡحَرۡ ② اِنَّ شَانِئَكَ هُوَ الۡاَبۡتَرُ ③﴾

(१) अल्लाहले आफ्नो रसुल सन्देष्टा मुहम्मद (स.) माथी अशीष र अनुग्रह जनाउदै भन्नुहुन्छ "اِنَّآ اَعۡطَيۡنٰكَ الۡكَوۡثَرَ" अल्लको कृपा र अनुग्रह सन्देष्टा मुहम्मद (स.) माथी धेरै छन् तिनै कृपाहरु मध्ये कयामतको दिन "कौसर" नामक नहर प्रदान गर्नु हो जसको चौडाए लम्बाई महीना हिडेर पुग्ने दुरी जति छ , त्यसको पानी दुध भन्दा सेतो छ, मह भन्दा मिठो छ, त्यहाँ पिउनलाई प्रयोग हुने भाडाहरुको चमक र बहुत्व आकाशको ताराहरु जति छन्, एक चोटी त्यसको पानी खाए भनि कहिल्यै तिर्खा लाग्ने छैन।

(२) यी सबै कृपा र अशीष प्रति अल्लाहले कृतज्ञ हुने आदेश दिदै भन्नुहुन्छः

"فَصَلِّ لِرَبِّكَ وَانۡحَرۡ" आफ्नो पालनकर्ता निम्ति नमाज पढ्ने गर र कुर्बानी दिने गर।

यी दुईटा कर्म भन्दा उत्तम र असल धार्मीको कार्य छन् त्यसैले त्यसो गर्न आदेश दिनुभयो। किनकी नमाज मा मानिसको मुटु र जिउका सबै अंगहरु विनम्र हुन्छन् र भक्तित्वको सम्पुर्ण थरी हरु त्यसमा सम्मेलित हुन्छन् र कुर्बानीमा भक्तले आफ्नो लोभनीय र चित्ताकर्षक धनबाट खर्च गरि उम्दा बलिदान गर्छ।

(३) "اِنَّ شَانِئَكَ هُوَ الۡاَبۡتَرُ" अर्थात जसले तपाइलाई होच्चाउन्छ, तुच्छयाउन्छ र अप्रिय मान्दछ वास्तविकमा ऊ नै सम्पुर्ण सुकर्म भलाई र स्मरणीय हुने कारणहरुबाट वचिंत र लिंडै छ।

बरु सन्देशवाहक मुहम्मद (उहाँ माथि शान्ति होस) नै वास्तवमा परिपुर्ण र श्रेष्ठ छन्, उनको ख्यति प्रशंसा फैलिने छ र उनको मदतगार र अनुयायी हरु धेरै हुनेछन्, तसर्थ जे जस्तो उत्तम गुणहरु हुन सक्छन् ति सबै उनकै लागि हुन्।

## सुरह काफिरुन

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ قُلۡ يٰۤاَيُّهَا الۡكٰفِرُوۡنَ ۙ﴿۱﴾ لَاۤ اَعۡبُدُ مَا تَعۡبُدُوۡنَ ۙ﴿۲﴾ وَلَاۤ اَنۡتُمۡ
عٰبِدُوۡنَ مَاۤ اَعۡبُدُ ۚ﴿۳﴾ وَلَاۤ اَنَا عَابِدٌ مَّا عَبَدۡتُّمۡ ۙ﴿۴﴾ وَلَاۤ اَنۡتُمۡ عٰبِدُوۡنَ مَاۤ اَعۡبُدُ ؕ﴿۵﴾ لَكُمۡ دِيۡنُكُمۡ
وَلِىَ دِيۡنِ ﴿۶﴾﴾

(१–६) अर्थातः हे सन्देष्टा घोषणा गर्दै भनिदेउ "हे काफिरहरु हो (गैर मुस्लिम)"

"لَا أَعْبُدُ مَا تَعْبُدُوْنَ" (तिमीहरुले पुज्दै गरेको लाई हामिले पुज्दैनौ) अर्थात काफिरहरुले अल्लाहलाई छोडेर खुला वा गोप्य रुपले जे जुनको पुजा गर्छन् सन्देष्टा त्यस बाट पुर्ण रुपले अलग छन्

"وَلَا أَنْتُمْ عٰبِدُوْنَ مَا أَعْبُدُ" (हे काफिरहरु हो) मैले इबादत गर्दै गरेको अल्लाहको उपासना तिमीहरुले गर्दैनौ, किनकी तिमीहरुको मनमा अल्लाहको "इबादत" उपासना प्रति सत्य निष्ठा छैन र तिमीहरुको कर्म "शिर्क" मिश्रित हुन्छ।

उल्लेखित आयत यही सुरहमा दुई पटक दोह्राइयो पहिलो ले यो प्रष्ट हुन्छ कि ती काफिरहरुको कार्य उपासना–अभाव छ थ अर्क आयतले अश्र्यउन्छ कि शिर्क गर्नु नै तिनीहरुको चरित्र बनिसकेको छ।

उन्तमा अल्लाहको इबादत र आसन प्रति दुबै समुहलाई अलग्याउदै भनियोः

"لَكُمْ دِيْنُكُمْ وَلِيَ دِيْنِ" मेरो कार्य–कर्मबाट तिमीहरु अलग छौ र म तिमीहरुको कार्यकलापबाट अलग छु।

## सुरह नस्र

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ اِذَا جَآءَ نَصۡرُ اللّٰهِ وَالۡفَتۡحُ ۙ﴿١﴾ وَرَاَيۡتَ النَّاسَ يَدۡخُلُوۡنَ فِىۡ دِيۡنِ اللّٰهِ اَفۡوَاجًا ۙ﴿٢﴾ فَسَبِّحۡ بِحَمۡدِ رَبِّكَ وَاسۡتَغۡفِرۡهُ ؕ اِنَّهٗ كَانَ تَوَّابًا ﴿٣﴾﴾

(१–३) यस सुरहमा सन्देष्टाको लागि शुभ–सन्देश साथ साथै केहि आदेशहरु छन्, र शुभ कुरा प्राप्ति पछि अवश्य नै हुने कुरा तर्फ इशारा पनि छ। शुभ सन्देश यो छ कि सन्देष्टा मुहम्मद (उहाँ माथि शान्ति होस) ले अल्लाहको मद्दतले "मक्का" माथी विजय प्राप्त गर्नु हुनेछन्, र फलस्वरुप मानिसहरु हुलका हुल अल्लाहको धर्ममा प्रवेश हुनेछन् र शत्रु हरु शत्रुनभइ मद्दतगार र अनुयायी बन्नेछन्। यो शुभ–सन्देश पुरा भइ सक्यो।

विजय प्राप्ती पछि आदेश छ पक रसुल (सन्देष्टा) अवश्यरुपले अल्लाहको प्रशंसा र गुणवान गरी उनी सित क्षमायाचना गरुन।

यस सुरतमा दुईटा कुरा तर्फ संकेत छः

- पहिलो सुइँको यो हो कि अल्लाहको प्रशंसा उनको महिमा र गुणगान गर्नु र क्षमायाचनाले विजय प्राप्ति निरन्तर रुपले हुनेछ, किनकी ती कर्महरु अल्लाह प्रति कृतज्ञता ज्ञापन गर्नु हो र अल्लाहले भन्नुहुन्छ।

  "لَئِنۡ شَكَرۡتُمۡ لَاَزِيۡدَنَّكُمۡ" र वास्तवमा पनि पछि आउने सत्य मार्गीहरु र तिनीहरु पछि पनि यस "उम्मत" (विश्वव्यापी मुस्लिम समुदाय) ले निरन्तर रुपले अल्लाहको मदत प्राप्त गरि रहियो, र इस्लाम धर्म त्यहाँ पुग्यो जहाँ कुनै धर्म पुगेको थिएन, र यति धेरै मानिसहरुले इस्लाम धर्ममा प्रवेश गरे कि त्यसको नमुना कुनै अर्को धर्ममा भेटिदैन। तर जब मुस्लिम समुदाय मा अल्लाहको आदेश अवहेलना बढ्यो परिणाम स्वरुप मुस्लिम एक्ता भंड भइ बल विनाश हुन पुग्यो, त्यस पछि जे जे घटीत हुन थियो भयो, तर पनि मुस्लिम समुदाय र इस्लाम धर्म माथी अल्लाहको यस्तो अनौठो कृपा र करुणा हुन कि कि अल्लाह को यस्तो अनौठो कृपा र करुणा छन् कि कसैले सोच्न त के कल्पना पनि गर्न सक्दैन।

❖ दोस्रो सुइँको यो हो कि विजय प्राप्ति पछि सन्देष्टा मुहम्मद (स.) को मृत्यु को बेला नजिक आइ पुगेको छ।

यस सुचनाको सिद्धता प्रष्ट हुन्छ जहाँ अल्लाहले (कुरआन मा) सन्देष्टा को जीवन को कसम लीनु भएके छ किनकी सन्देष्टा को जीवन प्रशसनिय उत्तम जीवन हो र यस्तो उत्तम जीवनको समापन पनि उत्तम कार्य जस्तो नमाज, हज र क्षमायाचना आदी सीत गरिन्छ। यहि कारण हो कि त्यस्तम असल कार्य गर्न आदेश दिइयो ताकी रसुल (सन्देष्टा) को जीवन समाप्ति र पालनकर्ता सँग भटे उत्कृष्ट कर्म हरु साथ होस्। (उहाँ माथि अल्लाहको शान्ति होस्) तसर्थ यस आदेश को पालना मा उनी आफ्नो नमाज, रुकुअ र सज्दा मा यो प्राथना गरी रहनु हुन्थ्यो: “سبحانك اللّٰهم ربّنا وبحمدِكَ اللّٰهم اغفرلى”

## सुरह तब्बत

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ تَبَّتۡ يَدَاۤ اَبِىۡ لَهَبٍ وَّتَبَّ ۞ مَاۤ اَغۡنٰى عَنۡهُ مَالُهٗ وَمَا كَسَبَ ۞ سَيَصۡلٰى نَارًا ذَاتَ لَهَبٍ ۞ وَّامۡرَاَتُهٗ ؕ حَمَّالَةَ الۡحَطَبِ ۞ فِىۡ جِيۡدِهَا حَبۡلٌ مِّنۡ مَّسَدٍ ۞﴾

रसुल (सन्देष्टा) को जेठो काका अबु–लहबले वहाँलाई धेरै दुःख–कष्ट दिने गथ्ये नातेदार भएपनि कुनै खालाको भावना थिएन न त आदर नै गर्थे झन उग्र शत्र बनेको थियो।

यस सुरह मा अल्लाहले त्यसको घोर निन्दा गरी कयामत सम्म को लागि तिरस्कृत गरिदिनु भयोः भन्नु हुन्छ

(१) "تَبَّتۡ يَدَاۤ اَبِىۡ لَهَبٍ وَّتَبَّ" अर्थात त्यसले आफ्नो दुईटै हात गुमायो, अभागी भयो, बरबाद भयो र कुनै लाभ उठाएन।

(२) "مَاۤ اَغۡنٰى عَنۡهُ مَالُهٗ وَمَا كَسَبَ" त्यस सँग जे जति धन सम्पत्ति थियो त्यसले उसलाई झन् उत्पीडत बनाइदियो, र अल्लाह तर्फ बाट यातना जब त्यस माथी उत्रियो धन केहि काम लागेन।

(३–५) "سَيَصۡلٰى نَارًا ذَاتَ لَهَبٍ ، وَّامۡرَاَتُهٗ ؕ حَمَّالَةَ الۡحَطَبِ ، فِىۡ جِيۡدِهَا حَبۡلٌ مِّنۡ مَّسَدٍ" अर्थात शीघ्र नै त्यसलाई र त्यसको स्वास्नीलाई दन्कदो आगो ले चारै तिरबाट घेरनेछ। किनकी त्यसको स्वास्नीले पनि दुख दिन्थी र आफ्नो श्रीमानको अपराध र अत्यचार मा सहयोगी थिइ।

यसरी त्यस अभागीले दाउरा को भार बोके झै ती पापहरुको भार आफ्नो पिठ्युमा बोकेका थिइ। . अर्को अर्थ यो पनि हुन्छ कि त्यसको स्वास्नीले नर्कमा दाउरा को भार आफ्नै श्रीमान माथी हाल्नेछे र गर्धनमा खजुर को रेश को डोरी डोर्याउने छे। यस सुरहमा अल्लाहका खुला निशानीहरु छन् किनकी यो सुरह अबुलहब र उसको स्वासनी को जीवन काल मै अवतरित भयो र यसमा खबर दिइयो कि ति दुइटै नरक बासी हुनेछन् र फलस्वरुप तिनीहरुले इस्लाम धर्म पनि स्वीकार गर्दैनन्।

अल्लाह, दृष्य र अदृष्य ज्ञाताले भने झै भयो।

## सुरह इख्लास

﴿بِسْمِ اللهِ الرَّحْمٰنِ الرَّحِيْمِ ○ قُلْ هُوَ اللّٰهُ اَحَدٌ ① اَللّٰهُ الصَّمَدُ ② لَمْ يَلِدْ ۙ وَلَمْ يُوْلَدْ ③
وَلَمْ يَكُنْ لَّهٗ كُفُوًا اَحَدٌ ④﴾

(१) "قُلْ هُوَ اللّٰهُ اَحَدٌ" हे रसुल (उहाँ माथि शान्ति होस) निश्चित रुपले अठोट आस्था र ज्ञान साथ भनिदिनुस् कि अल्लाह "अहद" एकला छन् र यो "अहदियत" एकत्व को विशेषता अल्लाहको लागि मात्र हो र उनकै लागि मात्र सर्व सम्पुर्णता र श्रष्टताको एकाधिकार छ।
उनी नै राम्रा र प्यारा नामहरु, सम्पुर्ण उत्तम र सर्वश्रेष्ट गुणहरु र पवित्र कर्मको हकदार हुनुहुन्छ कोहि उनी समक्ष र समान पनि छैन।

(२) "اَللّٰهُ الصَّمَدُ" अल्लालाई केहि पनि र कसैको पनि आवश्यक्ता छैन बरु समस्त आकाशीय र धतीर्य प्राणीहरु लाई अल्लाह महान को आवश्यक्ता छ, सबै अल्लाह सामु भिक्षुक समान छन्। सबैले आफ्नो चाहना र जरुरत अल्लाह सित माग्द छन्, र आफ्नो कार्य र कर्तव्य मा अल्लाह सित नै आशा राख्दछन्।
किनकी अल्लाहको गुणहरु, परिपुर्ण , सम्पुर्ण छने उनी क्षमावान सर्वश्रेष्ठ छन्, उनी सर्वज्ञ सर्वश्रेष्ठ छने उनी दयावान छन् उनको दया कृपा सर्व उत्कृष्ट छ र सारा संसार लाई छोपेको छ – यसरी नै सम्पुर्ण गुणहरु छन्।

(३) "لَمْ يَلِدْ ۙ وَلَمْ يُوْلَدْ" उनी स्वयम सम्पुर्ण र श्रेष्ठ छन् उनको कोहि सन्तान छैन न त उनी कसैको सन्तान हुन् , उनलाई कसैको पनि आवश्यक्ता पर्दैन।

(४) "وَلَمْ يَكُنْ لَّهٗ كُفُوًا اَحَدٌ" उनको नाम, विशेषता, गुण र कार्यहरुमा उनको कोहि समकक्ष र समान छैन, उनी अत्यन्तै कृपालु र उच्च हुनु हुन्छ।
यो सुरह "तौहिद–अल्–अस्मा व सिफात" विषयगत छ।

## सुरह फलक

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ قُلۡ اَعُوۡذُ بِرَبِّ الۡفَلَقِ ۙ﴿۱﴾ مِنۡ شَرِّ مَا خَلَقَ ۙ﴿۲﴾ وَمِنۡ شَرِّ غَاسِقٍ اِذَا وَقَبَ ۙ﴿۳﴾ وَمِنۡ شَرِّ النَّفّٰثٰتِ فِى الۡعُقَدِ ۙ﴿۴﴾ وَمِنۡ شَرِّ حَاسِدٍ اِذَا حَسَدَ ﴿۵﴾﴾

(१) "قُلۡ اَعُوۡذُ بِرَبِّ الۡفَلَقِ" हे रसुल (स.) भनिदेउ कि म अल्लाहको जो प्रातःकालको मालिक हो आश्रय र रक्षा माग्दछु, उनको शरण पर्छु, जसले बिउ–दाना मा चिरा पारेर बिरुवा निकाल्छ र त्यसरी नै रात बाट विहान ल्याउदछ।

(२) "مِنۡ شَرِّ مَا خَلَقَ" अर्थात म उनको शरण पर्छु हरेक वस्तुको दृष्टबाट (जोगीनको लागि) जुन उनले सृष्टि गरेका छन्।

यस आयतमा मनुष्य, जिन्न (अदृष्य जनजति) र जनावरको दृष्टताबाट आश्रय माग्न आदेश छ ः

(३) समान्य वस्तु पछि विशेष वस्तु बारे आदेश दिनु हुन्छः

"وَمِنۡ شَرِّ غَاسِقٍ اِذَا وَقَبَ" म उहाको शरण पर्छ अन्धकारमय रात्रिको दृटबाट (बच्न) जब त्यो फैलिन्छ। किनकी त्यस अन्धकार मा शैतान आत्मा हरु र हानी कारक जीवजनावरहरु फैलिन्छ।

(४) "وَمِنۡ شَرِّ النَّفّٰثٰتِ فِى الۡعُقَدِ" र (उहाँ को शरण पर्छु) यस्ता जादुगरनीहरुबाट (बच्न) जसले गाँठ हाली त्यसमा झारफुक गरी जादु गरदिन्छ।

(५) "وَمِنۡ شَرِّ حَاسِدٍ اِذَا حَسَدَ" "हासिद" अथवा ईर्ष्यालु भन्छन् जसले अरुको सम्पन्न जीवन र उन्नति बारे नष्ट हुन चाहना गर्छ र त्यसको समपत्तिको लागि कोशीश पनि गर्छ। त्यसैकारण यस्ता भाव भएकाहरुको दुष्टता र चालबाजी बाट बाच्न अल्लाहको शरण पर्ने आदेश दिइएछ।

ईष्यालु सँग सगै दृष्ट नजर को प्रभाव बाट पनि रक्षा माग्न जरुरी छ किनकी दृष्ट नजर को प्रभावका ईष्यालु र दोषी चरित्र भएको व्यक्ति नै हुने गर्छ।

– यस सुरहमा समान्य र विशेष सबै थरिको दुष्टबाट बाच्ने प्रार्थना गरिएको छ।

– यो पनि सिद्ध हुन्छ कि वास्तविक मा जादु हुन्छ र अरुलाई हानि पनि पुर्याउन्छ त्यसैले अल्लाहको आश्रय र शरण पर्न जरुरी छ।

## सुरह नास

﴿بِسۡمِ اللّٰهِ الرَّحۡمٰنِ الرَّحِيۡمِ ○ قُلۡ اَعُوۡذُ بِرَبِّ النَّاسِ ۙ﴿۱﴾ مَلِكِ النَّاسِ ۙ﴿۲﴾ اِلٰهِ النَّاسِ ۙ﴿۳﴾
مِنۡ شَرِّ الۡوَسۡوَاسِ ۙ الۡخَنَّاسِ ۙ﴿۴﴾ الَّذِىۡ يُوَسۡوِسُ فِىۡ صُدُوۡرِ النَّاسِ ۙ﴿۵﴾ مِنَ الۡجِنَّةِ وَالنَّاسِ
﴿۶﴾﴾

(१–६) यस सुरहमा शैतानबाट बाच्न निम्ति मानवजातिको मालिक, पालनकर्ता को शरण पर्ने आदेश छ, किनकी शैतान नै सम्पुर्ण दृष्टता र पापको मुलाधार हो ।
शैतानले गर्ने प्रलोभन र दृष्ट कार्य मध्य यी पनि हो कि मानिस को मन म भ्रम उत्पन्न गरी पापलाई सुन्दर स्वरुपी देखाउँछ, र पाप गर्नलागी उत्तेजित पार्छ ।
अर्को तिर असल कार्यलाई नराम्रो बनाई देखाउँछ र कुकर्म बाट रोक्दछ ।
तर जब भक्त ले आफ्नो पालनकर्ता अल्लाहलाई सम्झन्छ र नाम लिएर बोल्छ त शैतान सुटुक्क भाग्छ र त्यसको भ्रम पनि मेटिन्छ ।
त्यसै कारण जरुरी छ कि त्यसबाट बाच्नलाई अल्लाहको शरण परोस् र उनको संरक्षण मा रहोस् उनी सम्पुर्ण मानवजातिको पालनकर्ता हुन् र सम्पुर्ण सृष्टिको उनी नै मालिक हुन् समस्त प्राणी उनको शक्ती मुनी छन् ।
वास्तवमा जीवनको मुल लक्ष्य जो कि अल्लाहको उपासना गर्नु हो , तब सम्म पुरा हुदैन जब सम्म भक्त र लक्ष्य बीच बाधा हाल्ने शत्रु, शैतानको चाललाई नष्ट नगरि दियोस् किनकी शैतानको लक्ष्य नै हो कि मानव जातिलाई पालनकर्ताबाट टाढा गरि आफ्नो संग र गुठ मा जोड्नु, ताकि ऊ पनि नर्क बासी हुन पुगोस् । शैतान, जिन्नले जसरी भ्रम उत्पन्न गर्छन् मनुष्य ले पनि उत्पन्न गर्छ । त्यहि भएर भनियोः (مِنَ الۡجِنَّةِ وَالنَّاسِ) ।

الحمد لله الذی بنعمته تتم الصالحات

## प्रवेशिका र तफसीरको प्रश्नहरु

१. महत्वपूर्ण पाठहरु पुस्तकको लेखक को हुन ?
O अब्दुल् अजीज बिन बाज, O मोहम्मद बिन सालेह उसैमिन, O हैसम सरहान।
२. हामी किन महत्वपूर्ण पाठहरु पढछौ ?
O महत्वपूर्ण भएकोले, O धर्मगुरू हरुले त्यसलाई पढन् सल्लाह दिएको हुनले,
O त्यसमा मुस्लिम लाई आवश्यक पर्ने महत्वपुर्ण कुराहरु छन, O माथी उल्लेखित सबै।
३. यो पाठ शामिल छः
O कुरान र तौहीद (एकश्वरबाद) संग मुस्लिम को अवस्था लाई, O नमाज र वजु लाई,
O बानी र व्यहार लाई, O पापहरु बाट हिसियार गर्नु लाई ।
४. मस्लिमले शुरु गर्न पर्छ पढेर, कंण पारेर र बुझेर।
O सुरतल अलक, O सुरतुल फातिहा, O सुरतुल इखलास
५. कुरआनमा विचार गर्नु र त्यसको पालना गर्नुमा मानिसहरु दुई चरम पक्ष र माध्य वर्ग मा छन्।
( ठीक – बठीक)
६. विद्धार्थी ले प्रथम रूपमा तफसीर (कुरआनको व्याख्या) को कुन किताब पढनु बेस हो ?
O तफसीर इब्ने कसीर, O तफसीर इब्ने सअदी, O तफसीर अल- कुर्तुबी।
७. विद्धार्थीले विस्तृत पुस्तक पहिले संक्षिप्त पुस्तिकाहरु पढनु पर्छ। ( ठीक – बठीक)
८. विद्धार्थीले तफसीर को किताब हरुमा उसले रुचाउने सुरह बाट शुरु गरि पढने र पटक पटक दीहीयार्उनु कार्य विस्तार दिनु पर्छ, जस्तो कि सुरह कसस, मरियम, कहफ। ( ठीक – बठीक)।
९. विद्धार्थी लाई यदि पढने कष्ट भईरहेको छ भने तफसीर सअदि को आडियो कार्यक्रम सुन्नु सक्छ। ( ठीक – बठीक)।
१०. नबि (उहाँ माथि शान्ति होस) ले कुरआन पढने तर त्यसमा सोच बिचार नगर्ने व्यक्ति बाट होसियार गर्नु भएको छ। ( ठीक – बठीक)।

### सुरह फातिहा तफसीर बाट प्रश्नहरु

११. यस सुरह को नाम (फातिहा) राखियो किनकी यो सुरहको घेरा बाहिरा केहि निस्कि दैन नत केहि दाखिल हुन्छ। ( ठीक – बठीक)
१२. सुरह फातिहा को नाम पर्ने कारण :
..........................................................................................................

१३. सुरह फातिहा को नामहरु मध्ये:

O उम्मुल कुरआन, O अस्- सब्उल् मसानी, O रुकिया, O सलात,
O माथी उल्लेखित सबै ।

१४. इस्तेआजा पढन् अत्यन जरूरी हुने कारण के हो ?

........................................................ .................................................. ....... .

..........................................................................................................................

१५. "आउजु" (أعوذ) शब्द को अर्थ के हो ?

..........................................................................................................................

१६. शैतान लाई "रजीम" भनियो किनकी:

O ऊ अल्लाह को कृपा र अशिष बाट धिक्करिए को छ , O उस लाई तारा ले हानिन्छ,
O उसले मनुष्य लाई मायाजाल उल्लास र शंका तर्फ लतारछ, O माथी उल्लेखित सबै ।

१७. बिस्मिल्लाह मा हरफ "बा" पछि हुने उचित कार्य लाई शामेल छ ।

( ठीक – बठीक)

१८. अल्लाह:

O आदर र प्रेम साथ पुजविय हो, O यो नाम अल्लाह बाहेक कसैको लागि प्रयोग गर्नु निषध छ,
O अल्लाह को सबै नामहरु को मुल नाम हो O अल्लाह उनको उत्कृष्ट नाम हो,
O अल्लाह को यो नाम बोलउदा "अलिफ र लाम" छुट्य्याउन मनाही छ,
O माथी उल्लेखित सबै ।

१९. अल्लाह को दुईटा प्यारा नाम "रहमान र रहीम" मा के फर्क छ ?

..........................................................................................................................

..........................................................................................................................

२०. अल्लाह को हेरचाह आफ्नो सिर्जना प्रति दुई थरी का छन:

O साधारण र असाधारण O खुला र निर्धारित ।

२१. धेरै जसो सन्देष्टा हरुले प्राथना म कुन शब्द प्रयोग गरे:

O अल्लाहुम्मा, O अर्रब ।

२२. बदाल को दिन:

O कियामत (प्रलय) को दिन हो O कर्म हरुको फल र बदला दिइने दिन हो, O उल्लेख भएका सबै

२३. "इहदिनस् सिरातल् मुस्तकीम" यो विस्त्रित र अत्यन्त लाभकारी प्रर्थना हो: ( ठीक – बठीक)

२४. "अद्दीन" भनिन्छ:

O बदला लाई O क्रम लाई O कहिले बदला लाई कहिले क्रम लाई ।

२५. (अरबी व्याकरण मा) वाक्य मा पछि पर्ने शब्द लाई क्रिया भन्दा पहिले ल्याइयो भने:

O अर्थ लाई सिमित गरी दिन्छ O केहि फायदा हुदैन ।

२६. इबादत लाई "इस्तेआनत" भन्दा पहिले ल्याउन:

O आम कुरा लाई खास कुरा अगाडी ल्याउनु हो  O अल्लाह को अधिकार लाई भक्तको अधिकार माथी प्राथमिक्ता दिनु हो।  O माथी उल्लेखित सबै।

२७. आयत "इय्याक नअबुदु"(إِيَّاكَ نَعۡبُدُ) (अर्थातः हामी सबै तपाईकै पुजा उपासना गर्दै) मा बहुवचन किन ल्यइयोः

..................................................................................................................

२८. इबादत (पुजा, अराधना, उपासना)

O इबादत एक विस्गित शब्द हो जो अल्लाहले स्वीकार गर्ने सबै जाहेर जाहेर र गोप्य कर्मलाई शामेल छ

O अल्लाह सामु विनम्र हुनु उसको आदेश पालन गरेर प्रेम र आदर साथ

O कुनै बेला पहिलो अर्थ हुन्छ, कुनै बेला दोस्रो अर्थ हुन्छ।

२९. आयतः "इहदिना"(اِهۡدِنَا) (अर्थातः हामीलाई सही बाटो देखाउ) मा हेदायत को मतलबः

O हेदायत "दलालह र इरशाद" हो (कुनै कुरा को थाह दिनु),

O हेदायत "तौफिक" हो (कुनै कुरा स्वीकार गर्ने आशीष दिनु ),  O माथी उल्लेखित सबै।

३०. "सिरातल्लजीन अन् अम्त अलैहिम" मा लाक्षित समूहः

O यस उम्मत (मुस्लिम समूह) को सम्पूर्ण निष्ठावान हरु हुन् ,

O ति सन्देष्टा, सत्यवादि, शहीद एंव सत्यकर्मीहरू जसमाथि अल्लाह को कृपा भयो।

३१. "इय्याक नअबुदु वा इय्याक नस्तईन"(إِيَّاكَ نَعۡبُدُ وَإِيَّاكَ نَسۡتَعِينُ) मा अल्लाह ले मनपराउने भाग्य र व्यवस्था प्रथा दुईदै लाई सम्मिलित छः ( ठीक – बठीक)।

३२. तल उल्लेखित हरु मध्य मा कुन हो जुन ति सबै विषय लाई समावेस छ जुन अरु मा एकीक्रित छैनन्

O सुरह फातिहा,  O आयतुल कुर्सी,  O सुरह इख्लास।

३३. (اِهۡدِنَا الصِّرَاطَ) (इहदिनस् सिरात) :

O ईशादूत हुने आस्था साबित हन्छ ,  O सबै "बिद्अती"(धर्म विपरीत कर्म लाई धर्म भनेर गर्ने हरू)  O माथी उल्लेखित सबै।

३४. "مٰلِكِ يَوۡمِ الدِّيۡنِ" को व्याख्याः

O न्याय साथ बदला दिनु हो,  O मानिष नै वास्तविक मा कर्म गर्छ।  O बदला कर्म बमोजिम मात्रै हुने छ। O माथी उल्लेखित सबै।

## आयतुल कुर्सी को तफसीर बाट प्रश्नहरु

३५. यस आयत मा कुर्सी को शब्द उल्लेख भएको कारण यसको नाम अल-कर्सी राखियोः ( ठीक – बठीक)

३६. कुरआन को महान आयतः

O आयत दैन (ऋण बारे),  O आयत "हुकूक अशरह" (अर्थातः दस अधिकार को विवरण भएको

आयत हो ।) O आयतुल कुर्सी हो ।

३७. कुरआन अर्थ सम्बन्धमा पनि महान छ ।

O ठीक O बेठीक

३८. आयत-ल- कुरसी मा अल्लाहको कति वटा प्यारा नामहरु छन ?

O पाँचवटा, O छ वटा, O सातवटा ।

३९. अल्लाह को नाम (الحى) अल हैय्यु लेः

O स्वयम श्रेष्ठता अर्थ्याउन्छ, O सर्वधिकार सम्पन्नता अर्थ्याउन्छ ।

४०. अल्लाह को नाम الْقَيُّومُ अल-कैय्यूम लेः

O स्वयम श्रेष्ठता अर्थ्याउन्छ O सर्वधिकार सम्पन्नता अर्थ्याउन्छ ।

४१. अल-हैय्यू नाम लाई अल-कैय्यूम नाम संग जोडियो भने स्व्यम श्रेष्टा र सर्वधिकार सम्पन्न अर्थ हुन्छ । ( ठीक – बठीक) ।

४२. अल-हैय्यू र अल-कैय्यूम नाम कुरआन मा पटक – पटक :

O तीन ठाँउ मा आएको छ, O चार ठाँउ मा आएको छ, O दुई ठाँउमा आउको छ ।

४३. जुन विषेशता र गुणहरू लाई अल्लाह ले आफुप्रति र उनको सन्देशटा ले अल्लाह प्रति निषेध गरेको हुन् ति विशेषता हरूको इन्कार गर्नु र त्यस विपरितार्थका श्रेष्ट विशेषता लाई साबित गर्नु अनिवार्य छ किनकी मात्र अस्विकार गर्नु ले श्रेष्टाता साबित हुदैन ।

उदाहरण: हामीले आस्था राख्छौ कि अल्लाह लाई अल्छी र निन्द्र लागदैन किनकी अल्लाह आफ्नो जीवन्तता, अनन्तता र सर्वरक्ष्यता मा श्रेष्ठ हुनः ( ठीक – बठीक) ।

४४. अल्लाह जो संग प्रसन्न हुनु हुन्छ त्यसको हक मा मात्र सिफारिश को अनुमति दिनु हुनेछ, र अल्लाह प्रसन्न हुनु हुन्छः

O तौहीद बाट, O सन्देष्टा हरुको पालना बाट, O माथी उल्लेखित सबै ।

४५. अल्लाह ले मानव जाति (बरू सम्पूर्ण सिर्जाना) लाई प्रदान गर्नुकएको (शरई) (अल्लाह ले चाहे कुरा बारे ज्ञान) र (कदरी) (संसारमा जारी कार्य पद्धति बारे ज्ञान) ज्ञानः

O थोरे छ, O धैरै छ ।

४६. "يعلم ما بين أيدِيهم" अर्थात वर्तमान र भविष्यको ज्ञान "وَمَا خَلْفَهُم" अर्थात विगत काल को ज्ञान लाई शमेल छ । ( ठीक – बठीक)

४७. अल्लाह को नाम (العلى)अल- अलीय्यु को अर्थः

O स्वयम उच्च हुनु हुन्छ, हो, O उनको गुण हरू सर्वरश्रेष्ठ हुनु, हो, O जो आफ्नु सम्पुर्ण सीजार्ना माथी सर्वधिकार सम्पन्न हुनु हुन्छ, हो । O माथी उल्लेखित सबै ।

४८. जस्ले राति त्यो पढ्छ अल्लाहले बिहान सम्म उस्को रक्षा गर्नु हनेछ र शैतान त्यस मानिष नजिक आउनै सकदैन ती आयत हरूः

O सुरह बकरह को अन्तिम आयत हरू छन, O आयतुल कुर्सी हो ।

४९. आयत कर्सी लाईः

O सबै फर्ज (अनिवार्य) नमाज पछि पढिन्छ। O बिहान र बेलुका पढिन्छ।

O सुत्ने बेला पढिन्छ। Oमाथी उल्लेखित सबै।

## सुरह जल्जला को तफसीर बाट प्रश्नहरु

५०. सुरह जल्जलाः

O मक्का मा अवतरित गरिएको हो, O मदीना मा अवतरित गरिएको हो।

५१. सुरह जल्जला माः

O डराएको छ , O प्रवृत्त गराइएको छ। O उल्लेखित जति सबै।

५२. आयत (إِذَا زُلْزِلَتِ الْأَرْضُ زِلْزَالَهَا) र आयत (فَيَذَرُهَا قَاعًا صَفْصَفًا ۝ لَّا تَرَىٰ فِيهَا عِوَجًا وَلَا أَمْتًا ۝) को अर्थ एउटै हो। ( ठीक – बठीक)

५३. (وَأَخْرَجَتِ الْأَرْضُ أَثْقَالَهَا) अर्थात: (धर्ती ले आफ्नो बोझ निकालेर फ्यकिदिने छ)

O पहाड र डारा हरु लाई निकाले छ।

O मुर्दा हरू र खजाना निकाले छ।

५४. धर्ती पनि साक्षीहरू मध्य एउटा साक्षी हो जस्ले मानिष को कर्म प्रति गवाही दिनेछ।
( ठीक – बठीक)

५५. (أَشْتَاتًا) को अर्थः

O प्रत्यक व्यक्ति अलग-अलग आउनेछ। O समुह-समुह आउने छन।

५६. आयत (فَمَن يَعْمَلْ مِثْقَالَ ذَرَّةٍ) को अर्थ आयत (وَوَجَدُوا مَا عَمِلُوا حَاضِرًا) को अर्थ संग मिल्दो छ।
( ठीक – बठीक)

## सुरह आदियात को तफसीर बाट प्रश्नहरु

५७. सुरह आदियातः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

५८. आदियात शब्द को अर्थः

O घोडा हो, O सबै हल्लिने बस्तु हो, O उल्लेखित सबै।

५९. सुरह आदियात मा अरूको अधिकार हरण गर्नु बाट डराइयेको छ।
( ठीक – बठीक)

६०. निम्नलिखित शब्दहरूको अर्थ के हो ?

(ضَبْحًا)...........................................................................................

(قَدْحًا)...........................................................................................

(نَقْعًا).........................................................................................

(لَكَنُوْدٌ)...............................................................................................

## सुरह कारिआ को तफसीर बाट प्रश्नहरु

६१. सुरह कारिआः
O मक्का मा अवतरित गरिएको हो।
O मदीना मा अवतरित गरिएको हो।

६२. सुरह कारिआ को विषयः
O कियामत को दारुणता बाट डराउनु हो, O दुनिया मा कष्ट परिक्षण बारे बताउनु हो।

६३. अल-कारियाः
O यातना को निशानी हो, O कियामत को दिन हो।

६४. निम्नलिखित शब्दहरूको अर्थ के हो ?
(كَالْفَرَاشِ الْمَبْثُوْثِ)..........................................................................
(كَالْعِهْنِ الْمَنْفُوْشِ)...........................................................................

६५. सुरह मा बयान गरिएको तराजुः
O वास्तविक तराजु हुनेछ। O न्याय तर्फ इशारा गरिएको हो।

६६. (عِيْشَةٍ رَّاضِيَةٍ) अर्थातः रूचाएको जीवन पाउनेछः
O दुनिया मा O स्वर्ग मा

६७. (فَأُمُّهُ هَاوِيَةٌ) अर्थातः उसको बास स्थान हाविया हुने छ।
O जुन उसलाई आलिंगन मार्ने छ, जसरी आमाले आफ्ना बच्चा लाई अंगाल्छे।
O दिमाग र मगज आगो मा हुनेछ।

६८. (وَمَا أَدْرَاكَ مَا هِيَهْ) अर्थातः त्यो हाविया के हो ? प्रश्नः
O त्यसको गम्भिरता बताउन लागी हो। O मात्र प्रश्न हो।

६९. आग्नी को नामहरु मध्यः
O (هَاوِيَةٌ) हाविया, O (جهنّم) जहन्नम, O (الْحُطَمَةِ) अल-हतमह,
O (لظى) लजा, O(السعير) अस्सईर, O (سقر) सकर, O उल्लेखित सबै।

७०. (نَارٌ حَامِيَةٌ) अर्थातः नर्क को अग्नी यस दुनिया को आगी भन्दाः
O ७० गणा बडी दन्कदो हुन्छ।
O ९० गणा बडी दन्कदो हुन्छ।
O ९९ गणा बडी दन्कदो हुन्छ।

## सुरह तकासुर को तफसीर बाट प्रश्नहरु

७१. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

७२. यो सुरह को विषयः

O मनुष्य को अवस्था बारे खबर गर्नु हो।

O मुल उद्देश्य बाट लापरबाह भइयेको मा चेतावनी दिनु हो।

७३. यो सुरह मा अत्यधिक चाहाना गर्न बाट मनाहि गरिएको छ, ती चाहाना हरू अल्लाह को प्रसन्नता को लागी भए ता पनि। ( ठीक – बठीक)

७४. आफ्नो अन्तिम बसोस्थान तर्फ सरेयो भन्ने भनाइः

O मरे पछि पुन-जिवित हुने आस्था को इन्कार गर्नु हो।

O त्यस्तो भन्नु वैधानिक हो।

७५. आयत (حَتَّىٰ زُرْتُمُ) मा मानिष लाई (मृत्य पछि देखि कियामत सम्म को लागि) आगन्तुक भनियो निवासी भनिएनः किनकीः

O बरजख(मृत्य पछि देखि कियामत सम्म को लागि) अन्तिम दिन (कियामत) को द्वार हो।

O मानिष मृत्य पछि आफ्नो संसारिक घर बाट चिहान को घर मा सरी जान्छ जो कि त्यसको घर होईन।

७६. ईल्म (ज्ञान) तीन थरी को छनः (ईल्मु-ल-यकीन) कुनै कुरा को ज्ञान दुष्य द्वार प्राप्त हुने अवस्था, (अएनु-ल-यकीन), (हक्कुल-ल-यकीन) ( ठीक – बठीक)।

## सुरह असर को तफसीर बाट प्रश्नहरु

७७. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

७८. सुरह असर मा चार वटा मुख्य विषयको प्रमाण छ। ति विषय यो हुनः (ईल्म) ज्ञान, (अमल) अभ्यास, (दावह) अहवान गर्ने कार्य, (सब्र) सहिष्णुता। ( ठीक – बठीक)

७९. अल्लाह सिवाय अरुको कसम खानु प्रति निम्नलिखित वाक्य हरूमा कुन कुन सही छ।

O अल्लाह ले आफ्नो रचना र सृजना मध्य जे को कसम खाए पनि हन्छ।

O मनुष्य लाई मात्र अल्लाह को कसम खाना अनुमति छ।

O मनुष्य लाई अल्लाह बाहेक को कसम खाना अनुमति छ।

O पहिलो र दोस्रो उत्तर सही हो।

८०. सब्र अर्थातः सहिष्णुता को दुई किसिम छनः

O दुई O तीन O चार।

८१. यस सुरह मा चार वटा आदेशहरू छनः पहिलो दुई आदेश बाट मानिष ले आफ्नो व्यक्तित्व पुरा गर्छ जबकि अर्को दुईटा आदेश बाट मानिष ले अरू लाई सम्पन्न हुन सघाउछ।

## सुरह हुमजह को तफसीर बाट प्रश्नहरु

८२. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

८३. (وَيْلٌ) वैल शब्द को अर्थः

O नर्क को एउटा घाटी हो, O यात्ना को चेतावनी हो, जसमा नर्कको घाटी आदि शामेल छन।

८४. (हमज) भनाई ले हुन्छ, जबकि (लम्ज) कार्य ले हुन्छ। ( ठीक – बठीक)

८५. आयत (يَحْسَبُ أَنَّ مَالَهُ أَخْلَدَهُ) ले साबित हुन्छ कि सुकर्म ले उमेर बढाउछ। ( ठीक – बठीक)

८६. आयत (وَمَا أَدْرَاكَ) मुहम्मद (उहाँ माथि शान्ति होस) लाई के थाहाः

O छ, O छैन।

८७. आयत (نَارُ اللَّهِ الْمُوقَدَةُ) अर्थातः अल्लाह को दन्कदो आगो त्यस आगो को इन्धनः

O मानवहरू हुने छन, O ढुंगाहरू हुने छन , O उल्लेखित जति सबै।

८८. आयत (تَطَّلِعُ عَلَى الْأَفْئِدَةِ) अर्थातः जुन मुटु सम्म पुग्ने छः

O मानिषले जे आस्था राख्छ O शरीर हुदै मुटु सम्म पुग्ने छ।

## सुरह फील को तफसीर बाट प्रश्नहरु

८९. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

९०. यस सुरह मा पाठ छ कि जब यस जमीन को ठूलो जनावर हाथी अल्लाह को घर माथि अक्रमण गर्न डराउ छ भने मानिषले त्यस्तो गर्नु बाट झन डराउनु पर्छ। ( ठीक – बठीक)

९१. अन्तिम सन्देष्टा को शुभ जन्मः

O (आमुल फील) हात्ति वाला घटना को वर्ष।

O (आमुल हुज्न) पीर लागेको वर्ष।

O (आमुर्रेमादह) सुखा लागे को वर्ष

९२. यस सुरह मा मुहम्मद (उहाँ माथि शान्ति होस) ईशदूत हुन भन्ने बारे संकेत छ, किनकि यस सुरह मा कथित घटना उनको जन्म भन्दा पहिले घटित हुने चमत्कार हो। ( ठीक – बठीक)

९३. निम्नलिखित शब्दहरूको अर्थ के हो ?

(طَيۡرًا أَبَابِيلَ)...........................................................................

(كَعَصۡفٖ مَّأۡكُولِۭ).......................................................................

## सुरह कुरैश को तफसीर बाट प्रश्नहरु

९४. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

९५. यो सुरह संबन्धित छः

O सुरह फील संग।

O सुरह काफिरून संग।

O सुरह नास संग।

९६. कुरैश को व्यापारिक यात्रा गर्मी मा यमन तर्फ र जाडो मा सिरिया तर्फ हुन्थ्योः ( ठीक – बठीक)

९७. अल्लाह ले मक्का शहर र मक्का बासी लाई अर्बीहरू बीच प्रतिष्ठा दिनु भयो ताकी तिनीहरूको सम्मान होस, विरोध न होस।

O मक्का मा मात्र।

O मक्का तथा अन्य शहर मा।

९८. अल्लाह ले काबा को उच्च स्थान र श्रेष्टता को निम्ति आफुलाई काबा को रब भन्नु भयो जबकि उनी सारा संसार का मालिक हुन्। ( ठीक – बठीक)

९९. (رَبَّ هَٰذَا ٱلۡبَيۡتِ) यसम रचना लाई सृष्टिकर्ता संग जोडने कारण त्यसको प्रतिष्ठा दर्शाउनु हो। ( ठीक – बठीक)

## सुरह माऊन को तफसीर बाट प्रश्नहरु

१००. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

१०१. शब्द “ अद्दीन” को अर्थ आयत (أَرَءَيۡتَ ٱلَّذِي يُكَذِّبُ بِٱلدِّينِ) माः

O मृत्य पछि फेरी जिउदी पार्नु र बदला दिनु हो।

O कर्जा लिनु र अधिकार हरण गर्नु हो।

१०२. शब्द (يَدُعُّ) को अर्थः

O छोडी दिनु हो, O बेस्सरी धकेलनु हो।

१०३. यतीम (अनाथ) त्यो हो जस्कोः

O बुवा को मृत्य भई सकेको हुन्छ। O आमा को मृत्य भई सकेको हुन्छ।

१०४. अनाथ लाई अनाथः

O युवावस्था न पुग्नजेल सम्म भनिन्छ। O युवावस्था पुगी सके को लाई पनि भनिन्छ।

१०५. नमाज मा गलती गर्ने लाई आलोचना र निन्दा गरिन्छ तर नमाज छोडने लाई (केही भनी दैन) किनकि सबै जना यस कर्म मा पर्छन। ( ठीक – बठीक)

१०६. "रिया" (अर्थातः कर्म लाई देखावती नियतले गरिने क्रम) :

O जायज , O मकरूह, O हराम, O सानो शिर्क O ठूलो शिर्क।

१०७. यस सुरह ले तमाम सुकर्म गर्न प्रोत्साह गर्छ। ( ठीक – बठीक)

१०८. आयत मा (الْمَاعُونَ) शब्द को अर्थः

O भाडा कुडी हो, O ति सबै कुरा हरु हुन् जे लाई समाज मा लिने दिने चलन छ।

## सुरह अल-कौसर को तफसीर बाट प्रश्नहरु

१०९. यो सुरहः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

११०. कौसरः O नहर को नाम हो O प्रशस्त कृपा र अनुकम्पा हो।

१११. यस सुरह मा "नमाज र कुर्बानी" लाई खास गरी उल्लेख गर्नु तात्पर्य, यी दुईटा ईबादत को उत्कृष्टा हो। ( ठीक – बठीक)

११२. शब्द (شَانِئَكَ) को अर्थः

O घृणा गर्ने वाला O खराबी बयान गर्ने वाला O कमि बयान गर्ने वाला O उल्लेखित जति सबै।

११३. आयत (هُوَ الْأَبْتَرُ) को अभिप्राय ले साबित हुन्छ कि सन्देष्टा मुहम्मद (उहाँ माथि शान्ति होस) को अनुरागी स्मरणीय र प्रशंसनीय हुनेछ। ( ठीक – बठीक)

११४. यस सुरह मा सन्देष्टा को अधिक मदतगार र अनुययी हुन्छन भन्ने तर्क छ। ( ठीक – बठीक)

## सुरह अल-काफिरून को तफसीर बाट प्रश्नहरु

११५. सुरह काफिरूनः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

११६. सुरह काफिरून पहिलो रकआत मा सुरह फातिहा पछि पढिन्छः

O फजर को सुन्नत नमाज मा, O मग्रिब को सुन्नत नमाज मा O तवाफ पछि पढिने सुन्नत मा O वित्र मा O उल्लेखित जति सबै।

११७. शिर्क (अल्लाह बाहेक को लागी गरिने उपासना) ईबादत संगलित भयो भनेः

O ईबादत अपूर्ण हुन्छ, O त्यसतो लाई इबादत नै भनिदैन।

११८. शब्द (قُلْ) ले सम्बोधित गरिएको छः

O मुहम्मद (उहाँ माथि शान्ति होस) लाई O नबी (उहाँ माथि शान्ति होस) संग संगै सबै

सम्बोधन योग्य लाई।

११९. काफिरून भन्निछः

O जस्ले सन्देष्टा को सन्देश र आहवान पूगी सके पनि त्यसलाई स्विकार गर्दैन जस्तो कि यहुदी र क्रसचियन, O मक्का मा रहे को काफिर हरु।

१२०. यस सुरह मा शिर्क र शिर्क कर्मी हरू बाट मन, बोल र शारीरिक अंग ले विच्छत्ति जनाइएको छ। ( ठीक – बठीक)

१२१. सुरह मा आयत दोहोर्याउने क्रमः

O निश्चित र निर्धारित गर्न लाई हुन्छ, O पहिलो आयत बाट कार्य विछिन्ता बताउन र दोस्रो आयत ले त्यो गुण मूल भएको सिद्ध गर्न लागीहुन्छ।

## सुरह नस्र को तफसीर बाट प्रश्नहरु

१२२. सुरह नस्रः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

१२३. यस सुरह मा शुभ सन्देश, खबर, आदेश र चेतावनी छः ( ठीक – बठीक)

१२४. यस उम्मत (विश्वव्यापी मुस्लिम समुदाय) को लागी र यस धर्म को लागी अल्लाह तर्फ बाट यस्ता- यस्ता दया, किर्पा र अनुग्रह हरु छन जस्को कसैले कल्पना नै गर्न सक्दैनः ( ठीक – बठीक)

१२५. यो सुरह मा संकेत छ कि सन्देष्टा (उहाँ माथि शान्ति होस) को मृत्य को बेला नजिक आइसके को छः ( ठीक – बठीक)

१२६. यस सुरह मा दिएको आदेश को पालना गर्न लागी उहाँ (उहाँ माथि शान्ति होस) रूकूअ र सज्दा मा यो दुआ (سبحانك اللّهم ربّنا وبحمدِكَ اللّهم اغفرلى) धेरै पढ्नु हन्थ्यो। ( ठीक – बठीक)

## सुरह मसद को तफसीर बाट प्रश्नहरु

१२७. सुरह मसदः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो

१२८. अबु लहबः

O नबी (उहाँ माथि शान्ति होस) को काका थियो , O कुनै आफन्तता थिएन।

१२९. कयामत सम्म को लागी तुच्छ भनिन्छः

O अबु लहब लाई O ति सबै लाई जो नबी (उहाँ माथि शान्ति होस) को शुत्र हो।

१३०. निम्नलिखित शब्दहरू को अर्थ बताऊः

(تَبَّتْ) ...............................................................................

(مَا كَسَبَ) ........................................................................

(جِيْدِهَا) ...........................................................................

(مَّسَدٍ) ..........................................................................................

१३१. यस सुरह मा अल्लाह को सत्य निशानी छ कि अबु लहब र उस्को पत्नी ले इस्लाम स्विकार गर्दैनन्। ( ठीक – बठीक)

## सुरह इख्लास को तफसीर बाट प्रश्नहरु

१३२. सुरह इख्लासः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

१३३. सुरह इख्लास को नाम पर्योः

O अल्लाह को गुण वर्णन भएको कारण O पाठक लाई शिर्क बाट टाढा गर्नु को कारण O उल्लेखित सबै।

१३४. यो सुरह को सवाब होः

O आधा कुरआन पढे बराबर O सवा कुरआन पढे बराबर O कुरआन को तीन मध्ये एक भाग पढे बराबर

१३५. यो सुरह दोस्रो रकआत मा सुरह फातिहा पछि पढिन्छः

O फजर को सुन्नत नमाज मा, O मग्रिब को सुन्नत नमाज मा O तवाफ पछि पढिने सुन्नत मा O वित्र मा O फर्ज नमाज पछि O सुत्ने समय O उल्लेखित जति सबै।

१३६. सुरह काफिरून र सुरह इख्लास दिन र रात मा तौहिद माथि दृढता र समापन को लागी पढनु पर्छ।

( ठीक – बठीक)

१३७. सुरह इख्लास मा छः

O तौहिदुल उलूहिया O तौहिदुर्रुबुबिया र तौहिदुल अस्मा व सिफात।

१३८. शब्द (قُلْ) को अर्थः

O बोली बाट मात्र O बोली, कर्म र आस्था बाट।

१३९. आयत (هُوَ اللّٰهُ اَحَدٌ) को अर्थः अल्लाह आफ्नो गुण (पालनकर्ता , परम पुज्य) र नाम तथा गुण मा एउटै हुनु हुन्छ अर्थात उनको कोही साझी छैन। ( ठीक – बठीक)

१४०. आयत (الصَّمَدُ) को अर्थः

O अल्लाह हरेक कुरा मा निरपेक्ष छन।

O जुन कार्य आफुले गर्नु भयो र जुन अरूले गरे त्यस बाट पनि निरपेक्ष छन।

O अल्लाह आफ्नो सबै गुणमा पुर्ण छन।

O उल्लेखित जति सबै।

१४१. अल्लाह को लागी बुवा व छोरा ठहर्याउनु ठुलो कुफ्र हो। ( ठीक – बठीक)

## सुरह फलक को तफसीर बाट प्रश्नहरु

१४२. सुरह फलकः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

१४३. सुरह फलक पढिन्छः

O फर्ज नमाज पछि O सुत्ने समय O उल्लेखित जति सबै।

१४४. निम्नलिखित शब्दहरू को अर्थ बताउनु होस।

(اَعُوْذُ) ..........................................................................................

(الْفَلَقِ) .....................................................................................

(غَاسِقٍ) ........................................................................................

(وَقَبَ) ..........................................................................................

(النَّفّٰثٰتِ) ...................................................................................

(الْعُقَدِ) ........................................................................................

(حَاسِدٍ)..........................................................................................

१४५. यस सुरह माः

O हरेक परिस्थिति मा अल्लाह को शरण माग्ने आदेश छ।

O जादु को वास्तविक्ता वर्णन गरिएको छ।

O उल्लेखित जति सबै।

## सुरह नास को तफसीर बाट प्रश्नहरु

१४६. सुरह फलकः

O मक्का मा अवतरित गरिएको हो।

O मदीना मा अवतरित गरिएको हो।

१४७. सुरह नास पढिन्छः

O फर्ज नमाज पछि O सुत्ने समय O उल्लेखित जति सबै।

१४८. शब्द (الْخَنَّاسِ) को अर्थ के हो ?

..........................................................................................................

# दोस्रो पाठ

## इस्लामका स्तंभहरू

इस्लामका स्तम्भहरू पाँचवटा रहेका छन् सबभन्दा पहिलो र महत्वपुर्ण अल्लाह बाहेक कोहि पनि सत्य पुज्य न भएको र मुहम्मद (वहाँ माथि शान्ति होस) अल्लाहको शन्देष्टा हुन् भन्ने कुराको गवाहि दिनु हो।

र ला इलाह इल्ला अल्लाह (لا إله إلا الله) को अर्थ हो हरेक त्यसको इन्कार गर्नु जसको अल्लाह बाहेक पुजा हुन्छ र अल्लाह कै इबादत गर्नु जसको कोहि साझेदार छैन।

(لا إله إلا الله) को शर्तहरू

१. यस्तो ज्ञान हुनु जुन मर्खताको विरूद्ध होस्।
२. यस्तो विश्वास हुनु जुन संदेहको विरूद्ध होस्।
३. निःस्वार्थता जुन शिर्कको विरूद्ध होस्।
४. सत्यता जुन झुठको विरूद्ध होस्।
५. प्रेम जुन अपेक्षाको विरूद्ध होस्।
६. अज्ञापालन जुन अवज्ञाको विरूद्ध होस्।
७. स्विकृति जुन अस्विकृति विरूद्ध होस्।
८. इन्कार अर्थात ती सबै पुज्यहरूलाई नकार्नु जसको अल्लाह बाहेक पूजा अराधना गरिन्छ।

   मुहम्मद (वहाँ माथि शान्ति होस्) भन्ने कुराको गवाहि दिनुमा यो कुरा शामेल छ कि वहाँले खबर दिनु हरेक कुरालाई सहि मान्नु र वहाँको अदेशको पालना गर्नु र वहाँले मनाहि गर्नु भएको कुराबाट बच्नु र शरीयतले बताए अनुसार इबादत गर्नु।

   त्यसपछि विधार्थिलाई बाकि पाँच स्तम्भहरू बताइयोस र ती हुनः नमाज,जकात, रमजानको रोजा, हज्ज।

## मुल मंत्र "لا إله إلا الله" को मुल सुत्र र आधार

| | |
|---|---|
| "لا إله" अल्लाह बाहेक जे जसको पुजा गरिन्छ त्यसको खण्डन गर्नु र नकारनु यसलाई "कुफ्रबितागुत" भनिन्छ। | मात्र एक अल्लाहलाई नै उपास्य मानोस् "इमान बिल्लाह" भनिन्छ। |

لِكِلْمَــةِ الْإِخْــلَاصِ رُكْنَــانِ هُمَــا النَّفْـــيُ وَالْإِثْبَـــاتُ فَـــاحْفَظَنْهُمَا

### "لا إله إلا الله" को शर्तहरु को वर्णन

कलमा (मंत्र) "لا إله إلا الله" को शर्तहरुः चाबी मा हुने दाँतहरु झै छन्, किनकि यो मंत्र स्वर्ग मा पुर्याउने चाबी हो र चाबीमा दाँत नभई कामै गर्दैन।

त्यसैले कुरआन र हदीस मा यस मंत्र बोल बारे जे पनि उल्लेख छ त्यसको अर्थ यी सबै शर्तहरु पुरा गरी पुण्य प्राप्त गर्नु हो।

यस कलमाको आठवटा शर्ताहरु छनः

१. "इल्म" ज्ञानः विपरीतार्थ अनविज्ञताः
यदि कसैलाई मन्त्रको अर्थ ज्ञान छैन भने मंत्रले केहि फायदा हुदैन तसर्थ इस्लामी धर्म प्रवेशार्थी माथी मुल मंत्र को अर्थ बुझन अनिवार्य छ सन्देष्टा (उहाँ माथि शान्ति होस) ले भन्नु हुन्छ "जसको मृत भयो र उसलाई मुल मंत्र को तात्पर्य को ज्ञान थियो भने स्वर्गीय हुनेछ"

२. विश्वास "यकिन"। सत प्रतिशत विश्वास हुन जरुरी छ, यदि मिथ्या र झुठो तरिकाले पुजिने हरुको असत्यता प्रति एक प्रतिशत पनि शंका भयो भने मानिस एकश्वरवादी "मोवहिद्द" हुने छैन त्यसरी नै सन्देष्टाको अह्वान जानेका यहुदी र क्रष्टियनको मिथ्याभाव र गलत हुनु प्रति संका आयो भने पनि सत्य एकशवरबादी हुने छैन।
सन्देष्टा (उहाँ माथि शान्ति होस) ले भन्नु भएको छन्ः "जो व्यक्ति मुल मंत्र "أشهد أن لا إله إلا الله وأنى رسول الله" मा संकाबिहीन विश्वास राख्छ, जब उसको भेट पालनकर्ता सँग हुनेछ स्वर्गमा प्रवेश गर्नेछ।"

३. “इख्लास” “हृदयको शुद्धता” जसले देखावटी भावले पढ्छ वा बोले पछि पनि शिर्क को कार्यहरु गर्छ–जस्तो कि अल्लाह लाई छोडेर अरुको उपासना गर्नु – यस्ता लाई मंत्रले केहि लाभ हुने छैन।
हदिसमा छः “” (कयामतको दिन) मेरो सिफरिशको प्रथम हकदार त्यो हुनेछ जसले शुद्ध मनले मंत्र पढेको हुन्छ।

४. सत्यताः जसले झुट मनले पढ्छ–जस्तो कि मिथ्या भाषी स्वाँगी – त्यसलाई पनि मंत्रले केहि लाभ हुने छैन। हदिसमा छ “जसले सत्य मनले यो गवाहि दिन्छ कि अल्लाह बाहेक कोहि पनि पुज्य उपास्य छैन र मुहम्मद अल्लाहको भक्त र सन्देष्टा हुन्, त्यसको लागि नर्क निशेध गरिदिने छ।”

५. “मुहब्बत” प्रेमः
मनमा अल्लाहको प्रेम हुन् जरुरी छ अल्लाह साथ साथै अल्लाह जस्तै अरुको प्रेम भाव मनमा राख्नु निषेध छ त्यसरी नै अल्लाहले दिनु भएको आदेश को प्रेम पनि जरुरी छ। यहि भाव घृणा गर्नुमा पनि लागु हुन्छ त्यसैले जसले सन्देष्टा माथी आवतरित कुनै पनि कुरा प्रति घृणा–भावना राख्दछ वा त्यसलाई गर्दछ भने इस्लाम धर्मबाट बाहिरिन्छ अल्लाले भन्नुहुन्छः

فَلَا وَرَبِّكَ لَا يُؤْمِنُونَ حَتَّىٰ يُحَكِّمُوكَ فِيمَا شَجَرَ بَيْنَهُمْ ثُمَّ لَا يَجِدُوا فِي أَنفُسِهِمْ حَرَجًا مِّمَّا قَضَيْتَ
وَيُسَلِّمُوا تَسْلِيمًا

६. “इन्कियाद” “आज्ञापालन” त्यस मंत्र प्रति लागु हुने कार्यहरु गर्न जरुरी छ, र जसले ति कार्यहरु गर्दैन मंत्र ले उसलाई केहि लाभ हुने छैनः अल्लाहले भन्नु हुन्छः “وَمِنَ النَّاسِ مَن يَتَّخِذُ مِن دُونِ اللَّهِ أَندَادًا يُحِبُّونَهُمْ كَحُبِّ اللَّهِ”

७. “कुबुल” स्वीकृतिः  र यो स्वीकृति बोल, कार्य र आस्थाले हुन्छ अल्लाहले भन्नु हुन्छः (إِنَّهُمْ كَانُوا إِذَا قِيلَ لَهُمْ لَا إِلَٰهَ إِلَّا اللَّهُ يَسْتَكْبِرُونَ)
(وَيَقُولُونَ أَئِنَّا لَتَارِكُوا آلِهَتِنَا لِشَاعِرٍ مَّجْنُونٍ)

८. “इन्कार” अथात अल्लाह बाहेक सबै पुजा गरिनेहरुको खण्डन गर्नु र नकार्नु, किनकि अल्लाह बाहेक कोहि पनि पुज्य उपास्य छैन।

## टिप्पणी

“कलमा” मंत्र लाई मुखबाट बोल्नु त्यसलाई आफ्नो कार्य अभ्यास मा ल्याउनु र मनको गहिराईमा आस्था बसाल्नु अत्यन्तै जरुरी छ।

## अल्लाह प्रति मनमा हुने प्रेम का किसिमहरु:

**अल्लाहको प्रेम साथसाथै अरुके प्रेम**

पनि त्यहि स्थर को हुनु "यो ठुलो शिर्क हो" अल्लाहले भन्नु हुन्छ (وَمِنَ النَّاسِ مَنْ يَتَّخِذُ مِنْ دُوْنِ اللهِ اَنْدَادًا يُحِبُّوْنَهُمْ كَحُبِّ اللهِ)

**अल्लाहको लागि प्रेम:**

प्रेमको यो स्थर मनमा हुनु अनिवार्य छ । किनकी यो इमानको बलियो डोरी हो जसलाई निष्ठावान ले समात्दछ ।

कुरआनमा छ: "مُحَمَّدٌ رَّسُوْلُ اللهِ ۚ وَالَّذِيْنَ مَعَهٗٓ اَشِدَّآءُ عَلَى الْكُفَّارِ رُحَمَآءُ بَيْنَهُمْ" यो प्रेमको किसिमका चार वटा शाखा छन् ।

**स्वाभाविक प्रेम:**

**यो प्रेम स्विकृत छ, तर यदि यो प्रेम अल्लाहको प्रेमको स्थर भन्दा माथि भयो भने त्यस स्थीतिमा निषेधित हुन्छ । उदाहरण: सन्तान र स्वास्नी को माया । हदिसमा भनिएको छ । त्यसबेला सम्म कसैको इमान सम्पुर्ण र पुरा हुन सक्दैन जब सम्म की मेरो प्रेम उसको मनमा उसको सन्तान वा आमा को प्रेम भन्दा उच्च र धेरै नहोस्।**

अल्लाहले रुचाउनु भएको सम्पुर्ण कार्यहरुको प्रेम जुन "शरिअत" मा मौजुद छ जस्तो कि तौहिद ।

अल्लाहको दिन र धर्मको पालना गर्नेहरुको प्रेम जस्तो कि सन्देष्टाहरु, फरिश्ताहरु नबी (स.) का साथीहरु, र तमाम तौहिदमा आस्था राख्ने वालाहरु ।

अल्लाहले रुचाउनु भएको "समय" हरुको प्रेम जस्तो कि "लैलतुल् कद्र" र रात्रीको अन्तिम तेस्रो बखत ।

अल्लाहले रुचाउनु भएको ठाउँहरुको प्रेम, जे मध्ये मक्का , मदिना हो ।

## कल्मा मा (अब्दुहु) को अर्थ के हो ?

त्यसको अर्थ हो की इश्दुत मुहम्मद (स.) को पुजा गरिदैन किनकी उनीमा "रुबुबियत" "उलुहियत" र "अस्मा व सिफात" को कुनै पनि विशेषता छैन ।

सम्पुर्ण सृष्टीमा उनी भक्तित्वको श्रेष्ठ शिखर मा हुनुहुन्छ किनकी उनी अल्लाहको सफल भक्त हुन् ।

## अल्लाह प्रति भक्तित्व – भावको किसिमहरु

| अम्मा (समान्य) | खास्सा (विशेष) | खास्सतुल खास्सा (सर्व विशेष) |
| --- | --- | --- |
| यी किसिम मा सम्पुर्ण सृष्टि सामेल छन् किनकी अल्लाह महान सर्व शर्वशक्तिमान सामु सब निर्बल छन् निष्ठावान मोमिन होस् वा काफिरः कुरआनमा छः " إِن كُلُّ مَن فِي السَّمٰوٰتِ وَالْأَرْضِ إِلَّآ اٰتِي الرَّحْمٰنِ عَبْدًا" | जसलाई आज्ञापालन गर्ने समान्य भक्तित्व पनि भनिन्छ कुरआन मा छ "وَعِبَادُ الرَّحْمٰنِ الَّذِيْنَ يَمْشُوْنَ عَلَى الْأَرْضِ هَوْنًا" यसमा नियमित बिधि अनुसार इबादत गर्ने सम्पुर्ण व्यक्ति शामेल छन्। | यस किसिममा इश्दुत र सन्देष्टाहरु पर्छन र यो तिनीहरु लागि खास नै हो किनकी कोहि पनि तिनीहरुको भक्तित्व–भाव समान पुग्नै सक्दैन। कुरआन मा छः "إِنَّهُ كَانَ عَبْدًا شَكُوْرًا" |

## नबी (स.) को जीवनी छोटकरीमा

| | |
| --- | --- |
| **वंशज** | मुहम्मद इब्ने अब्दुल्लाह इब्ने अब्दुल मुत्तलिब इब्ने हाशीम। हाशीम कुरैश वंशज का थिए र "कुरैश" अरबी हुन् र अरबीहरु इब्राहीम (अलै.) को छोरा इस्माइल को सन्तान हुन्। |
| **जन्म** | मक्का "आमुल फील" को बेला "रबियुल अव्वल"को महिनामा जन्मिनु भयो। कुल उमेर ६३ वर्ष पाउनु भयो। जस मध्ये ४० वर्ष इश्दुत्व भन्दा पहिला हो र २३ वर्ष त्यस पछि हो। उहाँको बुवा उनको जन्म अघि नै बितिसकेका थिए, उनको हजुर बाबुले पालन पोषण गर्नु भयो , हजुर बुवा पछि काका "अबु तालिब" ले जिम्मा लिनु भयो। |

| | |
|---|---|
| **इश्दुत्व** | "जिन" जाति र मानव जाति तर्फ सन्देष्टा बनाएर पठाइयो। तसर्थ जसलाई उनको अहवान पुग्छ र उनी माथि आस्था राख्दैन त्यो "काफिर" हो। |
| **अहवान कार्य** | तौहिद, सुकर्म र राम्रो उत्तम व्यवहार बानी बसाल्न प्रचार प्रसार गर्नु भयो र गलतकर्म, खराब व्यवहार र "शिर्क" बाट रोक्नु भयो। |
| **रात्रीयात्र र मेराज** | उनीलाई रातीमा मक्का देखी "बैतुल मुकद्दस" लगियो त्यहाँ बाट सातौ आकाश परि लगियो जहा उनले अल्लाह सित कुरा गर्नु भयो र त्यहि पाँच वटा "नमाज" अनिवार्य गरियो। |
| **हिजरत र निधन** | मक्काबाट मदिना हिजरत (पलायन) गर्नु भयो, र त्यहि उनको निधन भयो र "आमा आइशाको" कोठा मा चिहान बनाई उनको शरीर लाई राखियो। |
| **निती घोषणा** | अल्लाहको धर्म उनीले पुरा पुर्यायनु भयो, र सम्पुर्ण धर्मको प्रचार प्रसार स्पष्ट रुपले इमानदारी साथ पुरा गर्नु भयो, तमाम मुस्लिम समुदाय (उम्मद) लाई उपदेश दिनु भयो, अल्लाहको मार्गमा पर्याप्त भन्दा बढी संघर्ष गर्नु भयो , तसर्थ उनी पछि कसैले पनि इस्लाम धर्ममा कुनै नया कुरा ल्याउन सक्दैन। |
| **महत्वपुर्ण युद्धहरु** | सातवटा छन् (१) बदर (२) उहुद (३) खन्दक (४) खैबर (५) फत्हे मक्का (६) तबुक (७) हुनैन। |

| | |
|---|---|
| **सन्तान** | सात जना थिए (१) अल् कासिम (२) इब्राहीम (३) जैनब (४) रुकैया (५) उम्मे कुल्सुम (६) फातिमा । फातिमा बाहेक सबैको निधन बुबाको जीवनकाल मै भयो । |
| **श्रमतीहरु** | बाह्र जना छन् :<br>(१) खदिजा (२) आइशा (३) सौदा (४) हफ्सा (५) जैनब हेलालिय्या (६) उम्मेसलमा हिन्द (७) जैनब बिन्ते जहश (८) जुवैरिया (९) सफिया (१०) उम्मे हबिबा रमला (११) रैहाना (१२) मैमुना (यीनी सबै सित अल्लाह प्रसन्न होउन् |
| **पालन पोषण गर्ने आमाहरु:** | (१) उनको आमा आमेना बिन्ते वहब<br>(२) अबुलहबको सेवक आइमाई "सोवैबा"<br>(३) हलीमा सादिय |
| **प्रथम अवतरित आयत** | ﴿ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ○ اِقْرَاْ بِاسْمِ رَبِّكَ الَّذِيْ خَلَقَ ① خَلَقَ الْاِنْسَانَ مِنْ عَلَقٍ ②<br>اِقْرَاْ وَرَبُّكَ الْاَكْرَمُ ③ الَّذِيْ عَلَّمَ بِالْقَلَمِ ④ عَلَّمَ الْاِنْسَانَ مَا لَمْ يَعْلَمْ ⑤ ﴾ |
| **उनी माथि सर्वप्रथम इमान ल्याउनेहरु** | पुरुष मध्य अबुबक्र ।<br>महिला मध्य आमा खदिजा बिन्ते खुवैलिद ।<br>केटा मध्य अली बिन अबु तालीब ।<br>सेवक मध्य जैद बिन हारेषा ।<br>गुलाम मध्य बेलाल बिन रेबाह । |

| | |
|---|---|
| **हज्ज र उम्रा** | चार वटा उम्रा गर्नुभयो जुन सबै "जुल कादा" को महिनामा भयो। हज्ज एक पटक मात्र गर्नु भयो जसलाई "हज्जतुल् वेदाअ्" भनिन्छ। यो हज्ज सन् १० हिजरीमा सम्पन्न भयो। |
| **व्यव्हार** | अल्लाहले भन्नु हुन्छ "وَإِنَّكَ لَعَلَىٰ خُلُقٍ عَظِيمٍ" तपाई महान नैतिकता मा हुनु हुन्छ। आमा आइशा ले भन्नु हुन्छ "كان خُلُقُه القرآن" मुहम्मद (उहाँ माथि शान्ति होस) को व्यव्हार कुरआन अनुसार हो। |
| **उनको जिवनी अध्ययनको महत्वपुर्णता** | इब्ने कैसय्यमले भन्नु हुन्छ "यस जिवन र मरे पछिको जिवनको सफलता नबी (स.) को जिवन शैलीको पालना मा छ।"<br>तसर्थ  सफलता प्राप्त गर्न र आफ्नो भलाई चाहने वाला माथी अनीवार्य छ कि उहाको जिवनी र जिवन शैलि को ज्ञान होस् यसरी ऊ उनको अनुयायी र जमात मा सामेल हुनेछ। यस कार्य प्रति मानिस तीन पक्षिय छन्।<br>कम्ति ध्यान दिने , बढी ध्यान दिने , वञ्चित समूह ,<br>सम्पुर्ण कृपा अल्लाह कै हुन जसलाई चाहनु हुन्छ दिनुहुन्छ। |

# तेस्रो पाठ

## आस्थाका आधारहरु

अल्लाह तआला माथि विश्वास राख्नुका साथै ईश्दुत (फरिश्ता) ईश्वीय ग्रन्थहरु, सन्देष्टाहरु, कयामत र राम्रो न राम्रो किस्मत (भाग्य) माथि विश्वास राख्नु।

## (ईमानको परिभाषा)

जिब्रोले (बोलेर) स्वीकार गर्नु, दिलमा यकिन राख्नु र हात खुट्टा तथा शरिर बाट आस्था अनुसार कर्म गर्नु।

ईस्लमी आस्था अनुसार पुण्यको कार्य गर्दा दिलको दृढ विश्वासमा बढोतरी हुन्छ र पाप गर्दा विश्वासमा कमि हुन्छ।

प्रमाणः वचनको प्रमाणः

| | | | | |
|---|---|---|---|---|
| आस्थाको सबभन्दा उच्च स्तरः **अल्लाह बाहेक कोहिपनि सत्य पुज्य न भएको स्वीकार गर्नृ हो** | कर्मको प्रमाणः आस्थाको **सबभन्दा तल्लो स्तर बाटोमा भएको हानि पुर्याउन सक्ने वस्तु हटाई दिनु हो।** | दृढ विश्वासको प्रमाणः **लाज शरम आस्थाको भाग मध्ये हो।** | इमान आस्थामा बढोतरी हुनुको प्रमाणः **यसले तिमीहरु मध्ये कसको आस्था ईमानमा बढोत्तरी भयो।** | ईमानमा कमि हुनुको प्रमाणः **मैले बुद्धि र धर्ममा कमि भएको देखेन।** |

## ईमानमा बढोत्तरी हुने कारणहरु

- एकेश्वरवादको विषयमा ज्ञान अर्पण गर्दा खासगरी अल्लाह तआलाको नाम र गुणहरुको बारेमा पढ्दा ।.
- धेरै भन्दा धेरै भक्ती गर्दा ।
- पाप र नराम्रो काम छोड्दा ।
- ब्रहमाण्ड र त्यस भित्रको वस्तुहरुको बारेमा बिचार गर्दा

## ईमानमा कमि हुने कारणहरु

- एकेश्वरवादको विषयमा ज्ञान न हुदा खासगरी अल्लाह तआलाको नाम र गुणहरुको बारेमा न पढ्दा
- अनुशरण बाट टाढा हुदा
- पापको कारणले गर्दा
- ब्रहकाण्डको बारेमा सोच विचार नगर्दा ।

## आस्थाको आधारहरु

- अल्लाह माथि ईमान
- ईश्दुतहरु मथि ईमान
- ईश्वरीय ग्रन्थहरुमाथि ईमान
- सन्देशवाहक हरु माथि ईमान
- क्यामतको दिन माथि ईमान
- राम्रो न राम्रो किस्मत माथि ईमान

## पहिलो आधार, अल्लाह माथि ईमान र त्यसको तपसील

अल्लाह तआला हुनुहुन्छ भन्ने कुरामा विश्वास राख्नु त्यसमा चारवटा कुराहरु रहेका छन्।

अल्लाह नै पालनकर्ता हुन।

अल्लाह तआला एउटै हुनुहुन्छ।

अल्लाह तआलाको अनेकौ नाम र विभिन्न गुणहरु छन्।

### दिमागः

मानिसको दिमागले पनि उत्पादक बिना उत्पादन मान्दैन। **के यिनीहरु बनाउनेवाला बिना नै बनेका छन् वा उनीहरुलाई बनाउने कोहि छ**

### एह्सासः

तिमी आफतको बेला आफ्नो हात आकाश तिर उठाएर भन्छौ “हे मेरा पालनकर्ता, त त्यो आफत अल्लाह तआलाले समाप्त गरिदिनुहुन्छ। (त्यस आफतबाट मुक्ति दिनु हुन्छ )

### प्रकृतिः

मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो किः “**हरेक बच्चा आफ्नो फितरतमा जन्मिन्छ तर त्यसको बा–आमाले उसलाई यहुदि, ईसाई वा मजुसी बनाई दिन्छन्।**

### शरीयतः

ईब्नुल कैय्यीमले भन्नु हुन्छ कि कुरआनमा कुनै पनि यस्तो आयत छैन जसले एकेश्वरवाद माथि वकालत न गरोस्।

## दोस्रो आधार, ईश्दुतहरु माथि ईमान

फरिश्ताहरु अदृश्य प्राणी हुन्, अल्लाह तआलाले प्रकाशबाट उनीहरुको सृष्टि गर्नु भएको छ। आज्ञापालन गर्छन्, अवज्ञा कहिले पनि गर्दैनन्, उनिहरुमा पनि आत्मा छ (रुहुल कुदुस) पवित्र आत्मा, र शरीर हुन्छ –**हामीले फरिश्ताहरुलाई पखेटावाला शन्देशवाहक बनायौँ, दुईटा, तीनओटा चार ओटा र अझै बढाउँछौँ जत्ति चाहन्छौ** र तिनीहरु बुद्धिमान तथा दिलवाला हुन्छन्।” **यहाँ सम्मकि जब उनीहरुको दिलबाट डर समाप्त गरी दिइन्छ तथा सोध्छन् कि तिम्रा पालनकर्ताले के भन्नु भयो**। हामी त्यस माथि ईमान ल्यायौँ। र अल्लाह तआलाले हामीलाई उनीहरुमध्येको नाम पनि सिखाउनु भयो। जस्तै, जिबरील, मिकाईल, ईस्राफल र तिनीहरुको गुणहरु पनि बताउनु भयो। अल्लाह तआलाको कुनै पनि कुराको अवज्ञा गर्दैनन् र त्यहि काम गर्छन जसको आदेश दिईन्छ।

## केहि फरिश्ताहरु जसको बारेमा हामीलाई बताईएको छ

ति मध्ये केहिले अर्श उठाएका छन् र जिबरील जो वह्यी (ईश्रीय वाणी) पुर्याउने जिम्मेर हुन्, मिकाईल जो बर्खाको जिम्मेवार, हामी तिनिहरु सबै माथि ईमान राख्छौ चाहे तिनिहरुको बारेमा तप्सील होस् वा नहोस् ।

## तेस्रो आधार ईश्वरीय ग्रन्थ माथि ईमान

हामी माथि अनिवार्य छ कि किताबहरु मथि ईमान राखैं कि त्यो सबै वास्तमै ईश्वरीय वाणी हुन् । सबै किताबहरु ईश्वरको तर्फबाट अवतरित हुन् सृष्टी होईन र अल्लाह तआलाले हरेक रसुललाई किताब प्रदान गर्नु भयो, र हामी त्यो सबै माथि ईमान ल्याउँछौ । अल्लाह तआलाले त्यो किताबहरुको नाम र त्यसबारे जानकारी दिनु भयो तपसील र बिना तप्सील ।........

र हाम्रो आस्था छ कि कुरआन आफु भन्दा पहिला अवतरित सबै ग्रन्थहरुको नासीख हो र ति किताबहरु, तौरात, ईन्जील, जबुर ईब्राहिमको सोहोफ र मुसाको किताब हुन् ।

## चौथो आधार सन्देष्टाहरु मथि ईमान

अनिवार्य रुपमा हामि यो इमान राख्नु पर्छ कि सबै सन्देश्वाहकहरू मानव थिए, वहाँहरु सँग –पालनपोषण गर्न सक्ने जस्तो कुनै पनि ईश्वरीय खुबि थिएन र वहाँहरु स्वयम ईश्भक्त थिए वहाँहरुको पुजा गरिएन । अल्लाह तआलाले वहाँहरुलाई पठाउनु भएको थियो र उनिहरु मथि ईश्वाणी आउथ्यो, निशानिहरुको माध्यमले वहाँहरुको मदत गरियो, वहाँहरुले अमानतको साथ ईश्वरीय सन्देश पुर्याउनु भयो र मानव जातिको साथ भलाई गर्नु भयो र अल्लाहको लागि सत्यको लडाई लड्नु भयो ।

वहाँहरु माथि र वहाँहरुको बारेमा अल्लाहले जुन नाम, गुण र खबर बताउनु भयो सबै कुरा माथि हामि आस्था राख्छौं ।

सब भन्दा पहिला ईश्वरीय खबर दिनेवाला आदम हुन्, र सब भन्दा पहिण्ला रसुल “नुहा” हुन् । र अन्तिम सन्देशवाहक र रसुल मोहम्मद (वहाँ माथि ईश्वरको शान्ति होस्) हुन् र पहिलेका सबै शरीअतलाई मोहम्मद सल्लल्लाहु अलैहि वसल्लमको शरियतले मन्सुख अमान्य घोषित गर्यो ।

## पाँचौ आधार कयामतको दिन माथि ईमान

आखिरत (कयामत) माथि ईमानमा मृत्यु पछिको हरेक ति कुराहरु शामेल छन् जसको बारेमा मोहम्मद (वहाँ माथिको शान्ति होस्) ले खबर दिनु भयो। जस्तैः चिहान भित्रको प्रकोप, सुर फँक्नु, चिहानबाट मान्छेहरुलाई पुनः जिवित गरेर उठाउनु, कर्मको हिसाब किताब, पुलसेरात, हौज सिफारिश, स्वर्ग र नर्क, आस्थावानहरुले स्वर्गमा आफ्नो पालनकर्ताहरुलाई देख्न पाउनु, लगायतका अदृश्य मोआमलाहरु।

## छैठो आधार राम्रो र न राम्रो किस्मत माथि ईमान

यसको चारवटा दर्जा रहेका छन् जुन यो पंक्तीमा समेटीएको छ।

### ज्ञानः

यो कुरामा विस्वास राख्नु कि अल्लाह तआलालाई हरेक कुराको पुर्ण ज्ञान छ। प्रमाणः **उहाँलाई हरेक कुराहरुको ज्ञान छ जुन सामुन्ने छ र जुन अदृिश्य।**

### तक्दीर लेख्नेवालाः

यो कुरामा विस्वास राख्नु कि अल्लाह तआलाले हरेक कुराको तक्दीर लेख्नु भएको जो पनि कयामत सम्म हुनेवाला छ। प्रमाणः **आकाश र धर्तिमा कुनै पनि यस्तो कुरो छैन जुन (तकदिरको) किताबमा न लेखिएको होस्।**

### अल्लाह तआलाको मर्जिः

यो कुरामा विस्वास राख्नु कि अल्लाह तआलाले जे चाहनु गर्नु हुन्छ र जे चाहनु हुन्न गर्नु हुन्न, र भक्तहरुको चाहना अल्लाह तआलाको मर्जिको मातहत छ। प्रमाणः **र तिमी गर्न सक्दैनौ जब सम्म अल्लाह ले चाहनुहुन्न।**

### सृष्टिः

यो कुरामा ईमान राख्नु कि भक्तहरु सबै उसकै सृष्टि हुन् र भक्तहरुका काम पनि र पुरा ब्राहमण्ड, प्रमाणः **र अल्लाह तआला नै हरेक कुराको सृष्टीकर्ता हुन्। र अल्लाह तआलाले नै तिमीहरुलाई सृष्टि गर्नु भयो तर तिमीहरुलाई ज्ञान छैन।**

# चौथो पाठ

## तौहिद तथा शिर्कको प्रकार

तौहिद (एकेश्वरवाद) तिन भागमा बाडीएको छ।

तौहिद रुबुबियत, तौहिद उलुहियत, तौहिद आस्मा व सेफात।

तौहिद रुबुबिया अर्थातः यो कुरा मान्नु कि अल्लाह तआला नै हरेक कुराको सृष्टिकर्ता हुन र हरेक प्रकारको फेरबदल वहाँ कै अधिनमा छ यसमा कोहि साझेदार छैन।

तौहिद ऊलुहियतः यो कुराको आस्था राख्नु कि अल्लाह नै सत्य पुज्य हुन् यसमा उनको कोहि साझेदार छैन। र यो नै ला ईलाह इल्लल्लाहको अर्थ हो। यानि कि अल्लाह बाहेक कोहि पनि सत्य पुज्य ईश्वर छैन। तसर्थ हरेक प्रकारको भक्ति पुजा अराधना, नमाज, रोजा आदि ईत्यदी अल्लाह कै लागि खास गर्नु पर्छ, अरु कसैको लागि गर्न जाएज छैन।

तौहिद आस्मा व सेफातः कुरआन र हदिस मा बयान गरीएको सबै नाम र गुणहरुमा ईमान ल्याउनु कि यी सबै नाम र गुणहरु अल्लाह तआलाकै लाएक छन् र त्यसमा कुनै पनि किसिमको कमि बेसी र हेरफेर न गर्नु।

अल्लाह तआला कुरआनमा भन्नुभयोः भनि दिनुहोस् कि त्यो अल्लाह एक मात्र छन् न त वहाँलाई कसैले जन्मायो न त वहाँले कसैलाई जन्माउनु भयो र वहाँको बराबर कोहि छैन।

अर्को ठाउँमा भनिएको छ कि “उनि (अल्लाह) जस्तो कोहि पनि छैन। केहि विद्धानहरुले दुई प्रकारमा मात्रै बाडेका छन् जसमा नाम र गुणहरुलाई तौहिलद रुबुबियत कै एउटा भाग मानेका छन्। तर त्यसमा पनि कुनै आपत्ति छैन किन कि दुई भागमा बाडे पनि सबै कुरा प्रष्ट बुझिन्छ।

र शिर्क पनी तीन भागमा बाडिएको छ: ठुलो शिर्क, सानो शिर्क र लुकेको शिर्क

ठुलो शिर्क: सारा पुण्यका कर्महरू नश्ट गर्दिन्छ, र जसको निधन शिर्कको हालतमा भयो त्यो सदाको लागी नर्कमा रहने छ। जस्तै अल्लाह तआलाले कुरआनमा भन्नु भयो: र यदि उनिहरूले शिर्क गरेको भए उनिहरूको पनी सारा पुण्यहरू नश्ट हुन्थ्यो। र एउटा अर्को ठाउँमा भनिएको छ कि: शिर्क गर्ने वालाहरू अल्लाहको मस्जिदलाई आबाद गरेर पनी फाइदा पाउने छैनन् , जबकि उनीहरू स्वयम आफ्नो कुफ्रको गवाह छन्, तिनीहरूको कर्महरू बर्बाद र बेकार छन्, र तिनीहरू सदा सर्वदा नर्कमा रहने छन्। निसन्देह जो कोहि शिर्कको हलतमा मर्यो भने उसकोलागी माफि छैन, र उसमाथी स्वर्ग अवैध गरिएको छ, जस्तै कि अल्लाह तआलाले भन्नु भयो: नि सन्देह अल्लाहले यो कुरो कदापी माफ गर्ने छैनन् कि कसैलाई वहाँको साँझि बनाइयोस र त्यस बाहेक जे चाहनु हुन्छ माफ गर्दिनू हुनेछ। अल्लाह तआलाले भन्नु भयो: निसन्देह जसले अल्लाहको साथ कसैलाई साँझि बनायो त अल्लाहले उसमाथि स्वर्ग अवैध गरीदिनु भयो र उसको ठेगाना आगो हो र अत्याचारी हरूको कोहि पनी मददगार हुदैन।

त्यसमाः मुर्दाहरू र मुर्तिहरू सित दुवा गर्नु, उनिहरू सित मदत माग्नु, तिनीहरूको नाममा मन्नत मन्नु र बलि चढाउनु आदि शामेल छ।

र तेस्रो किसिम लुकेको शिर्क जसको प्रमाण अन्तिम सन्देष्टा मुहम्मद (वहाँ माथि शान्ति होस्) को कथन हो।

वहाँले भन्नु भयो किः के म तिमीहरुलाई त्यसको बारेमा खबर न दिउँ जसलाई लिएर म तिमीहरु मथि दज्जाल भन्दा बढी डराँउछु ? वहाँको साथिहरुले भन्नु भयोः अवश्य बताउनुहोस् मोहम्मद (वहाँ माथि शान्ति होस्)  ले भन्नु भयोः त्यो लुकेको शिर्क हो, मान्छे नमाजको लागि उभिन्छ र आफ्नो नमाजलाई खुब सजाएर मान्छेहरुलाई देखाउनको लागि पढ्छ। र शिर्कलाई दुई भागमा मात्रै पनि बाड्न सकिन्छ ठुलो शिर्क र सानो शिर्क,। यो लुकेको शिर्क त धेरै पाईन्छ।

कतिपय मान्छेहरु ठुलो शिर्कको सिकार भई हाल्छन् जस्तै मोनाफिकहरु, किनकि उनिहरु बतिल आस्था लुकाउँछन र बाहिर ईस्लाम दर्शाउछन् मान्छेहरुलाई देखाउन को लागि। आफ्नो ज्यानको डर लागेर।

र स्यानो शिर्क मध्ये देखावा पनि हो जस्तै महमूद बिन लबिद अल अन्सारी को कथनमा छ जो पढि सक्नु भयो र अबु सईद को कथन जुन माथि लेखिएको छ।

अल्लाह तआलाले हामिलाई यो सब बाट बचाउन।

## अवैध कुराहरुको किसिम

**ठुलो शिर्क:** र त्यो सब भन्दा घातक हो।

**स्यानो शिर्क:** र त्यो ठुलो भन्दा कमतर दर्जा को हो र कबिरा गुनाह भन्दा पनि ठुलो हो।

**ठुलो पाप:** हरेक त्यो पाप जसको खास सजाय तोकिएको छ वा धित्कार गरीएको वा त्यो पाप गर्नेवाला बाट आफुलाई अलग गरीएको छ वा काफिर तथा मुश्रिक हरुको काम वा जो आस्थावान छैनन वा यस्तो काम जुन जनावरहरु गर्नु भन्दा बदतर छन्।

**स्यानो पाप:** हरेक त्यो न राम्रो काम जसलाई अवैध गरिएको छ तर त्यस माथि कुनै सजाय तोकिएको छैन।

## ठुला गुनाह हरु

**संख्या:** त्यसको संख्या ठयाक्कै बताउन सकिन्न।

**ठुलो पाप गर्ने वालाको बारेमा:**

- आस्थावान कमजोर ईमान भएको वा न राम्रो काम गर्नेवाला अस्थावान।
- आस्थाको बराबर उसलाई माया गरीने र ठुलो पापको बराबर उसलाई धित्कारने।
- ठुलो पाप गरेको कारण उसलाई मजलिसमा बस्न न दिने।

**दर्जा:** त्यसको विभिन्न दर्जा छन् जस्तै कि मुहम्मद (उहाँ माथि शान्ति होस्) ले भन्नु भयो , के म तिमीहरुलाई सब भन्दा ठुलो पाप न बताईदिउँ ?

**हुक्म:** ठुलो पापहरुबाट तौबा गर्न जरुरी छ जस्तै हदिसमा भनिएको छ कि: बाकि जिन्दगीको लागि यदि मृत्यु भन्दा पहिला तौबा गरेन भने......(मुस्लिम) अर्को ठाउँमा भनिएको छ कि: जब ठुला पापहरुबाट अलग (टाढा) भयो (“)

## ठुलो शिर्क र स्यानो शिर्कमा फरक

### ठुलो शिर्कः

(१) धर्मबाट खारीज
(२) कर्मको विनाश
(३) हमेशाको लागि नरक वासी
(४) सरकारको लागि उसको ज्यान र माल हलाल
(५) यदि प्रमाण भेटियो कि उसले ठुलो शिर्क गर्यो।
(६)
(७) यदि त्यतै मर्यो भने कुनै माफि छैन
(८) यदि तौबा गर्यो भने अल्लाह तआलाले माफ गर्दिनु हुन्छ तर दुईटा कुरा भन्दा पहिला तौबा गरोस पश्चिमबाट सुर्य उदाउनु मृत्यु हलकमा आई पुग्नु।

### स्यानो शिर्कः

(१) धर्मबाट खारिज हुदैन
(२) सबै कामहरु त हैन तर केहि खास कामहरु को विनाश हुन्छ।
(३) हमेशाको लागि नर्क वासी छैन।
(४) ज्यान माल हलल छैन।
(५) स्यानो शिर्कको प्रमाण भिटियो भने
(६) यो आस्था कि दुनियामा पनि खुफिया फेरबल गर्ने सक्ने वाला छन्।
(७) हरेक त्यो बाटो जुन ठुलो शिर्कको कारण बन्छ
(८) हरेक त्यो काम जसलाई शरीयत शिर्क वा कुफ्र भनेको छ र त्यसलाई ‘अल’ द्धारा खस गरेको छैन त त्यो स्यानो शिर्क हो, जस माथि ठुलो शिर्कको कुनै प्रमाण न होस्।

# पाँचौ पाठ

## अल एहसानः

एहसानको परिभाषाः यसरी ईबादत गर्नु तिमीले अल्लाहलाई देखी राखेका छौ यदि यो भावना आएन भने यो याद राख्नु कि अल्लाहले तिमीलाई देखि राखेका छन् ।

### एहसानको एउटा मात्रै आधार छ र दुईटा दर्जा छन् ।

**मोशाहदको साथ भक्तिः**

अल्लाह तआला सँग भएको नेमतहरुको चाहना, शौक र माया ले मात्रै यो भक्ति हुन सक्छ , यहि भक्ति सन्देशवाहक हरुले गरे, जस्तै कि मुहम्मद (स.) ले भन्नु भयो, के म कृतज्ञता व्यक्त गर्ने वाला न बनुँ ?

**मोराकबा को साथ भक्तीः**

यो डर भय को साथ हुन्छ र मुस्लिम कहिले पनि यसबाट टाढा हुनु हुदैन ।

## तौहिद सम्बन्धमा प्रश्नहरु

१. ईस्लाम को कतिवटा दर्जा छन् ? O तीन O दुई O पाँच।

२. ईस्लामको कतिवटा स्तम्भहरु छन् ? O पाँच O तीन O सात।

३. ईस्लामको दर्जा ईमान भन्दा माथि छ। (सहि - गलत)

४. एख्लासको शहादतमा कतिवटा स्तम्ध छ ? O सात O आठ O दुई।

५. ला ईलाह ईल्लल्लाहको कतिवटा शर्तहरु छन् ? O आठ O सात O पाँच।

६. ला इलाह ईल्लल्लाहको शर्त मध्ये 'ज्ञान' हो, त्उसको मतलब ?

O कुनै पनि कुराको ज्ञान हाजिल गर्नु कि त्यो के हो ?

O अल्लाह बाहेक कोहि पनि सत्य पुज्य छैन।

७. जसलाई इस्लामको दावत पुग्यो र उसले कुफ्र माथि शक गयो तर ईमान ल्याएन त्यस्को के हुकुम छ?

O त्यसले ठुलो कुफ्र गर्यो।

O यदि शक भन्दा यकिन बढि छ भने त्यसले कुफ्र गरेन।

८. ला इलाह ईल्लल्लाहको शर्त मध्ये "स्विकार गर्नु" पनि हो स्विकारको मतलब ?

O कथन O कार्य O आस्था O यी मध्ये सबै।

९. ला ईलाह ईल्लल्लाहमा देखावा गर्नु दान गर्दा देखावा जस्तै स्यानो शिर्क मध्ये हो।

(सहि - गलत)।

१०. जसले मुखबाट मात्रै ला ईलाह ईल्लल्लाह स्विकार गर्यो तर दिलमा स्विकार गरेन भने त्योः

O एकेश्वरवादी O बिना आस्थाको ईमानवाला O काफिर O कमजोर आस्थावान।

११. सन्देष्टा सँग पनि अल्लाहो जस्तै वा बराबर माया गयो भनः

O काफिर O कम दर्जाको काफिर O ठुलो गुनाहहरु मध्ये।

१२. महब्बतको कति वटा किसिमहरु छन् ? O तीन O दुई O पाँच।

१३. अल्लाह तआलाको लागि माया व्यवहार बाट हुन्छ। (ठीक - बेठीक)।

१४. अल्लाहको जस्तो अरुलाई माया गर्नु

O स्यानो शिर्क O अनिवार्य O ठुलो शिर्क।

१५. अल्लाहको लागि माया गर्नु। O वैधO अनिवार्य O ठुलो शिर्क।

१६. भक्ति हरुको कति किसिम छ ? O दुई O तीन O चार।

१७. हरेक सृष्टि भक्त हो र उसमाथि अल्लाहको भक्ति गर्नु अनिवार्य छ। (ठीक - बेठीक)।

१८. यदि कसैले ला ईलाह ईल्लल्लाह मुखले मात्रै भन्यो र व्यवहार मा लागु गरेन

O फाईदा हुन्छ O फाईदा हुदैन।

१९. (अल्लाहका भक्त तथा सन्देष्टा हुन्) अर्थात भक्त हुन उनको पुजा गर्न वैध छैन र सन्देश्टा हुन् उनलाई झुठो ठहर गर्न हुदैन। (सहि - गलत)।

२०. (मोहम्मद (उहाँ माथि शान्ति होस) अल्लाहका सन्देशवाहक हुन्) उनको आदेश मान्नु र उनको र सत्य ठान्नु यसलाई के मान्ने ?

O वाक्यको अर्थ O वाक्यको माग

२१. जसले मुहम्मद (उहाँ माथि शान्ति होस) लाई पालनकर्ता को गुणी मान्दछ त त्यस मान्छेले उहाँलाई अल्लाह को भक्त स्विकार गर्दैन। (ठीक - बेठीक)

२२. मुहम्मद (उहाँ माथि शान्ति होस) को सबभन्दा ठुलो गुन हो।

O ईश्वरको सन्देशवाहक O भक्त तथा सन्देष्टा O अन्तिम सन्देष्टा

२३. जसले ईस्लाममा नया कुरा ल्याउँछ र त्यसलाई र त्यसलाई राम्रो मान्छ भने उसले मोहम्मद (उहाँ माथि शान्ति होस) लाई खयानत गर्नेवाला ठहर्याउँछ किनकि अल्लाह तआलाले भन्नुभयो “आज मैले तिमीहरुका लागि धर्म पुर्ण गरिदिए” त जुन कुरा त्यसबेला धर्ममा थिएन अहिले पनि धर्मको हिस्सा हुन सक्दैन। यो भनाईः

O ईब्ने तैमीया O ईमाम मालिक O अल्लामा ईब्ने बाज।

२४. मोहम्मद (उहाँ माथि शान्ती होस) यो नबिको वंशज बाट हुनुहुन्छ।

O ईस्हाक O ईस्माईल।

२५. खालि ठाउँ भर्नुहोस्ः

जन्म सनः...................मदिनामा ............र उनको उमेर................त्यस मध्ये....................नुबुवत भन्दा पहिला र..............................नबि तथा रसुल हुन्........................र पठाईए..................।

२६. यस तर्फ पठाईयो।

O आफ्नै समुदाय O मानव जातिको लागि O मानव र जिन तर्फ

२७. मेराज नामक यात्रा मक्काबाट अल कुदस सम्म भनेर चिनिन्छ।

(ठीक - बेठीक) ।

२८. नबि (उहाँ माथि शान्ति होस) हिजरत गर्नु भयो ।

O ताएफ O हबशा O मदीना O सबै गरीएको सबै ठाउँ ।

२९. महत्वपुर्ण गजवा कतिवटा छन् ?

O तिन O चार O पाँच ।

३०. मोहम्मद (उहाँ माथि शान्ति होस) को कतिजना छोरा छोरी ? O तीन O चार O सात ।

३१. मोहम्मद (उहाँ माथि शान्ति होस) ले बिदाई वाला हज्ज गर्नु भयो यसले यो कुरा प्रश्ट हुन्छ कि वहाँले पहिला पनि हज्ज गर्नु भएको थियो ।

(ठीक - बेठीक)

३२. मोहम्मद (उहाँ माथि शान्ति होस) को जिवनि पढ्नु ।

O अनिवार्य O फाइदाजनक O वैध

३३. खालि ठाउँ भर्नु होस्ः

ईमान भनेको मुखले......................दिलमा.........................शरीरको अङ्गहरुद्धारा.............बढ्छ...................घट्छ..........................

३४. ईमानका कतिवटा स्तम्भहरु छन् ? O छ, O पाँच O चार ।

३५. अल्लाह माथि ईमानमा केहि कुरा शामील छन् । त्यसको संख्य छ ।

O चार O तीन O दई ।

३६. अल्लाह तआलाको वजुदलाई पाप्रणित गर्छ । त्यसको संख्या

O चार O संख्या अनुमान गर्न असम्भव छ ।

३७. मिकाईल फरिश्ता वर्षा गराउने जिम्मेवार छन् ।

(ठीक - बेठीक)

३८. मानिसको मात्रै दिल हुन्छ फरिश्ताहरुको हुदैन ।

(ठीक - बेठीक)

३९. कतिवटा (अकाशवाणी) किताबको नाम बताईएको छ ?

O छ, O चार, O सात, O धेरै ।

४०. हरेक सन्देष्टालाई अल्लाहले किताब प्रदान गर्नु भयो ।

(ठीक - बेठीक)

४१. सब भन्दा पहिला सन्देशवाहक आदम हुन् ।

(ठीक - बेठीक)

४२. मोहम्मद (उहाँ माथि शान्ति होस) रसुल हुन नबि हैनन्।

(ठीक - बेठीक)

४३. उलुल अज्म पैगम्बरहरु कति जना छन्?

O पाँच O चार O धेरै।

४४. अखिरत माथि ईमान मा हरेक त्यो कुरा शामेल छ जुन मृत्यु पछि देखि पुन ईठाईने सम्म हुनेछ।

(ठीक - बेठीक)

४५. तकदीर तथा फैसला माथि ईमानको कतिवटा क्रमहरू छन्?

O चार O पाँच O तिन

४६. के अल्लाह तआलालाई कुनै पनि घटना हन भन्दा पहिलै ज्ञान छ।

O छ O छैन।

४७. के मान्छेहरुले गर्ने कामको ज्ञान अल्लाह तआलालाई पहिलै छ।

O छ O छैन।

४८. के मान्छेहरुले गर्ने हरेक काम अल्लाह तआला कहाँ लेखिन्छ?

O हो O होईन।

४९. भक्तहरु आफुले चाहेको काम गर्न स्वतन्त्र छन्।

(ठीक - बेठीक)

५०. के भक्तहरुले गर्नेकाम सृष्टि हो।

(ठीक - बेठीक)।

५१. तौहिद बाडिएको छ।

O दुई किसिम O तिन किसिम O अनगीनत।

५२. स्यानो शिर्क र ठुलो शिर्क बिच कुनै पाँचवटा भिन्नता लेख्नुहोस्।

१. ..........................................................................................

२. ..........................................................................................

३. ..........................................................................................

४. ..........................................................................................

५. ..........................................................................................

५३. ठुलो शिर्क र स्यानो शिर्क को पाँच पाँच वटा उदाहरण दिनुहोस्।

| स्यानो शिर्क | ठुलो शिर्क |
| --- | --- |
| ............................................................ | ............................................................ |
| ............................................................ | ............................................................ |
| ............................................................ | ............................................................ |
| ............................................................ | ............................................................ |
| ............................................................ | ............................................................ |

५४. आस्थामा मोनाफेकत शिर्क अस्गर हो जसले धर्मबाट खारीज गर्र्दैछ।

(ठीक - बेठीक)

५५. एहसान को स्तम्भः O एक O दुई।

# छैठौं पाठ

## नमाजको शर्तहरु

नमाजको नौ वटा शर्तहरु रहेका छन्।

(१) ईस्लाम (२) बुद्धिमान (३) तमीज
(४) हदस को सफाई (५) नजासतको सफाई (६) शरीरको संवेदनशील अङ्ग ढाक्नु
(७) निर्धारित समय (८) किब्ला तर्फ फर्केर पढ्नु (९) नियत

## पहिलो शर्त: "इस्लाम"

यसको विपरीत कुफ्र हो, यदि कसैले ईश्वरलाई गालि गर्छ वा अल्लाह बाहेक अरु कसैको लागि उपासना गर्छ भने उसको नमाज रद्द गरिनेछ यदि उसले तौबा गरेन भने।

## दोस्रो शर्त: "बुद्धि"

यसको विपरित पागलपन हुन्छ।

## तेस्रो शर्त: "तमीज"

यसको मतलब बालिग हुदैन, यसको मतलब हुन्छ फरक छुट्याउन सक्ने हन्छ र यसमा उमेरको कुनै हदबन्दी छैन तर धैरै जसो सातवर्षको बालकले तमिज गर्न सक्छन्। बच्चाको नमाज कहिले देखि सहि मानिन्छ ? जब उ दुईटा कुरा फरक छुट्याउने लाएक भई हाल्छ अर्थात त्यसलाई प्रश्न उत्तर थाहा होस् आगो र पानीको फरक थाहा होस् न भए उसको नमाज बातिल हुन्छ।

## चौथो शर्त: हदसको सफाई

र यसमा निम्न कुराहरु शामेल छन्

### ठुलो हदस

नुहाएर सफाई

### स्यानो हदस

वजु गरेर सफाई

## पाँचौ शर्त: नजासतको सफाई

शरीर तथा कपडाबाट, यदि कसैले जानि जानि नमाज पढ्यो र उसलाई गन्दगीको बारेमा थाहा थियो र उसलाई त्यो फोहोरलाई सफा गर्ने क्षमता पनि थियो र उसलाई याद पनि थियो तर गरेन भने उसको नमाज मान्य हुने छैन। र गन्दगीको सफाई तिन भागमा बाडिएको छ।

### मोगल्लजा

यो कुकुरको नजासत हो मोहम्मद (स.) त्यो भाडोलाई सात पटक धुने आदेश दिनुभयो जसमा कुकुरले मुख हाल्यो र अन्तिम पटक माटोले धुने। (मुस्लिम)

### मोखफ्फफा

पानीको छिँटा मात्रै हालेर सफा गर्ने र यो त्यस्तो बच्चाको पेशाबको लागि जो अन्न खादैन। मनि र मजि माथि पानी हाल्ने यदि भिजेको छ भने र यदि सुकेको छ भने नङ्गले कोटयाइदिने।

### मोतवस्सित

ठुलो उमेरको पुरष तथा महिलाको पिशाब आदि माथि पानी हालेर सफा गर्नु।

### नजास्त

मानिसको दिसा–पिशाब, मासु खान नहुने जनावरको पिशाब र गोबर र नुकिलो नङ भएका (जङगली) जनावरहरु,
तर जुनावरको खुर चिरिएको हुन्छ जस्तै बिरालो गाधा आदि, र तेजिको साथ बगेको रगत जुन जनावरको वध गरे पछि निस्किन्छ, र मान्छेको गुप्ताङग (अगाडी पछाडी दुईटै) बाट निस्केको रगत र मृत शरीर (मान्छेको शरीर बाहेक र जसको शरीरमा बग्ने खाले रगत हुदैन र समुन्द्रि मृत का साथै टिड्डि (एक किसिमको चारा) बाहेक।

### छैठो शर्तः संवेदनशील अङ्ग ढाक्नु

संवेदनशील अङ्गको तिन भाग छन्।

#### मोखफ्फफा

र यो सात वर्षको बच्चाको अगाडि पछाडिको अङ्ग ढाक्नु।

#### मेगल्लजा

बालिग महिलाको गुप्ताङ्ग साथै पुरै शरीर ढाक्नु, अनुहार बाहेक।

#### मोतवस्सेता

र यो पहिला बयान गरिएको बाहेक हो र यसमा नाईटु देखी घुँडा सम्म ढाक्नु पर्ने हुन्छ।

### सातौ शर्तः निर्धारित समय

समय शुरु हुन भन्दा पहिला वा पछि नमाज मान्य हुदैन। तर कुनै कारणवश एक नमाज अर्को नमाजको साथ मिलाएर पछि पढ्न मिल्छ। तर जानी नमाज ढिलो नमाज गुनाह हो।

## आठौँ शर्तः किब्ला तर्फ फर्किनु

यो शर्त नफिल नमाजमा लागु हुदैन जस्तै सवारी माथि पढ्दा छ। हाम्रो जमानाको जहाजमा पनि तेई आदेश छ। र साथै कुनै डर छ वा अशक्षम छ भने उस माथि पनि किब्ला तर्फ फर्केर पढ्न अनिवार्य छैन।

## नवौँ शर्तः नियत

ईरादा वा नियतको ठाउँ मान्छेको दिल हो र मुखले बोलेर नियत गर्नु बिदअत हो। मनमै नित गर्यो भने उसको नमाज पुरा हुन्छ।

## महत्वपुर्ण जानकारी

१. त्यसको नमाज मान्य हुदैन जसले जानि जानि वा भुलवश यी शर्तहरु मध्ये छोइयो। तर यदि कसैले नमाज पढ्यो र उसको कपडा वा शरीरमा नजासत लागेको कुरो थाहा भएन अथवा बिर्सयो भने उसको नमाज मान्य हुन्छ।

२. यो सबै शर्तहरु ईबादत भन्दा पहिला पुरा गर्नु पर्छ र ईबादत नसकुञ्जेल बाकि रहनु पर्छ।

# सातौँ पाठ

## नमाजको स्तम्भहरु

न्माजको स्तम्भहरु चौदह वटा रहेका छन् ।

(१) उभिएर नमाज पढ्नु
(२) तक्वीर एहराम
(३) सुरह फातिहा पढ्नु
(४) रुकुअ् गर्नु
(५) रुकुअ पछि एतदाल
(६) सात अङ्गमा सज्दा गर्नु
(७) त्यसबाट उठनु
(८) दुईटै सज्दाको बिच बस्नु
(९) यी सबै काम आरम सित गर्नु
(१०) क्रमबद्ध
(११) अन्तिम तशहुद
(१२) तशहुद को लागि बस्नु
(१३) नबि (स.) माथि सलातो सलाम पढ्नु
(१४) दुबैतर्फ सलाम फेर्नु ।

## पहिलो स्तम्भ – उभिएर नमाज पढ्नु

### अनिवार्य नमाजमा

उभिएर नमाज पढ्नु अनिवार्य मध्येको स्तम्भ हो । अशक्षम बाट यो अनिवार्यता आफै खतम हुन्छ ।

### नफिल नमाजमा

नफिल नमाज बसेर पढेपनि मान्य हुन्छ तर उसको लागि आधा बदला मात्रै छ । र जसले सुतेर पढ्यो उसको लागि बसेर पढेको भन्दा आधा बदला ।

## दोस्रो स्तम्भ – एहरामको तक्बीर

“अल्लाहु अक्बर” बाहेक कुनै शब्द मान्य छैन।

## तेस्रो स्तम्भ – सुरह फातेहा पढ्नु

हरेक रकातमा फातेहा पढ्नु अनिवार्य छ चाहे जोर सित पढ्नेवाला नमाज होस् वा आहिस्ता, पुरै तरतीबको साथ एक एक शब्द प्रश्टयाई पढ्न जरुरी छ। तर यदि कसैले ईमामलाई रुकु को अवस्थामा पायो भने उसमाथि जरुरी छैन।

## नवौँ स्तम्भ – यि सबै काम आराम सित गर्नु

यो तेति बेला हुन सक्छ जब हरेक रकातको अनिवार्य दुवाहरु आरामसीत पढियोस्।

## महत्वपुर्ण जानकारी

सबै स्तम्भहरु ईबादतको अङ्गहुन् रुक्न छुट्यो भने ईबादत मान्य हुने छैन चाहे बिर्सेर होस् वा जानि जानि होस्, र “सज्दाए सहव” गर्न पनि जबरजस्ती गर्नु हुदैन बरु त्यो नमाज दोहोर्याउन पठाउनु पर्छ। यदि पहिला त्यस्तो नमाजहरु पढेछ भने त्यो सबै दोहोर्याउन जरुरी छैन। तर अब (जानकारी भई सकेपछि) को नमाज दोहोर्याउनु पर्छ। वल्लाहु आलम

# आठौँ पाठ

## नमाजमा भएका अनिवार्य कार्यहरू

नमाज भएका अनिवार्यताहरु ८ वटा रहेका छन् ।

१. सबै तक्बीरहरु, तक्बीर एहराम बाहेक
२. "समिअल्लाहुलेमन् हमिदा" भन्नु ईमामका साग अथवा एक्लै भएपनि ।
३. "रब्बना व लकलहम्द" भन्नु सबै माथि अनिवार्य छ ।
४. रुकुअमा "सुब्हान रब्बियल अजीम" भन्नु ।
५. सज्दामा "सुबहान रब्बियल आअ्ला" भन्नु ।
६. दुइटै सज्दाको बिचमा "रब्बिग फिरलि" भन्नु ।
७. पहिला तशह्हुद ।
८. तशह्हुदको लागि बस्नु ।

## महत्वपुर्ण जानकारी

रुकुअमा "सुबहान रब्बियल अजिम" भन्नु जरूरी छ यहि शब्दका साथ र त्यसपछि त्यो बढाउन सकिन्छ जुन साबित छ र यस्तै सज्दाको दुवा पनि ।

# नवौँ पाठ

## तशह्हुदको वर्णन

**अत्तहियातु लिल्लाही वस्सलवातु वतैय्यिबातु अस्सलामु अलैक अय्युहन नबियु वरहमतुल्लाहि व बरकातुह, अस्सलामु अलैना वअला ईबादिल्लाहीस साहिन, अशहदु अल्लाह इलाह इल्ललल्लाहु व अश्हु अन्न मुहम्मद अब्दुहु व रसुलुह।**

त्यस पछि नबि (स.) माथि सलातो सलाम पढ्दै बरकतको दुवा गर्नु पर्छ **"अल्लाहुम्म सल्लि अला मुहम्मद वअला आले मुहम्मद कमा सल्लैत अला ईब्राहिम व अला आले ईब्राहिम ईन्नक हमीदुम मजिद, व बारिक अला मुहम्मद व अला आलि मुहम्मद कमा बारकता अला इब्राहिम व अला आलि इब्राहीम इन्नका हमीदुम्मजीद "।**

त्यस अन्तिम तशह्हुदको बैठकमा नर्क र चिहानको कष्टबाट जिवन र मृत्युको कष्टबाट र दज्जालको आतंकबाट अल्लाहको शरण माग्नु पर्छ। र त्यो दुवाहरु पढ्नु पर्छ जुन साबित छन्।

जस्तैः **अल्लाहुम्म अईन्नि अला जिक्रिक व शुक्रिक व हुस्नि ईबादतिक अल्लाहुम्म ईन्नि जलम्तु नफ्सि जुल्मन कसीरन, वला यग्फेरुज्जुनुब इल्ला अन्त फग्फिरलि मग्फेरतन मिन ईन्दिक वर हमनि ईन्नक अन्तल गफुरुर रहीम।**

तर पहिलो तशह्हुदमा कलमा शहादततैन पछि तेस्रो रकातको लागि उठ्नु पर्छ, जोहर, असर मगरीब र ईशाको नमाजमा तर नबि (स.) माथि सलातो सलाम पढेको राम्रो हुन्छ।

# दसवौँ पाठ

## नमाजका सुन्नतहरु निम्न छन्:

१. नमाजलाई दुवा द्धारा आरम्भ गर्नु ।

२. नमाजमा उभेको बेलामा आफ्नो दायाँ हातको हत्केलिलाई देब्रे हातको हत्केलिमाथि गरी आफ्नो छाति माथि राख्नु ।

३. पहिलो तक्बीर वा रुकुअ गर्ने समय तय रुकुबाट शिर उठाउने समय र पहिलो तशह्हुदबाट रकअतका लागि उठने समय दुवै हातका औँलाहरुलाई आफ्नो काँध वा कान सम्म उठाउने ।

४. रुकूअ र सज्दामा एक भन्दा पढि पटक तस्बीह पढ्नु ।

५. रुकूअ र सज्दामा पछि अतिरिक्त दुवा पढ्नु ।

६. रुकुअमा पिठ्यु र ठाउकोलाई बराबरीमा राख्नु ।

७. सज्दाको हालतमा  दुइटै हातलाई काँखिबाट टाढा राख्नु र पेटलाई साप्रुबाट टाढा राख्नु ।

८. कुहुनिलाई जमिन मा न टाँस्नु ।

९. नमाजि आफ्नो बायाँ खुट्टा बिछाएर त्यसमाथि बस्नु र दाहिना खुट्टाको औँला जमिनमा टेकाएर ठाडो गरेर राख्नु ।

१०. अन्तिम तशह्हुदमा देब्रे खुट्टालाई खडा राखी देब्रे खुट्टालाई नितम्बको तलबाट पसारेर बाहिर निकाली भुइमा बस्नु ।

११. शहादतको औँलाले पहिलो तशह्हुद दोस्रो तशह्हुमा ईशारा गर्नु र दुवा पढ्दाखेरी त्यसलाई हरकत दिनु।

१२. पहिलो तशह्हुदमा नबि (स.) माथि र वहाको खनदान तथा साथिहरुमा र इब्राहीम तथा वहाँको सन्तान र साथिहरुमाथि सलातो सलाम को साथ बरकतको दुवा गर्नु।

१३. अन्तिम तशह्हुदमा दुवा पढ्नु।

१४. ठूलो स्वरमा आलाप गर्नु, फज्र, मगरिब,ईशा, जुमा, ईदैन र वर्षा माग्ने नमाजमा।

१५. मनमनै आलाप गर्नु जोहर, असर र मगरिब को तेस्रो रकातमा र ईशा अन्तिम दुई रकातमा।

१६. सुरह फातिहा पछि कुरआनको केहि भाग पढ्नु।

र अरु पनि कुराहरुको ख्याल राख्नु जुन हदिसमा बयान गरिएको छ।

## नमाजको शुरुमा पढ्ने दुवा

तक्बीर पछि नमाजको शुरुमा नबि (स.) यो दुवा पढ्नु हुन्थ्यो

**अल्लाहुम्म बाईद बैनि व बैन खतायाय कमा बाअदता बैनल मशरिके वल मगरिबे, अल्लाहुम्म नक्केनि मिनल खताया कमा युनक्कस सौबुल अब्यजो मिनद्दनस, अल्लाहुम्म अग्सिलनि मिन खतायाया बिल माए वस्सलजे वल बर्द।**

अथवा - **“ सुबाहानका अल्लाहुम्मा व बि हम्दिका व तबारकस्मुक व तआला जद्दुका व ला इलाहा गैरुक ”**

# एघारौँ पाठ

## नमाज भङ्ग गर्ने कुराहरु

नमाज भङ्ग गर्ने कुराहरु आठवटा छन् ।
(१) नमाजमा जानि बुझि कुरा गर्नु, तर बिर्सेर कुरा गरेमा कुनै आपति छैन ।
(२) हाँस्नु (३) खानु (४) पिउनु
(५) गुप्ताङ्ग जाहेर हुनु । (६) किब्ला भन्दा अर्को तर्फ फर्किनु ।
(७) नमाजमा अनावश्यक कार्य गरिरहनु ।
(८) वजु भङ्ग हुनु ।

## भङ्ग गर्ने पहिलो कुरा:

जानि जानि कुरा गर्नु । तर ईमामले गल्ती गर्द लुक्मा दिन सकिन्छ ।

## नमाजमा हरकत गर्ने केहि अवस्था

| | | | | |
|---|---|---|---|---|
| अवैध हरकत यो हो कि अनावश्यक लगातार हरकत गरि राख्नु । जस्तै खानु | दायाँ बायाँ फर्किने हरकत पनि नापसन्द गरिएको छ । | आवश्यक परेमा हरकत गर्न जाएज छ जस्तै दाढी चिलाउनु परेमा । | मुस्तहब त्यो हरकत जो नमाजलाई पुरा गर्नको लागि गरियोस् जस्तै गुप्ताङ्ग ढाक्नु | अनिवार्य हरकत त्यो हो कि जो नमाजलाई सहि हुन कोलाई गरियोस् जस्तै नजासत सफा गर्न । |

## महत्व पुर्ण जानकारी

### नमाजको शर्त, रूक्न, सुन्नत र फर्जमा के फरक छ ?

<table>
<tr><th>शर्त</th><th>रुक्न</th><th>वजिब</th><th>सुन्नत</th></tr>
<tr><td>ईबादत भन्दा बाहिरको स्थिति</td><td colspan="3">ईबादत भित्रको स्थिति</td></tr>
<tr><td>हरेक ईबादको शर्त हुन्छ</td><td colspan="3">ईबादतको भागमा केहि कमि हुन्छ</td></tr>
<tr><td colspan="2">न त बिर्सेर न त जानी जानि न त थाहा न भएको अवस्थामा कुनै पनि अवस्थामा मान्य हुने छैन।</td><td>बिर्सेर वा न जानेर मान्य हुन्छ तर जानी जानी मान्य हुदैन।</td><td>बिर्सेर वा न जानेर मान्य हुन्छ तर जानी जानी मान्य हुदैन।</td></tr>
<tr><td>यसको लागि सस्ज्दा सहव छैन।</td><td>सज्दा सहवले पुरा गर्न सक्दैन</td><td>सहवले हुरा हुन्छ</td><td>/</td></tr>
</table>

## सज्दा सहव

सज्दा सहवको कारण तिनवटा छन् ।

### ज्यादति भएमा

जस्तै मान्छेले सज्दा वा रुकु बढाईदियो

### घटाई दिएमा

जस्तै वाजिब मध्ये केहि घटाई दियो

### शंका भएमा

श्ंका लाग्यो कि तिन पढे कि चार त्यस्तो अवस्थामा

### ईबादत सकेपछि शक लागेमा

यस्तो हालतमा दोहार्याउनु पर्दैन

### ईबादतको बिचमै शंका

लागेमा यदि कम शंका छ भने दोहोर्याउन पर्दैन

### नोट

- ❖ यदि नमाजि मान्छे बिस्र्यो भने त्यसमाथि कुनै गुनाह छैन ।
- ❖ यदि कुनै स्तम्भ नै छोडदियो भने उसको नमाज मान्य हुदैन यहाँ सम्म कि त्यसलाई पुरा गरोस् ।
- ❖ यदि कुनै अनिवार्य कुरा छुट्यो भने सज्दा सहव गर्नु पर्छ ।

## तस्विरको माध्यमले नमाजको एक झलक

- सब भन्दा पहिला मुस्लिमले आफ्नो घरमा नुहाई धुवाई सरसफाई तथा वजु गरि राम्रो लुगा लगाउनु पर्छ।
- मस्जिद तर्फ जादा खेरी आरामसँग बिस्तारै कसैलाई कष्ट न दि जानुपर्छ।



- मस्जिद पुगेपछि जुत्ता फुकालेर निर्धारित ठाउँमा राख्नु पर्छ र मस्जिदमा किन बेच गर्नु हुदैन।
- मस्जिद भित्र पहिला दायाँ खुट्टा राख्दै यो दुवा पढ्नु पर्छ "बिस्मिल्लाह वस्सलातो वस्सलामो अला रसुलिल्लाह अल्लाहुम्मपफ्तह लि अब्वाब रहमतिक" र बाहिर निस्किने बेला पहिला बाँया खुट्टा बाहिर निकाल्दै यो दुवा पढ्नि "बिस्मिल्लाह वस्सलातो वस्सलामो अला रसुलिल्लाह अल्लाहुम्म ईन्नि अस्अलुक मिन फज्लिक"।
- केटा मान्छे सब भन्दा अगाडिको लाईनमा र केटि मान्छे सब भन्दा पछाढीको लाइनमा बसेको राम्रो हो।
- यदि नमाज शुरु भई सक्या छ भने "अल्लाहु अक्बर" भनेर ईमाम जुन अवस्था छन त्यहि अवस्थामा आफु शुरु गर्नु पर्छ र इमामले सलाम फेरी पछि छुटेको नमाज पुरा गर्नु पर्छ।

- यदि नमाज शुरु भा छैन भने “तहिय्यतुल मस्जिद” र सुन्नतहरु पढेर मात्रै बस्नु पर्छ।
- नमाज शुरू गराउन खासनु खकारनु हुदैन।
- ईमाम साहब वा मुन्फरिद कुनै पनि हालतमा सुत्राको व्यवस्था गर्नु पर्छ। ईमामको सुत्रा मक्तदीलाई काफि छ।



- दुईटै खुट्टा बिचको दुरी दुबै बराबर राख्नु पर्छ।



❖ नमाजको जम्मै शराएतहरु का साथ “अल्लाहु अक्बर” भन्दै दुवै हात काँध सम्म उठाउँदै छातिमा राख्नु पर्छ



❖ दाहिना हत्केला बायाँ हत्केला माथि राखि नमाज शुरु गर्नु पर्छ।



❖ सज्दाको ठाउँमा नजर राख्नु पर्छ एताउता घुमाउनु हुदैन।



❖ त्यस पछि (पहिलो रकातमा मात्रै) शरुवाति दुवा पढ्नु पर्छ।
❖ त्यस पछि "अउजुबिल्लाहि मिनश्शैतानिररजीम"
❖ फेरी बिस्मिल्लाहिर्रहमानिर रहिम
❖ सुरह फतिहा पढ्ने
❖ कुरआनको केहि भाग पढ्ने
❖ त्यस पछि "अल्लाहु अक्बर" भन्दै दुबै हात काँध सम्म उठाई अनी रुकुमा जाने
❖ रुकुमा दुईटै घुँडा हत्केलाले समात्नि र साथै टाउको पिठ्यु बराबर राख्नी
❖ रुकुअको दुवा "सुब्हान रब्बियल अजीम" कमसे कम एक पटक र त्यो भन्दा बढी पढेको धेरै राम्रो हुन्छ।



- ❖ त्यसपछि “समिअल्लाहु लेमन हमिदह” भन्दै सिधा उठने र सथै दुवै हात काँध सम्म उठाउने।
- ❖ सिधा उठेपछि “रब्बना व लकल हम्द पढ्नु।
- ❖ त्यसपछि अल्लाहु अक्बर भन्दै (हात न उठाईकन) सात अङ्गमा सज्दा गर्ने। (दुईटै खुट्टाको औँलाहरु, घुँडा, दुईटै हत्केला, निधार नाक सहित
- ❖ दुईटै कुहनि जमीनमा न टाँस्ने र साप्रु पेटमा न टाँस्ने।



- सज्दामा “सुब्हान रब्बियल आला” कमसेकम एक पटक पढ्ने एक भन्दा बढि चोटि पढ्यो भने भनु राम्रो।
- त्यसपछि “अल्लाहु अक्बर” भन्दै देब्रे पाइलालाई पसारेर त्यसैमाथि बस्नु र दायाँ पाइलाको औँलाहरुलाई भुइमा टेकि त्यसलाई खडा राख्नु, नमाजमा बस्दा हरेक बेला यस्तै बस्नु पर्छ अन्तिम तशह्हुदमा बाहेक । अन्तिम तशह्हुदमा देब्रे खुट्टालाई खडा राखि बायाँ खुट्टालाई नितम्भको तलबाट पसारेर दाहिना खुट्टाको तलबाट निकालेर बायाँ नितम्भको भरमा बस्नु।



- त्यसपछि पहिले को जस्तै दोस्रो सज्दा गर्नि ।
- फेरी "अल्लाहु अक्बर" भन्दै दोस्रो रकातको लागि उठेर ठिक पहिले रकातको जस्तै पढ्नि । (शुरुवाति दुवा बाहेक)
- दोस्रो रकात पुरा गरे पछि तशह्हुदको लागि बस्नु पर्छ ।
- दाहिने हातको पहिलो औँलाबाट ईशारा गर्नु ।
- दुवाए शहादत अनिवार्य पढ्ने ।
- यदि दुई रकात वाला नमाज हो भने दरुद अनिवार्य पढ्ने । **अल्लाहुम्म ईन्नि अअुजुबिक मिन अजाबे जहन्नम व अअुजुबिक मिन अजाबिल कब्र, व अउजुबिक मिन फित्ने दज्जाल, व अउजुबिक मिन फित्नति मह्याय व ममात, अल्लाहुम्म अइन्नि अला जिवरीक वला शुक्रीक व हुस्नी ईबादतिक** ।



❖ त्यस पछि दायाँ बायाँ दुवै तिर टाउको घुमाउदै सलाम फेर्ने (अस्सलामु अलैकुम व रहमतुल्लाह) र टाउको तल माथि न गर्ने र हातले पनि केहि ईशारा न गर्ने।



- यदि नमाज तिन रकात वाला वा चार वाला हो भने पहिलो तशह्हुद मा दरुदे ईब्राहिमी पढ्न सकिन्छ।
- फेरी अल्लाहु अक्बर " भन्दै तेस्रो रेकात पु गरी वा चार रकात वाला नमाज हो भने चौथो रकात पुरा गरि अन्तिम तशह्हुदको लागि बस्ने।
- तशह्हुदमा बसेर दरुदे ईब्राहीमी को साथै **"अल्लाहुम्म ईन्नि अउजुबिक मिन अजाबि जहन्नम, व अउजुबिक मिन अजाबिल कब्र व अउजुबिक मिन फितनति दज्जाल व अउजुबिक मिन फित्नतिल महयाय व ममात।**
- यदि फर्ज नमाज पढ्दै हुनुहुन्छ भने नमाज पछि जिक्र अनिवार्य गर्नु।
- अस्तग्फिरुल्लाह अल्लाहुम्म अन्तस्सलाम व मिन्क स्सलाम तबारक्त जल्जलालि वल ईक्राम।
- त्यसपछि "सुब्हानल्लाह" "अलहम्दुलिल्लाह" "अल्लाहु अक्बर" ३३–३३ पटक पढ्नि र त्यसपछि "लाईलाह ईल्लल्लाहु वहदहु ला शरीकलहु लहुल मुल्कु व लहुल हम्दु वहुव अला कुल्लि शैईन कदीर"
- त्यस पछि आयतुल कुर्सि "अल्लाहु लाईलाह ईल्ल............"
- अन्त्यमा "कुल हुवल्लाहु अहद" कुल अउजुबि रब्बिल फलक कुल अउजुबि रब्बिन नास।

## महत्वपुर्ण जानकारी

❖ पहिला वर्णन भई सक्यो नमाजको बेला गुप्ताङ्ग जाहेर हुन्छ हुदैन यदि भयो भने नमाज बातिल हुन्छ।





❖ यदि ईमामको साथमा पढ्दै हुनुहुन्छ भने ईममको दायाँ पट्टि बराबरीमा उभेर पढ्ने।



## नमाजको छोटकरीमा वर्णन

| नाम | महत्व | समय | संख्या | गुण |
|---|---|---|---|---|
| जुमाको नमाज | अनिवार्य | जोहरको टाईम | दुई रकात | उँचा आवाजले पढ्ने तिन जना वा त्यो भन्दा बढि |
| अल कुसूफ (ग्रहणको नमाज) | केफाया | कुसुफको बेला ग्रहण लागेको बेला | दुई रकात | उँचा आवाजले हरेक रकातमा दुई रुकु को साथ। |
| वित्र | सुन्नते मोअक्कदा | ईशाको नमाज पछि देखि फजर भन्दा पहिला सम्म | एक देखि एगारह सम्म | ❖ एक रकात मात्रै<br>❖ वा तिन रकात एक साथ बिचमा न बस्ने एकै चोटि अन्त्यमा बस्ने वा दुई रकात पढेर सलाम फर्ने र फेरि एक पढ्ने वा<br>❖ पाँच रकात लगातार र पाँचऔ रकात मा मात्रै बस्ने।<br>❖ सात रकात लगातार सातऔ रकात मा मात्रै बस्ने।<br>❖ नौ रकात, आठ पढेर तशह्हुदमा बस्ने सलाम न फेरी नवौँ रकात पढ्ने<br>❖ दुई दुई रकात र अन्त्यमा एक रकात |

| | | | | |
|---|---|---|---|---|
| फज्रको रातिब | सुन्नते मुअक्कदा | फज्र नमाज भन्दा पहिला | दुई रकात | पहिलो रकातमा सुरह काफिरुन दोस्रो रकातमा सुरह इख्लास |
| जोहरको सुन्नत | सुन्नत | जोहर भन्दा पहिला चार, जोहर पछि दुई | २ / ४ | दुई दुई रकात गरेर पढ्ने |
| मगरिबको सुन्नत | सुन्नत | मग्रिबको नमाज पछि | दुई रकात | पहिलो रकातमा सुरह काफिरुन दोस्रोमा सुरह ईख्लास |
| ईशाको सुन्न | सुन्नत | ईशाको नमाज पछि | | |
| तरावीह | सुन्नत | ईशाको नमाज पछि देखि फजर नमाज सम्म | दुई देखि दस सम्म | |
| तहिय्यतुल मस्जिद | वाजिब | मस्जिदमा पस्ने समय, बस्नु भन्दा पहिला | दुई रकात | |

| | | | | |
|---|---|---|---|---|
| चाश्तको नमाज | सुन्नत | सुर्य उदाएर थोरै माथि आएपछि देखि ढल्किने टाईम सम्म | दुई देखि आठ सम्म | |
| ईस्तेखारा | सुन्नत | जुनबेला चाहे | दुई रकात | सलाम फेर्न भन्दा पहिला ईस्तेखाराको दुवा पढ्नी |
| वर्षा माग्नको लागि (ईस्तीस्का) को नमाज | सुन्नत जरुरत परेको बेला | सुर्य माथि उठे पछि। | दुई रकात | सात तक्बिर पहिलो मिलाएर र दोस्रो रकातमा पाँच |
| ईदैनको नमाज | सुन्नत | सुर्य माथि उठे पछि। | दुई रकात र खुतबा | सात तक्बिर पहिलो मिलाएर र दोस्रो रकातमा पाँच |

**जुन समय नफिल नमाज पढ्न बाट मनाहि गरिएको छ**

१. फजरको नमाज पछि लिएर सुर्य उदाय सम्म।
२. असरको नमाज पछि लिएर सुर्य अस्ताए सम्म।
३. दिउसो सुर्य ठिक टाउको माथि लिएर ढल्के सम्म।

## नमाजको सम्बन्धमा प्रश्नहरु

१. नमाजको कतिवटा शर्तहरु कतिवटा छन् । O नौ, O एगारह, O आठ ।

२. नमाजको शर्तमा ईस्लाम गलतिवश राखिएको छ किनकि नमाज त मुस्लिमले मात्रै पढ्छन् । (ठीक - बेठीक) ।

३. फरक छुट्याउन बुलुगत माथि निर्भर पर्छ । (ठीक - बेठीक) ।

४. फोहर सफा गर्नमा शरिर कपडा र ठाउँ शमिल छ । (ठीक - बेठीक) ।

५. सुँगुर को फोहोर हो । O मोगल्लज, O मोतवस्सेता ।

६. मनि निस्किदा नुहाउनु अनिवार्य हुन्छ । (ठीक - बेठीक) ।

७. पानि छर्किनु र नुहाउनु दुईटै बराबर छन् । (ठीक - बेठीक) ।

८. मुर्दार सबै नजिस हुन्छन् । (ठीक - बेठीक) ।

९. कुकुरको कारण फोहोर भएको भाडो माटो बिना पनि सफा गरे हुन्छ ।(ठीक - बेठीक) ।

१०. बिरालो केहि मान्छेहरुको नजिक पाक छ केहिको नजिक नापाक ।(ठीक - बेठीक) ।

११. नफ्स भनेको रुह हो ।(ठीक - बेठीक) ।

१२. शरीरमा भएको रगत हुन्छ । O नजिस, O ताहिर ।

१३. नमाजको स्तम्भहरु कतिवटा छन् ? O चार, O छव, O आठ ।

१४. तक्बीरुल एहाम हात उठाउनु हो । (ठीक - बेठीक) ।

१५. यदि नमाजको कुनै स्तम्भ छुट्यो भने सज्दाए सहव काफि छ । (ठीक - बेठीक) ।

१६. नमाजको वाजिबात कतिवटा छन् ? O आठ, O चौदह, O नौ ।

१७. उसले आफ्नो सज्दामा “सुब्हान कुद्दुसुन रब्बुल मलाएकति वर्रुह” भन्यो । उसलाई थाहा छ भने “सुब्हान रब्बियल आला” एक चोटि भएपनि भन्न जरुरी छ न भए नमाज मान्य हुने छैन । (ठीक - बेठीक) ।

१८. नमाजमा दाहिना हात बायाँ हात माथि राख्नु पर्छ । (ठीक - बेठीक) ।

१९. अनिवार्य नमाजमा शरुवातको दुई रकातमा ठुलो स्वरमा आलाप गरीन्छ र इदैनमा पनि । (ठीक - बेठीक) ।

२०. नमाजलाई बातिल गर्ने कुराहरु कतिवटा छन् । O आठ, O नौ, O चौदह ।

२१. तशह्हुदमा तवर्रुक गरिन्छ । O पछि तशह्हुद, O अन्तिम तशह्हुद, O सबैमा ।

२२. "रब्बना व लकलहम्द" मा "वश्शुक्र" बढाउन। O जाएज, O अवैध, O राम्रो।

२३. दुई सज्दाको बिच "रब्बिगफिरलि व ले वा ले दय्य" भन्नुः O वैध, O अवैध, O नराम्रो।

२४. सज्दामा दुईटै कुहनि जमिनमा राख्नु। O अवैध, O नराम्रो, O राम्रो।

२५. सज्दाए सहव कतिवटा कारणले गरीन्छ ? O दुई, O तिन, O चार।

२६. काम गरिसकेपछि शंका भएको केहि फरक पर्दैन चाहे जति पनि शंका लागोस्। (ठीक - बेठीक)।

२७. फजरको सुन्नत महत्वमा रवातिब बाट फरक छन जस्तै सुन्नत पछि घरमा एकछिन सुत्नु।
(ठीक - बेठीक)।

तल बयान गरिए मसाएलहरुको हुक्म बताउनुस ।

| मसला | महत्व |
|---|---|
| जसले ईस्लामलाई गाली गर्छ तर नमाज पढ्छ | |
| नशामा धुत्त मान्छेको नमाज | |
| बिरामीको नमाज | |
| बच्चाको नमाज | |
| भुलवश बिना वजुको नमाज | |
| भुलवश फोहोर कपडामा नमाज पढ्यो | |
| गाइको पेशब | |
| कौबाको पेशाब | |
| साप्रु खुलेको मान्छेको नमाज | |
| भुलवश समय अगावै नमाज पढ्नु | |
| जहाजमा नमाज | |
| समयको नियत | |
| बसेर नमाज पढेको | |
| सुरह फातेहा बिर्सिनु | |
| ईमामलाई रुकुको हालतमा भेटाएपछि | |

| | |
|---|---|
| न्माजमा हतार गरेको | |
| धेरै शंका वा नमाज पछि शंका | |
| तक्बिरे तहरीमा पछि वजूमा शंखा | |
| भुलवश बढि रुकु गर्नु | |
| पहिलो तक्बिर बिर्सेको | |
| पहिलो तशह्हुद बिर्सेको | |
| अन्तिम तशह्हुद बिर्सेको | |
| तिन रकात वा चार रकात को शंका | |
| नमाज पछि शंका | |
| नमाजमा शंका | |
| सज्दा सहव बिर्सयो | |
| भुलवश नमाजमा बोल्नु | |
| गुप्ताङ्ग खुला भएको स्थितिमा नमाज पढ्यो | |
| घर बाट वजु गरेर नमाजको लागि जानु | |
| मस्जिदमा किनबेच | |
| मस्जिदमा पैसाको कारोबार गर्नु | |

| | |
|---|---|
| ईमामलाई अन्तिम तशह्हुदमा पाएमा | |
| न्माजमा सुत्रा | |
| थोरै दायाँ बायाँ फर्किनु | |
| धेरै फिर्किनु | |
| नमाज हतारमा पढ्नु | |
| तशह्हुदमा दरुदे ईब्रहीमी पढनु | |
| नमाजमा कुराकानि गर्नु | |
| नमाज चलिराख्नु | |
| सुरह फातेहा बिर्सेभने | |
| जुमाको नमाज | |
| वित्र | |
| तहियतुल मस्जिद | |

फरक बताउनु होस ।

| **शर्त** | **रूक्न** | **वाजिब** | **सुन्नत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

# बाह्रौ पाठ

## वजूका शर्तहरू

यी दसवटा हुन:

(१) मुस्लिम हुनु।
(२) बुद्धि हुनु।
(३) बुझ्ने वा छुट्टयाउने क्षमता हुनु।
(४) नियत (विचार) गर्नु।
(५) वजू समाप्त हुनेसम्म नियतलाई बाँकी राख्नु।
(६) वजूलाई अनिवार्यगर्ने कूराहरु नहुनु।
(७) वजूभन्दा अघि पानी वा माटोले इस्तिन्जा गर्नु।
(८) पानी पवित्र र जायज (वैध) हुनु।
(९) पानी पहुंचने बाट रोक्ने वस्तुलाई हटाउनु।
(१०) वजू नटिक्ने मान्छेका लागि नमाजको समय हुनु।

## केहि शर्तहरूको व्याख्या:

- (واستصحاب حكمها بأن لا ينوي قطعها حتى تتم طهارته) अर्थात वजूगर्ने नियत शुरु देखि अन्तिम सम्म बाँकी रहोस्।
- (وانقطاع موجب الوضوء) अर्थात ऊँटको मासु खाँदा वा पिशाब गर्दा खेरि वजू नगरोस्, बरू वजू गर्नु भन्दा अघि तुइसलाई अनिवार्यगर्ने कूराहरु हुनुपर्दैन।
- (واستنجاء أو استجمار قبله) ऊँटको मासु खानु, वा निद्राउनु वा हावा खुस्किनु बाट वजू गर्नु बाहेक।

- (وطهورية ماء وإباحته) अर्थात अपवित्र (अशुद्ध) र जबर्दस्ती समातिएको पानी द्वारा वजू गर्नुपर्दैन।
- (إزالة ما يمنع وصوله إلى البشرة) अर्थात पानी पहुंचने बाट रोक्ने वस्तुलाई हटाउनु, जस्तै आटा वा नेल पलिशहरू। किनभने यो पानी पहुंचने बाट रोकिन्छ।

## प्राक्रितिक सुन्नतहरु

१. खत्ना गराउनु ! केटा मान्छे माथि अनिवार्य छ केटि मान्छेले आवश्यक्ता परेमा गर्न सक्छे।
२. जुगाँ काटनु
३. नङ्ग काटनु
४. काखिको रौँ उखेल्नु
५. गुप्ताङ्ग तिरको रौँ चालिस दिन पुग्न भन्दा पहिला सफा गर्नु।
६. दाह्रि बढाउनु अनिवार्य छ र दाह्रि काटेमा ठुलो पाप लाग्छ।
७. मिस्वाक गर्नु: अर्थात ऊद को हाँगा वा त्यस्तै फाईदा जनक रुखको वा बोटको हाँगाले दाँत सफा गर्नु। यो सुन्नत हो। हरेक टाईममा मिस्वाक गर्न आदेश दिईएको छ। वजुको बेला , नमाजको बेला घरमा दाखिल हुने बेला कुरआन पढने बेला सुतेर उठेको बेला र मुखबाट गन्ध आएको बेला।

# तेह्रौ पाठ

## वजूका अनिवार्य कूराहरुः

यी छौवटा हुनः

(१) अनुहार लाई धुनु, अनि कुल्ला गर्नु र नाकमा पानी हाल्नु त्यसै मध्ये हो।
(२) दुबै हातहरुलाई कुहिनो संगै धुनु।
(३) समस्त टाउकोलाई पानीले मसह (स्पर्श) गर्नु र दुबै कानहरू त्यसै मध्ये हो।
(४) दुबै खुट्टाहरुलाई गोलीगाँठो सहित धुनु।
(५) क्रमले वजू गर्नु।
(६) वजूका अंगहरुलाई लगातार धुनु।

अनूहार, दुबै हात र दुबै खुट्टाहरुलाई तीन-तीन पटक धुनु मुस्तहब (उत्तम) हो। यसैगरि तीन पटक कुल्ला गर्नु, र तीन पटक नाकमा पानी हाल्नु पनि मुस्तहब हो। किन्तु अनिवार्यचाहिं मात्र एक एक पटक धुनु हो। सही हदीसहरू अनुसार टाउको को मसहलाई दोहर्याउनु मुस्तहब र बेस छैन।

## मुवालात (लगातार धुनु) को उपलब्धि कस्री हुन्छ ?

वजूगर्ने मान्छेले वजूका अङ्गलाई एक अर्का पछि यस प्रकार धुनुपर्छ कि पहिलो धुनुभएको अङ्ग नसुखीहालोस्।

# चौथौ पाठ

## वजूलाई भंगपार्ने कूराहरुः

यी छौवटा हुनः

(१) दिशा पिशाबको ठाउँबाट निस्किने पदार्थ।

(२) शरीरबाट निस्कने कुनैपनि अशुद्ध वस्तु।

(३) निद्रा वा अरू कुनै कारणले होश र बुद्धि समाप्त हुनु।

(४) अगाडि वा पछाडिको गुप्तांगलाई बिना पर्दा छुनु।

(५) ऊँटको मासू खानु।

(६) निधर्म हुनु ( इस्लाम बाट फर्किनु )।

महत्वपूर्ण चेतावनीः

मृतकलाई नुहाउनु कारणले सही कथनानुसार वजू भंग हुँदैन, र धेरै विद्धानहरुको यही कथन हो, किनभने यसको कुनै प्रमाण छैन । किन्तु स्नान गराउँदा खेरि मान्छेको हात मृतकको गुप्तांगलाई बिना पर्दा स्पर्श गरोस् भने त्यसमाथि वजू अनिवार्य हुनेछ। अनि स्नान गराउने मान्छे लागि आवश्यक छ कि उसले बिना कुनै पर्दा मृतको गुप्तांगलाई न स्पर्श नागरोस्।

यसैगरी पत्नीलाई छुनाले वजू कदापि भ्रष्ट हुँदैन चाहे त्यो छुने कार्य कामेच्छाले होस् वा बिना कामेच्छा होस्। यो कथन नै अधिक सही र मान्य हो, जब सम्म कि केहि वस्तु स्खलन न होस् किनभने नबी सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो केहि पत्निहरुलाई चुम्बन गरे पछि वजू नगरीकन नमाज पढ्नु भयो।

अल्लाहको कथनः (أو لامستم النساء) अर्थातः वा तिमीहरूले स्त्रीहरुलाई छुनुभएकाहौ) बाट तात्पर्य विद्धानहरुको शुद्ध कथनानुसार सम्भोगगर्नु हो, तथा यो कथन नै अब्दुल्लाह बिन अब्बास, तथा अघि र पछिका धर्मगुरूहरुको एउटा टोलीको कथन हो।

## भंगपार्ने केही कूराहरुको व्याख्याः

- (الخارج من السبيلين) अर्थात दुबै ठाउँ देखि निस्किने सबै वस्तुहरू, जस्तैः पिशाब, दिशा, वीर्य , मजी, वदी , हावा, कंक्रीट, रगत, कीरा , मासिक धर्म, र सुत्केरी।
- (والخارج الفاحش النجس من الجسد) सही कथनानुसार शरीरबाट निस्कने कुनैपनि अशुद्ध वस्तुले वजू भंगपार्दैन। यदि दिशा पिशाब को प्रकार मध्य होस् भने भंगगर्छ।
- (وزوال العقل بنوم وغيره) अर्थात निद्रा वा अरू कुनै कारणले होश र बुद्धि समाप्त हुनु, निद्रा आफैँमा भंगपार्नेवाला होइन, तर त्यसमा हावा निस्कने शंका हुन्छ, यदि निश्चित रूपमा केहि निस्केछैन भने भंगपार्ने होइन।
- ( ومس الفرج باليد قبلا كان أو دبرا من غير حائل ) गुप्ताङ्ग छुएमा वजूगर्न उत्तम हो , अनिवार्य होइन भने महान धर्मगुरू इब्ने तैमियहले सही कथन भन्भएको छ।

# वजूगर्ने विधिको चित्रित बयान

- वजू गर्ने विचार छ भने " बिस्मिल्लाह " भन्नु उत्तम हो।
- फेरि दुबै हत्केला लाई तीन चोटी धुनु।
- दायाँ हाथबाट मुखमा पानी हल्लाएर तीन चोटी कुल्लीगर्नु। फेरि नाकमा पानी हालेर बायाँ हाथ बाट तीन चोटी सफा गर्नु।
- फेरि आफ्नो अनुहारलाई तीन चोटी धुनु, अनुहारको सीमा लम्बाइमा निधारको कपाल देखि दाह्री को कपालको तल सम्म र चौडाईमा दायाँ कान देखि बायाँ कान सम्म हो। यदि दाह्री घना छ भने उसको खिलाल गरि कपालको तलसम्म पानी पुर्याउनु।
- फेरि दुबैहाथहरूलाई कुहिना समेत तीन चोटी धुनु , पहिला दायाँ हाथलाई फेरि देब्रो हाथलाई।
- फेरि एक चोटि टाउकाको मसह (स्पर्श) गर्नु। दुबैहाथहरूलाई निधार देखि पछाडि गुद्दी सम्म र गुद्दी देखि निधार सम्म लैजानु।
- फेरि चोर औँला बाट कानको भित्र र बुढी औँला बाट कान को माथिल्लो भाग माथि एक चोटि मसह गर्नु।
- फेरि दुबै खुट्टाहरूलाई गोलीगाँठो समेत तीन चोटी धुनु।










## वजू गरे पछि यो दुआ पढनु पर्छः

" अश्हदु अल्लाइलाह इल्लल्लाहो वहदहू ला शरीकलहू व अश्हदु अन्न मोहम्मदन अब्दोहु व रसूलुहू " अर्थातः म गवाही दिन्छु कि अल्लाह बाहेक कुनै सत्य पूज्य छैन र म गवाही दिन्छु कि मोहम्मद ( सल्लल्लाहो अलैहि वसल्लम ) अल्लाह का भक्त र संदेष्टा हुन । अनि तिर्मिजीमा यो दुआ पनि छः " अल्लाहुम्मज् अल्नी मिनत्तव्वाबीन वज्अल्नी मिनल् मोततहिहरीन् " अर्थात हे अल्लाह ! मलाई तौबा गर्ने र पवित्रता प्राप्त गर्ने ब्यक्तिहरू मध्ये बना ।

## वजुमा नियुक्त गरिएको मात्रा भन्दा बढि गर्नको हुकुमः

वजुमा नियुक्त गरिएको मात्रा भन्दा बढि गर्न जायज छैन , जस्तै तीन चोटी भन्दा बढि धुनु , वा हाथको कुहिना र खुट्टाको गोलीगाँठो भन्दा बढि धुनु , वा घाँटीको मसह ( स्पर्श गर्नु ।





# इस्लामका सिद्धान्तहरू सम्बन्धित केहि समस्याहरू माथि अधारित परिशिष्ट (अनुलग्नक)

## पहिलो: पवित्रता

### तयम्मुमः

वजूका सबै अङ्गहरू वा केहि अङ्गहरूमा पानी प्रयोग गर्ने सम्भव छैन भने यो एउटा विकल्प (सट्टा) हो , चाहे त्यो पानी न मिल्ने कारण होस् वा उसको प्रयोगबाटा कुनै हानि पुग्ने डर होस्, भने माटो पानीको कायम मुकाम हुन्छ ।

### तयम्मुमको विधिः

मुटुमा तयम्मुम को निय्यत ( विचार ) गर्नुपर्छ, फेरि बिस्मिल्लाह पढनुपर्छ, त्यसपछि आफ्नो दुबै हाथलाई पवित्र र सफा माटो माथि एक चोटी मार्नुपर्छ , फेरी अनुहार माथि स्पर्श गरि दुबै हाथ लाई एक अर्का माथि कलाई सम्म स्पर्श गर्नुपर्छ ।



।

माटो माथि हाथ मार्दा खेरि औंलाहरूलाई विस्तार गर्नु अथवा फैलाउनु, वा दुबै हत्केला हरूमाथि स्पर्शगर्दा खेरि औंलाहरू बीच खिलालगर्न पनि जायज छैन।





**अनिवार्य स्नानको तरीकाः**

सबै भन्दा पहिला मुटु ले पवित्र र चोखो हुने निय्यत र विचार गर्नु होस्, फेरि बिस्मिल्लाह भनी पूरै शरीरलाई र हल्का तथा घना कपालहरूको जरोसम्म पानी पुर्याउनु होस्।

**स्नानमा (सुन्नत) श्रेष्ठकामहरूः**

दुबै गुप्ताङ्ग र हाथहरूलाई धुनुहोस्, फेरि नमाज जस्तै पूरै वजू गर्नुहोस्, पूरै कपाललाई जरोसम्म पानी पुर्याउनुहोस्, पहिलो दायाँ भाग फेरि बायाँ भागलाई धुनु होस्। अन्तिममा दुबै खुट्टाहरूलाई धुनुहोस्।

**स्नानलाई अनिवार्य गरिने कुराहरूः**

(१) अपवित्रताः सम्भोग वा अरू कुनै कारणले विर्य स्खलनहुनु।

(२) हैज ( महिनावारी ) वा निफास ( सुत्केरी ) को रगत निस्कनु।

(३) शहीद बाहेक अरू कसैको मृत्यु हुनु।

(४) काफिर ले इस्लाम स्वीकार गर्नु।

**मोजाहरू माथि मसहका लागि शर्तहरूः**

मोजालाई पवित्रता को अवस्थामा पहिर्नु अर्थात वजु पछि पहिर्नु।

मोजा पवित्र र सफा हुनु।

अनिवार्य रूपमा धुने ठाउँ लाई छोप्ने र ढाँक्ने मोजा माथि मात्र मसह गर्नु।

मसह स्यानो अपवित्रता मा हुनुपर्छ , ठूलो मा हुंदैन।

मसह तोकिएको समयमा हुनुपर्छ , अर्थात एक दिन र एक राति स्थाई मान्छे को लागि (२४ घण्टा) र तीन दिन र तीन राति (७२ घण्टा) यात्रु मान्छे को लागि।

**मोजा माथि मसह गर्ने तरीकाः**

आफ्नो हाथ भिजाएर खुट्टाको औँलाहरू बाट शुरू गरि गोलिगाँठो सम्म ल्यायनु पर्छ। अर्थात मोजाको माथिल्लो तहलाई मात्र मसहगर्नु पर्छ। अनि मसह दुबै हाथहरू द्वारा दुबै खुट्टाहरू माथि हुनुपर्छ। दुबै कानहरूलाई मसहगर्ने जस्तै एउटै क्षणमा दायाँ हाथ बाट दायाँ खुट्टा र देब्रो हाथले देब्रो खुट्टा। किनभने सुन्नत बाट यही स्पष्ट हुन्छ।

**मसह सम्बन्धित केहि समस्याहरूः**

(१) मसहगर्ने तोकिएको अवधि सिद्धियो भने, वा मोजा फुकाल्नु भयो भने पवित्रता बाँकी रहने छ, भंग हुनेछैन।

(२) कटेपिटेको वा पात्लो हुनले छाला दिखाई पर्ने मोजाहरू माथि मसहगर्न जायज छ।

## दिशा र पिशाब गर्ने नैतिक्ताहरू:

**उत्तम कामहरू:**

(१) बाथरूम वा शौचालयमा जाँदा खेरि देब्रो खुट्टालाई अगाडि बढाउनु पर्छ।

(२) यो दुआ पढनुपर्छः " बिस्मिल्लाह , अल्लाहुम्म इन्नी अउजोबिक मिनल् खुबुसे वल् खबाइस " अर्थातः अल्लाहको नाम बाट , हे अल्लाह ! म तिम्रो शरण चाहन्छु पुरूष र महिला जिन्नात र शैतान हरू बाट।

(३) बाथरूम बाट निस्किदा खेरि दायाँ खुट्टा पहिले बाहिर निकाल्नुपर्छ।

(४) यो दुआ पढ्नुपर्छः "गुफ्रानक " अर्थातः हे अल्लाह ! म तिम्रो क्षमा र माफी चाहन्छु।

**अनिवार्य कामहरू:** पर्खाल वा अन्य वस्तु द्वारा पर्दा गर्नु। खुल्ला ठाउँमा छ भने मान्छेहरूको दृष्टी बाट टाढा जानु।

**वर्जित कामहरू:**

(१) सामान्य बाटो , छाया मुनि , मान्छहरूले बस्ने ठाउँ र पानी को घाट तथा स्थिर र गतिहीन पानीमा दिशा पिशाब गर्नु।

(२) किब्ला ( खाना काबा ) तिर अनुहार र पीठ गर्नु।

(३) आफ्नो गुप्ताङ्ग लाई दायाँ हात बाट छुनु।

(४) अल्लाहको स्तुति गर्नु।

दिशा पिशाब गरे पछि (पानी, माटो वा ढुंगा द्वारा) पानी इस्तिन्जा अर्थात पवित्रता प्राप्त गर्नुपर्छ।

**इस्तिज्मार (ढुंगा वा रुमाल वा अन्य वस्तु द्वारा पवित्रता प्राप्तगर्न) का शर्तहरू:**

(१) तीन वा त्यो भन्दा बढि मात्रामा गर्नु।

(२) शुद्धता प्राप्तहुनु, यस प्रकार कि त्यो ढुंगा वा रुमाल सुक्खा भइहालोस्।

(३) कुनै अशुद्ध वस्तु वा सम्माननीय वस्तु जस्तै खाना , हाँड र गोबर बाट इस्तिन्जा नगर्नु।

उभिएर पिशाबगर्न जायज छ यस शर्तका साथै कि शरीर र लुगा मूत्रको थोपहरू बाट सुरक्षित रहोस्, अनि गुप्ताङ्ग बेपर्दा नहोस्। किनभने हदीसमा छः " नबी सल्लल्लाहु अलैहि वसल्लमले फोहोर हाल्ने ठाउँमा उभिएर पिशाबगर्नु भयो।" (सही बुखारी र सही मुस्लामा यो हदीस उल्लेख छ)।

## पवित्रता सम्बन्धित प्रश्नहरू:

१. वजूका शर्तहरू कति वटा हुन ? O नौ, O दस, O आठ।
२. वजूका अनिवार्य कुराहरू: O चारौं अङ्गहरू O चारौं अङ्गहरू साथै मुवालात: (लगातार गर्नु) र तर्तीब ( स्तर ले गर्नु )।
३. वजूलाई भंगपार्ने कुराहरू कति वटा हुन ? O छ, O पाँच, O आठ।
४. निम्नलिखितहरू मध्य वजूलाई भंगपार्ने वस्तुलाई स्पष्ट गर:
O ऊँटको मासू , O हिरनको मासू, O भुँडी को आवाज, O पेटको हावा,
O निदाउरोपन, O मृतकलाई नुहाउनु, O महिलालाई छुनु।
५. तयम्मुमको विधि लेख।
.............................................................................................................
.............................................................................................................
.............................................................................................................
६. स्नानको विधि लेख।
७. .............................................................................................................
.............................................................................................................
.............................................................................................................
८. निम्नलिखित समस्याहरूको हुकुम लेख।

| हुकुम | समस्या |
|---|---|
| निय्यतको उच्चारणगर्नु (मुखले भन्नु) | |
| वजू बाट एउटै नमाजको निय्यत गरी एक भन्दा बढि नमाज पढ्यो । | |
| कुर्आनको पाठगर्न लाई वजू गरियो अनि फेरि उसै वजूले नमाज पढ्यो । | |
| वजूको बीचमा नय्यत कट गरियो । | |
| वजू पछि नय्यत कट गरियो । | |
| खुट्टा माथि आटा हुने अवस्थामा वजू गरियो । | |
| ऊँटको मासू खाँदै वजूगर्नु भयो । | |
| चोरिएको पानी बाट वजू गरियो । | |
| इस्तिन्जा भन्दा पहिले वजू गरियो । | |
| दुबै कानका लागि नयाँ पानी लिनु । | |
| टाउकाको तीन चोटी मसह गर्नु । | |
| एक एक चोटी वजूगर्नु । | |
| वजूका अङ्गहरूलाई तीन तीन चोटी धुनु । | |
| वजूमा दुबै हत्केलाहरूलाई धुनु । | |
| दाह्री बीच खिलाल गर्नु । | |
| वजूका अङ्गहरूलाई घस्नु । | |
| धुन अनिवार्य हुने अङ्गहरूको मसहगर्नु । | |
| वजूमा टाउकोलाई धुनु । | |

| | |
|---|---|
| भाँडामा दुबै हत्केलाहरूलाई प्रवेशगर्नु । | |
| वजूमा दायाँ देखि शुरुगर्नु । | |
| तीन भन्दा बढि मात्रामा धुनु । | |
| खुट्टालाई धुनु । | |
| पौडी पछि नमाज नमाज पढ्यो । | |
| स्नान पछि वजू गरीबिना नमाज पढ्यो । | |

## दोस्रो : दान (जकात)

## दान दुई प्रकारको हुन्छः

### धन सम्पत्ति को जकातः

यो इस्लामका आधारहरू मध्ये तेस्रो हो, तथा यो प्रत्येक त्यस स्वतंत्र मुसलमान माथि अनिवार्य छ जसको स्वामित्वमा निसाब (विधान द्वारा तोकिएको एउटा विशेष मात्रा) सम्म पुग्ने माल सम्पत्ति होस्। अन्नहरू बाहेक जकात दिने माल र धन सम्पत्ति माथि एक सालको अवधि बिते सम्म अनिवार्य हुँदैन। जुन धन सम्पत्तिहरूमा जकात अनिवार्य छ ती चार प्रकारका हुनः

### शरीरको जकातः

शरीरको जकात (जकातुल फित्र) हरेक साना ठुला, पुरष तथा महिला, गुलाम र आजाद मुस्लिम माथि अनिवार्य छ।

#### नक्दैनः

सुन तथा चाँदी र त्यससित संलग्न सबै मुद्राहरू, सुनको निसाब (मात्रा) २० मिस्काल (८५ ग्राम) अनि चाँदीको निसाब २०० दिर्हम (५९५ ग्राम)

#### बहीमतुल् अन्आमः

अर्थात सालका पूरै दिन वा बढि दिनहरूमा चर्ने जनावरहरू जस्तै ऊँट, गाई, भेडा तथा बाख्राहरू।

#### धर्ती देखि निस्कने

अन्न फलफूल र सब्जी आदि।

#### व्यवसायिक र व्यापारिक सामग्रीहरूः

अर्थात बिक्री र खरिदका लागि भण्डार गरिएका वस्तुहरू।

**जकातलिने योग्य मान्छेहरू:**

अर्थात जकातको वितरण कहाँ गर्नुपर्छ ?

१. **फोकरा:** (भिक्षुकहरू) अर्थात ती मान्छहरू जससित केहि धन सम्पत्ति हुँदैन। यदि छ भने पर्याप्त छैन।

२. **मसाकीन:** अर्थात ती मान्छेहरू जससित पर्याप्त वा आधा भन्दा बढी धन सम्पत्ति हुन्छ। जस्तै एक वर्षको लागि १२,००० पर्याप्त हुन्छ, भने फकीर (भिक्षुक) चाहिँ त्यो मान्छे होस् जससंग ६००० भन्दा कम वा केहि पनि हुँदैन, र मिस्कीन भनेको त्यो मान्छे होस् जससिसित ६००० वा त्यो भन्दा बढि हुन्छ तर १२००० पुग्दैन। किनभने हामी मिस्कीन र फकीरलाई एक वर्षको लागि पर्याप्तहुने मात्रा दिन्छौं।

३. **आमेलून अलज्जकात:** जकातको व्यवस्थापन, संरक्षण तथा विभाजनमा नियुक्त व्यक्तिहरू चाहे ती व्यक्तिहरू समृद्ध किन नहुन।

४. **मुवल्लफतुल् कोलूब:** (हृदयलाई जोड्नुको उद्दश्यले) अर्थात ती मान्छेहरू जसले इस्लाम स्वीकार गर्न आशा छ, यसैगरी इस्लाम विरोधि क्रियाक्रम रोक्न, तथा नयाँ मुस्लिम भएका मान्छेहरूलाई इस्लाममा सुदृढ गर्नका लागि।

५. **फिर् रिकाब:** अर्थात दासहरूलाई स्वतंत्र गर्नको लागि, र तिनीहरू निम्न प्रकार का हुन:

- मुसलमान दास: जो आफैंलाई आफ्नो मालिकबाट खरिद गरिहाल्छ।
- साधारण मुसलमान दासलाई स्वतंत्र गराउनु।
- मुसलमान कैदी।

तिनीहरू मध्ये त्यो दास छैन जसलाई उसको मालक आफैं स्वतंत्र गरिदियोस्

६. **अल्गारिमून:** अर्थात ऋणि मान्छेहरू र तिनीहरू निम्न प्रकारका हुन:

- शान्ति सम्झौता गर्ने ऋणि।
- आफैंका लागि ऋणि।

जकातको निय्यतले गरीब ऋणिको ऋण तिर्न काफी हुँदैन।

७. **फी सबीलिल्लाहः** अर्थात अल्लाहको बाटोमा , यसमा इस्लामी योद्धाहरू र युद्धका समाग्रीहरू शामिल छ ।

८. **इब्नुस् सबीलः** अर्थात यात्रुहरू, यस्तो यात्री जसको खर्च समाप्त भइहालोस् भने त्यसलाई जकात बाट दिन सकिन्छ ।

उपरोक्तमा वर्णन गरिएकाहरू मध्ये कुनै एउटै मान्छेलाई जकात दिन जायज छ । धनी तथा कमाउनसक्ने बलियो मान्छे र मुहम्मदका परिवारहरू (हाशिमका सन्तानहरू) का लागि जकात लिन जायज ( वैध) छैन, अनि त्यो मान्छेका लागि पनि जायज छैन जस्को खर्चा जकात दिने मान्छे माथि अनिवार्य छ । काफिरका लागि पनि जकातलिन जायज छैन । तर नफली दान र सदका सबैलाई दिनसकिन्छ ।

## महत्त्वपूर्ण परिभाषाहरूः

- बिन्ते मखाजः १ वर्ष पूर्ण गरेकी पोथी ऊँट , उसकी आमा गर्भवती हुने कारणले यो नाम राखियो ।
- बिन्ते लबूनः २ वर्ष पूर्णगरेकी पोथी ऊँट , उसकी आमाले दूध दिने कारणले यो नाम राखियो ।
- हिक्काः ३ वर्ष पूर्णगरेकी पोथी ऊँट , सहवास गर्न योग्य भएको कारणले यो नाम राखियो ।
- जज्आः ४ वर्ष पूर्णगरेकी पोथी ऊँट, यस उमेरमा उसको माथिल्लो दूई दाँत खसीहाल्ने कारणले यो नाम राखिएको छ ।
- तबीअ, वा तबीआः १ वर्ष पूर्ण गरेकी गाई ।
- मुसिन्नाः २ वर्ष पूर्ण गरेकी गाई ।

**जकातका मात्राहरू:**

| धनको प्रकार | वर्ष पूर्णहुने शर्त | निसाब | अनिवार्य मात्रा |
|---|---|---|---|
| जनावरहरू | छ | निम्न तालिका हेर्नु होस् | निम्न तालिका हेर्नुहोस् |
| अन्न तथा फलफूलहरू | छैन | ३०० साअ | खोला, नाला तथा वर्षा को पानी बाट सिंचाई गरेको छ भने दशौं भाग |
| | | | परिश्रम गरी सिंचाई गरेकोमा बीसौं भाग |
| | | | वर्षाको पानी तथा परिश्रमले सिंचाई गरेमा पाचौं भाग |
| सुन चाँदी वा पैसाहरू | छ | सुनमा ८५ ग्राम र चाँदी मा ५९५ ग्राम | २.५% |
| व्यापारिक समाग्रीहरू | छ | सुन वा चाँदी मध्ये गरिबहरू का लागि सर्वश्रेष्ठ अनि उपयुक्त मात्रा | २.५% |

**जनावरहरूको निसाब र अनिवार्य मात्रा:**

**बाख्रा,भेंडा र बकरीहरू**

| मात्रा: देखि | मात्रा: सम्म | विधि |
|---|---|---|
| ४० | १२० | १ बाख्रा |
| १२१ | २०० | २ बाख्रा |
| २० | ३०० | ३ बाख्रा |
| त्यस भन्दा बढि प्रत्येक १०० बाख्रमा १ बाख्रा दिनुपर्छ। | | |
| जकातमा बूढो, दोषित अर्थात अङ्ग भङ्ग भएको जनावरहरू दिनु जायज छैन,यस्तै सबै भन्दा खराब जनावरलाई लिनु जायज छैन । यसैगरी जकातमा दुब्लो, गर्भवती, अधिक खाने र सबै भन्दा राम्रो जनावर लिनुपर्दैन। | | |

**ऊँटहरू**

| मात्रा: देखि | मात्रा: सम्म | विधि |
|---|---|---|
| ५ | ९ | १ बाख्रा |
| १० | १४ | २ बाख्रा |
| १५ | १९ | ३ बाख्रा |
| २० | २४ | ४ बाख्रा |
| २५ | ३५ | १ बिन्ते मखाज |
| ३६ | ४५ | १ बिन्ते लबून |
| ४६ | ६० | १ हिक्का |
| ६१ | ७५ | १ जज्आ |
| ७६ | ९० | २ बिन्ते लबून |
| ९१ | १२० | २ हिक्का |
| १२१ | १२९ | ३ बिन्ते लबून |
| त्यस पछि प्रत्येक ४० मा १ बिन्ते लबून, र प्रत्येक ५० मा | | |

**गाई र भैंसीहरू**

| मात्रा: देखि | मात्रा: सम्म | विधि |
|---|---|---|
| ३० | ३९ | १ तबीअ वा तबीआ |
| ४० | ५९ | १ मोसिन्ना |
| ६० | ६९ | २ तबीआ |
| त्यसपछि प्रत्येक ३० मा १ तबीअ, र प्रत्येक ४० मा १ मोसिन्ना दिनुपर्छ। | | |

## जकात सम्बन्धित प्रश्नहरू

१. एक वर्ष वीतेसम्म कूनै धनमा जकात छैन र त्यो वर्ष हुनुपर्छः O हिज्री O ईसवी O केहि फरक छैन।

२. एक वर्ष बीतने शर्त छैनः

O खानबाट निस्केको मालमा O भुईंबाट निस्केको अन्नहरूमा O उप्रोक्तमा लेखेको सबै वस्तुहरूमा

३. सुनको निसाब होः O ८५ ग्राम, O ५९५ ग्राम, O ९५ ग्राम।

४. चाँदीको निसाब होः O २०० दिर्हम O ५९५ ग्राम O उप्रोक्तमा लेखेको सबै वस्तुहरू।

५. जकातका जनावरहरू मध्ये ऊँट, गाई, भैंसी र बाख्रा हुन। O ठीक O बेठीक।

६. फलहरूमा जकात छैन। O ठीक O बेठीक।

७. साइमा भनेको जनावर होः O जसको मूल्य बढ्छ O जो पूर्ण वर्ष वा वर्षको अधिक दिनहरूमा चर्दछ।

८. जायज खाने जनावरः O जसले पवित्र तथा राम्रो कुरा खान्छ O जसको कुनै मालिक हुँदैन।

९. मिस्कीन उल्लेख गर्दाखेरि त्यसमा फकीर पनि शामिल हुन्छ। O ठीक O बेठीक

१०. फकीरलाई पर्याप्त मात्र दिनुपर्छः O १ वर्षको लागि O १ महीनाको लागि

११. जकातका व्यवस्थापकहरू मध्येः O जकातका लागि सबै कार्यकारीहरू O केवल सुल्तान द्वारा नियुक्त गरिएको मान्छेहरू।

१२. निम्नमा जकातको मात्रा वर्णन गर्नुहोस्:

| धन | जकातको मात्रा | दुबै निसाबको बीचमा हुने मात्रा |
|---|---|---|
| १०० दिर्हम | | |
| ३०० दीनार | | |
| ४०० दिर्हम | | |
| ८० ग्राम सुन | | |
| ५०० ग्राम चाँदी | | |
| ३० बाख्रा | | |
| ६० बाख्रा | | |
| ५६५ बाख्रा | | |
| ४ ऊँट | | |
| १७ ऊँट | | |
| ४४९ ऊँट | | |
| ३० गाई | | |
| ४९ गाई | | |
| ७७ गाई | | |
| ९९ गाई | | |
| २०००००००० रियाल | | |
| ४० रियाल | | |
| ४५६७९ रियाल | | |
| २५५ साअ गहुँ | | |

१३. मुवल्लफतुल् कोलूबः अर्थात हृदयलाई जोडिनेहरू मध्ये काफिर पनि हो यद्यपि उसले इस्लाम स्वीकार नगरोस् । (ठीक - बेठीक )

१४. यदि मालिकले दासलाई मुक्त गरियो भने उसलाई जकाहाबाट दिनु जायज छ । (ठीक - बेठीक )

१५. एउटा धनी मान्छेले गरीबसित केहि रकमको मागगर्छ अनि फेरि त्यो रकम त्यागी जकात मध्ये गर्णा गर्छ, भने उसको यो काम सही हो । (ठीक - बेठीक )

१६. अल्लाहको बाटोमा, सबै सत्कर्महरू समावेश छन्, जस्तै मस्जिदहरूको निर्माण । (ठीक - बेठीक )

१७. नकदीको जकात चालीसमा विभाजन गरेर निकाल्नुपर्छ । (ठीक - बेठीक )

१८. जकात मात्र बहीमतुल् अन्आम भन्ने जनावरमा अनिवार्य छ कारक र पाल्तुहरू मा छैन । (ठीक - बेठीक )

१९. अनाज र फलफूलहरूमा निसाब सम्म पुगेमा जकात अनिवार्य छ, जब तीव्र र फल पकीहालोस् । (ठीक - बेठीक )

२०. लागत लगाई सिंचाई गरेको अनाज र फलहरुमा दशौं भाग अनिवार्य छ । (ठीक - बेठीक )

२१. निसाब सम्म पुग्ने सुनमा जकात अनिवार्य छ र त्यो २० (मिस्काल) पाउंड हो । (ठीक - बेठीक )

२२. निम्नलिखितहरू मध्ये जकात अनिवार्य हुनेवस्तुमा चिन्ह लगाऊः

O चिकन, O व्यावसायिक स्टोर, O घरेलु वा पाल्तु भेडा, O चरिने ऊँट, O खजूरको फारम, O सुनको २५ (मिस्काल) पाउण्ड ।

२३. तबीअ भनेको दुई वर्ष पुग्ने गाई होस् । (ठीक - बेठीक )

२४. नकदीहरूको निसाब मानिन्छः O व्यापारिक समाग्रीहरू अनुसार O सुन वा चाँदी को मूल्य अनुसार O सुन र चाँदी को मुल्य अनुसार ।

२५. नकदीहरूमा जकातको अनिवार्य मात्रा होः O २.५% , O १० % ।

२६. ८० ग्राम सुनमा जकात छः O २ ग्राम O ४ ग्राम O जकात छैन ।

२७. आवास घरहरूमा जकात अनिवार्य छ । (ठीक - बेठीक )

२८. सबै प्रकारका यात्रुहरूलाई जकात दिन जायज छ । (ठीक - बेठीक )

## तेस्रो: व्रत (उप्वास)

स्याम (वर्ती को शाब्दिक अर्थ चाहीँ "रुक्नु" हो।

**धार्मिक परिभाषा:** "अल्लाहको उपासनाका लागि विहान सुर्योदय भन्दा पहवले देखि सुर्यास्त सम्म खान पान र वर्तलाई भंग गरिने समस्त चीजहरू बाट टाढा बस्नु।

**वर्तको स्तम्भहरू:**

**निय्यत र विचार गर्नु।**

**वर्तलाई भंग गरिने समस्त चीजहरू बाट टाढा बस्नु।**

**अनिवार्य वर्तको निय्यत:**

राति फज्र नमाज भन्दा अघि वर्त बस्ने निय्यतगर्नु अनिवार्य छ, रम्दान महिना प्रवेश गर्दा खेरि एकैचोटी पूर्ण महिनाको निय्यत गर्न पर्याप्त छ र निय्यत हृदयमा गर्नुपर्छ, जिब्रोले उच्चारणगर्नु बिदअत (आविष्कार गर्नु) हो।

**नफिल (उत्तम)**

वर्तको निय्यत: वर्त भंग गरिने कुनै वस्तु सेवन नगरे सम्म दिनको कुनै पनि समय यो निय्यत मान्य र वैध छ। किन्तु निय्यत गरिने वेला देखि सवाब (पुन्य) पाइन्छ।

**वर्त वा उपवासका प्रकारहरू:**

**वाजिब (अनिवार्य)**

रम्दान, कफ्फारा तथा नजरको वर्तहरू

**नफिल (उत्तम)**

ती अनिवार्य वर्तहरू बाहेक।

### वर्त अनिवार्य हुने शर्तहरू:

१. इस्लाम  २. बुद्धि

३. बालिग (वयस्कहुनु ), गैर-वयस्क (नाबालिग) लाई उपवास राख्ने उत्साहित गर्नुपर्छ, र उसका संरक्षकले आदेश दिनुपर्छ।

४. निवास: यात्रीको लागी वर्त बस्न अनिवार्य छैन, यदि कठिनाइ वा गाह्रो छैन भने वर्त बस्नु अति उत्तम हुन्छ, किनभने अन्तिम संदेष्टा (उहाँमाथि शान्ति होस्) ले यस्तै गर्नुभएको छ, तथा यसमा छिटो निर्वहन हुन्छ, र मान्छेको लागि पनि सजिलो छ, अनि रम्दान महिनाको गुणलाई पाउनको लागि।

५. स्वास्थ्य।

६. मासिक धर्म र सुत्केरी बाट मुक्तहुन।

### वर्तमा रोगको प्रकारहरू:

#### यस्तो रोग जो सान्चो हुने आशा नहोस्।

यसमा उपवासगर्ने असमर्थ बूढो मान्छे पनि शामिल छ, उसको लागि उपवासगर्न अनिवार्य छैन, किन्तु उसले प्रत्येक दिन को सट्टामा एक मिस्कीन लाई खाना खुवाउनु पर्दछ,चाहे महिनाका दिनानुसार एकै चोटी मिस्कीनहरूलाई जम्मा गरि दिन वा रातिमा खाना खुवाओस्, चाहे दिनानुसार समस्त मिस्कीनहरूमा खाना विभाजन गरोस्, प्रत्येक मिस्कीनको लागि राम्रो गहुँ मध्ये नबीको साअ (एउटा मात्रा) अनुसार चौथो भाग अर्थात आधा किलो १० ग्राम, त्यससित मासु वा बोसोको झोल दिनु अति उत्तम हुन्छ।

#### यस्तो रोग जसबाट सान्चो हुने आशा होस्, किन्तु उहाँले वर्त बस्नु गाह्रो होस्।

यसमा चाहिँ मासिक धर्म वा सुत्केरी आउने, अनि दूध खुवाउने महिलाहरू तथा यात्रु मान्छे समावेश हुन्छन। उप्रोक्त कारणहरूको अन्त्य पछि छुटेको दिनहरू  का लागि वर्त बस्नुपर्छ।

**रमजान को महिना कसरी प्रमाणित हुन्छ ?**

रमजान को चाँद हेरेर , वा शाबानको महिना ३० दिन पूरा गरेर ।

**वर्तलाई भंगपार्ने कुराहरू:**

१. जानीबूझीकन खानु पिउनुः बिर्सेर खान पीन गरियो भने केहि हुँदैन ।
२. संभोगगर्नुः यदि रम्दान महिनाको दिनमा संभोग गरियो अनि उसमाथि वर्त अनिवार्य छ भने ठूलो कफ्फारा दिनुपर्छ । अर्थात एउटा दास स्वतंत्र गर्नु, यदि छैन भने लगातार दुई महिनाको वर्त राख्नु, यदि सकेन भने ६० मिस्कीनहरूलाई खाना खुवाउनु ।
३. स्त्री संग खेलकूद वा चुम्बन गर्दा खेरि वीर्य स्खलन गर्नु ।
४. खाने र पिउने को अर्थमा हुने सबै वस्तुहरू, जस्तै पौष्टिक सुई । यदि पौष्टिक छैन भने भंग गर्दैन ।
५. हिजामा (एक प्रकारको खराब रगत निकाल्ने तरीका) द्वारा रगत निकाल्नु । परीक्षण को लागि अलिकता रगत लिनु वर्तलाई भंग गर्दैन ।
६. जानाजानी उल्टी गर्नु ।
७. मासिक धर्म वा सुत्केरीकध् रगत आउनु ।

**वर्त राख्ने व्यक्तिको लागि केही जायज कुराहरू:**

थुक निगल्नु, आवश्यकता परेमा खानाको स्वालिनु, नुहाउनु, दातुन (मिस्वाक) गर्नु , अत्रको प्रयोग गर्नु (खुश्बु लगाउनु) ।

### वर्तका मुस्तहब्ब (उत्तम) कुराहरू:

(१) फज्रयोदय हुनु भन्दा अघि सेहरी खानु। (२) सेहरी खानुमा ढिलोगर्नु।
(३) इफ्तारी (वर्त तोड्नु) मा हतारगर्नु।
(४) ताजा र तरल हजूरहरूको इफ्तारी गर्नु , छैन भने सुख्खा खजूर, तर ताक हुनुपर्छ। खजूर छैन भने पानीका केहि घूँटहरू द्वारा, केहि पनि नपाओस् भने हृदयले इफ्तारीगर्न विचार गर्नुपर्छ।
(५) इफ्तारी गर्दा र वर्त बस्दा खेरि प्रार्थना गर्नु। (६) धेरै दानगर्नु।
(७) रातको नमाज (तहज्जुद) मा परिश्रमगर्नु। (८) कुरआनको पाठ गर्नु।
(९) गालीगर्ने मान्छेलाई " म उपवासी हुँ " भन्नु। (१०)उम्रह गर्नु।
(११) अन्तिमका दश दिनहरूमा एतिकाफ गर्नु।
(१२) लैलतुल् कमर (सम्माननीय रात) मा जाग्नु।

### वर्तका नराम्रा कुराहरू:

१. वजू गर्दा अत्यधिक रूपले मुख र नाकमा पानी हल्लाउनु।
२. बिना आवश्यक्ता खानाको स्वाद लिनु।

### उपवास व्यक्तिको लागि हराम (वर्जित) कुराहरू:

१. कफ निगल्नु तर वर्त नष्ट हुँदैन।
२. वर्त भ्रष्टहुने शंका छ भने चुंबन गर्नु।
३. झूठो बोल्नु ( समस्त वर्जित कामगर्नु)।
४. अज्ञानता र मूर्खता।
५. लगातार वर्त राख्नु अर्थात दुई लगातार इफ्तार नगर्नु।

### नफिल (उत्तम) वर्तहरूः

१. रमजानको उपवास पूरा गर्नेहरूलाई शव्वाल को ६ दिनको उपवास, दोस्रो दिन देखि लगातार उपवासगर्नु अति उत्तम हो।

२. हज्ज नगर्ने लागि अर्फाको दिन मा उपवास।

३. अशुराको दिनमा उपवास , नवौं र एघारौँ दुई दिनका साथै

४. सोमबार र बिहीबारको उपवास र सोमबार को उपवास अति श्रेष्ठ हो।

५. प्रत्येक महिनाको तीन दिन उपवास, र सर्वश्रेष्ठ अय्यामे बीज १३,१४,१५ हुन।

६. एक दिन उपवास र एक दिन खानपीन गर्नु।

७. अल्लाहको महिना मुहर्रम को उपवास।

८. जुल् हिज्जा महिना को नौं दिनहरूको उपवास।

९. शाबान महिनाको उपवास, तर पुरा महिना वर्त बस्नुपर्दैन।

### अनुचित उपवासः

शुक्रवार, शनिवार, आइतवार वा हफ्ताका कुनै दिनमा विशेषगरी वर्त राख्नु, यदि अर्फाको दिन वा अन्य कारणले कुनै दिन वर्त राखियो भने केहि विपत्ति छैन।

### हराम (वर्जित) उपवासः

१. विशेषगरी रजब महिनामा उपवास गर्नु।

२. ईदका दुई दिनहरूमा उपवासगर्नु।

३. संदेहको दिनमा उपवासगर्नु, यदि कोहि मान्छ अघि देखि उपवास गरिरहेको छ भने केहि विपत्ति छैन।

४. ताशक्रक को दिनहरू (जुल्हिज्जा महिनाका ११,१२,१३) मा उपवासगर्नु, कसैले हद्य (हज्जमा बलि चढाउने जनावर) पाएन भने उपवासगर्न सक्छ।

५. सधैंभरि उपवास गर्नु।

### कजाका समस्याहरू:

- ❖ लगातार कजागर्नु उत्तम छ।
- ❖ ईदको दिन पछि तुरन्तै कजागर्नु उचित र मान्य छ।
- ❖ अर्को रम्दान सम्म ढिलोगर्नु जायज छैन।
- ❖ यदि बिना कारण ढिलो गरियो भने छुटेका वर्तहरू मात्र कजागर्नुपर्छ तर (ढिलोगर्नले) पाप पाइन्छ।

### जकातुल् फित्र (फित्रा)

जसले रम्दान महिनाको अन्तिम दिन सुर्यस्त भेटिएको सबै ठूलो वा सानो, पुरुष वा महिला, दास वा स्वतंत्र मुस्लिमहरू माथि अनिवार्य हुन्छ। अनि ऊ कहाँ ईदका दिन र रातिमा आफ्नो र आफ्नो परिवार र विशेष आवश्यकताहरू भन्दा बढि खाना हुनुपर् छ। भ्रूणको तर्फबाट निकाल्नु उत्तम छ।

यसका लाभहरू:

- ❖ उपवासगरिने व्यक्तिका लागि पापहरू देखि पवित्राको कारण हो।
- ❖ ईदको दिन गरिब र खाँचोमा परेका मान्छेहरूलाई भिक्षा बाट जोगाउँछ।

### फित्रा निकाल्ने समय:

| जायज र वैध समय: | उत्तम समय: | हराम (अवैध) समय: |
|---|---|---|
| ईद भन्दा एक वा दुई दिन अघि निकाल्नु। | ईदको नमाज देखि अघि र फज्र पछि। | ईदको नमाज पछि। |

**फित्राको मात्राः**

प्राय मान्छेहरूले खाने अनाजहरू मध्ये एक साअ निकाल्नु पर्छ,नकदी निकाल्नु जायज छैन, एक साअ भनेको राम्रो गहुँ मध्ये २ किलो ४० ग्राम हो।

**ईदको नमाजः**

यो चाहिँ प्रत्येक मुस्लिम माथि अनिवार्य छ , र सूर्यलाई एक भाला जस्तो उच्च भए पछि पढनुपर्छ, यदि छुट्यो भने कजागर्नु पर्दैन, र गाउँ बस्ती देखि टाढा खुल्ला मैदानमा पढनु उत्तम छ, मस्जिदमा पनि जायज छ,ईद भन्दा अघि ताक खजूर खानु,स्नानगर्नु, सुगन्ध प्रयोग गर्नु, सर्वश्रेष्ठ लुगा लगाउनु, एक बाटो देखि जानु र अर्को बाटो द्वारा फर्किनु उत्तम हुन्छ । अनि " तकब्बलल्लाहो मिन्ना व मिन्कुम " अर्थात " अल्लाहले हाम्रो र तिमीहरूको तर्फ बाट सत्कर्महरू लाई स्वीकार गरोस्, भन्दै ईदको बधाई दिनुमा केहि विपत्ति छैन , ईदको रातिमा र दिनमा नमाजहरू पछि सुर्यास्त सम्म तक्बीर भन्नु (सुन्नत) उत्तम छ, तक्बीरको विधिः " अल्लाहो अक्बर, अल्लाहो अक्बर, लाइलाह इल्लल्लाहो, वल्लाहो अक्बर, अल्लाहो अक्बर, वलिल्लाहिल् हम्द् " अर्थातः अल्लाह सबै भन्दा महान छ, अल्लाह सबै भन्दा महान छ, उहाँ बाहेक कोहि सत्य पूज्य छैन, अल्लाह सबै भन्दा महान छ , अल्लाह बै भन्दा महान छ , समस्त प्रकारको प्रशंसा उसैको लागि छ। **ईदको नमाजको तरीकाः**

खुत्बा (प्रवचन) भन्दा अघि दुई रकअत नमाज पढ्नुपर्छ , पहिलो रकअतमा तक्बीरतुल् इहराम (प्रथम तक्बीर) पछि ६ चोटि तक्बीर (अल्लाहो अक्बर) भन्नु, र दोस्रो रक्अतमा केरात ( सूरतुल् फातिहा पढ्नु) भन्दा अघि उभिने तक्बीर बाहेक ५ चोटि तक्बरी भन्नुपर्छ।

## उपवास सम्बन्धित प्रश्नहरू:

१. वर्तको कति वटा आधारहरू छन ? O २ वटा, O ३ वटा, O ४ वटा।

२. कुन मान्छहरू माथि वर्त बस्न अनिवार्य छ ?

क: ........................................................................................................

ख:........................................................................................................

ग:........................................................................................................

घ: ........................................................................................................

३. प्रत्येक रोग उपवास बाट रोक्छ। (ठीक – बेठीक)

४. निम्न कार्यहरू मध्ये प्रत्येकको हुकुम लेख्नुहोस्।

| समस्या | हुकुम |
|---|---|
| फजर पछि वर्त बस्ने नियत गर्नु | |
| बिना नियत वर्त बस्नु | |
| बच्चाको उपवास | |
| यात्रीको उपवास | |
| सुत्केरी आउने महिलाको उपवास | |
| असहाय वा असमर्थको उपवास | |
| उपवास अवस्थामा खायो | |
| उपवासी व्यक्तिका लागि पौष्टिक सूईहरू | |
| आँखाको थोप | |
| राहतका सूई | |
| हजामा | |
| उल्टी गर्नु | |
| थुक निल्नु | |
| खानाको स्वाद लिनु | |
| सुत्नु | |
| स्नान गर्नु | |
| चिसो लिनु | |
| मिस्वाक (दातुन) गर्नु | |
| भाप लिनु | |

| | |
|---|---|
| सेहरी खाने समय | |
| सेहरीमा के खानु? | |
| केको इफ्तारी गर्नु? | ..............छैन भने ............छैन भने ........छैन भने................... |
| तरावीहको नमाज | |
| रम्दान मा उम्रह गर्नु | |
| वर्तको अवस्थामा नाकमा अधिक पानी हाल्नु | |
| चुंबन गर्नु | |
| दुई दिन लगातार बिनाइफ्तारी गरी वर्त बस्नु | |
| शव्वाल महिनामा ६ दिनको वर्त बस्नु | |
| अर्फाको दिनमा वर्त बस्नु | |
| संदेहको दिनमा वर्त बस्नु | |
| ईदको दिनमा वर्त बस्नु | |
| अय्यामे तश्रीक को वर्त बस्नु | |
| मुहर्रम महिनाको वर्त बस्नु | |
| रजब महिनाको वर्त बस्नु | |
| सधैभरिको वर्त | |
| जुमाको दिनमा वर्त बस्नु | |
| अर्को रम्दान सम्म कजागर्ने ढिलो गरियो | |

## चौथो - हज्ज

हज्ज इस्लामका आधारहरू मध्ये चौथो आधार हो, अनि निम्न शर्तहरूका साथ अनिवार्य छः इस्लाम, बुद्धि, वयस्क हुनु, स्वतंत्रता, र क्षमता। महमका हुनु (विहेगर्न अवैधहुने व्यक्ति) महिलाहरूका लागि बढि शर्त हो।

हज्जका आधारहरू चार वटा छनः

**इह्रामः**
अर्थात हज्जमा प्रवेशगर्ने निय्यत गर्नु, यो तल्बिया र पहिर्ने इहराम बाहेक हो।

**अर्फामा क्याम गर्नु (ठहर्नु)।**
जुल्हिज्जा को नवौं दिन सूर्य ढलान देखि ईदको दिन फजर योदय सम्म। नबी सल्लल्लाहो अलैहि वसल्लमको कथन छः " हज्ज भनेको अर्फा नै हो। "

**तवाफुल् इफाजा (तवाफे ज्यारा)**
अर्फामा क्यामगर्नु पछि हुन्छ, र यो तवाफे कुदूम बाहेक हो।

**सअयः**
अर्थात सफा र मर्वा पहाडी को बीचमा दगुर्नु। अल्लाहको कथन छः "निःसंदेह सफा र मरवा अल्लाहका चिन्हहरू मध्ये हुन।"

**हज्जका प्रकारहरूः**

**इफ्रादः**
मात्र हज्जको निय्यत गर्नु र उसका सबै कामहरू एक्लै गर्नु ।

**केरानः**
हज्ज रा उम्रह को एकै साथ निय्यत गर्नु र यसमा हद्य अर्थात बलिदान दिनुपर्ने छ।

**तमत्तोअः**
हज्जको महिनाहरूमा उम्रहको निय्यत गर्नु अनि उम्रह गरेपछि हलाल हुनुपर्छ। ( इहरामको लुगा फुकाल्नु र इह्रामका अवस्थामा अवैध भएको सबै कुराहरू जायज भइहाल्छ ), त्यस पछि उसै वर्ष हज्ज गर्ने निय्यत गर्नु पर्छ र हद्य अनिवार्य हुन्छ।

**हज्जमा गर्ने अनिवार्य कुराहरू:**

कुनै अनिवार्य काम छाड्यो भने दम दिनपर्छ अर्थात हरम (मक्का) मा एउटा बाख्रा बलिदान गरी उहाँका फकीर र गरीबहरूमा वितरण गर्नुपर्छ, उसले त्यस बाख्रा बाट खानु जायज छैन।

मीकात देखि इहामको लुगा लगाउनु।

अर्फामा सुर्यास्तमा बस्नु।

मुज्दल्फामा राति बिताउनु (रातभरै बस्नु)।

अय्यामुत्तश्री (जुल्हिज्जाका ११,१२,१३ ) का रातिहरू मिनामा बिताउनु।

जम्रात (शैतान) लाई ढुंगो मार्नु।

कपाल कोर्नु वा छोटो गर्नु।

मासिक धर्म र सुत्केरी आउने महिलाहरू बाहेक मक्का बाट जाने सबै मान्छेहरू का लागि विदाई तवाफ। यद्यपि हज्जका महिनाहरू पछि किन नहोस्।

**हज्ज र उम्रह का मीकात (तोकिएको समय र ठाउँ) हरू:**

**जमानी (समय सम्बन्धित)**

यी हज्जका महिनाहरू शव्वाल, जुल्कादा र जुल्हिज्जा हुन। यी तोकिएका समयहरू मात्र हज्जका लागि हुन, अनि उम्राको लागि कुनै समय नियुक्त छैन।

**मकानी (ठाउँ सम्बन्धित)**

- जुल्होलैफा: मदीना र वरिपरिका मान्छेहरू का लागि।
- जोह्फा: सीरिया, मिस्र र मोराको का मान्छेहरू का लागि।
- कर्नुल् मनाजिल: नज्दका मान्छेहरू का लागि।
- यलम्लम: यमनका मान्छेहरू का लागि।
- जाते इर्क: इराकका मान्छेहरूका लागि।

**हज्जका उत्तम कामहरू:**

इह्रामका लागि नुहाउनु र सुगन्ध लगाउनु।

पुरुषहरू ले सेतो लुंगी र चादर लगाउनु।

नाखूनहरू र आवश्यक कपालहरू काट्नु।

इह्राम पहिर्ने देखि ठूलो शैतानलाई ढुंगो मार्ने सम्म तल्बिया भन्नु।

मुफ्रिद र कारिनका लागि तवाफे कोदूम गर्नु।

तवाफे कोदूम र तमत्तोअ को उम्रा तवाफमा पहिला तीन चक्रहरूमा रम्ल गर्नु (अलि चाँडो हिँड्नु)।

तवाफे कोदूम र तवाफे उम्रामा इज्तेबाअ गर्नु ( दायाँ काँध खुल्ला राख्नु)।

मुज्दल्फा पुग्दा खेरि मग्रिबको नमाज लाई इशाको नमाज सैंगै पढ्नु।

अर्फाको राति मिनामा बिताउनु।

हज्रे अस्वद (कालो ढुंगा) लाई चुम्बनगर्नु।

फजर देखि सुर्योदय सम्म मुज्दल्फामा मश्अरे हराम नजिक बस्नु। पूरै मुज्दल्फा बस्ने ठाउँ हो।

### इह्रामको अवास्थामा मनाही कामहरूः

यी नौंवटा हुनः १.टाउको र शरीर का कपाल काट्नु । २. नाखुनहरू काट्नु । ३.पुरुष टाउको आवरणगर्नु (ढाक्नु) । ४. पुरुषले सिउनु भएको लुगा लगाउनु । ५. अनि महिलाले नकाब र दस्ताना लगाउनु । ६. सुगन्ध वा सुगन्धित साबुन प्रयोगगर्नु । ७. जनावरहरूको शिकार गर्नु । ७. विहे गर्नु वा गराउनु । ८.संभोग गर्नु । ९. गुप्ताङ्ग बाहेक शरीर बाट खेल्नु ।
जसले बिर्सीकन, वा नाजानीकन वा जबरदस्ती गरीएमा उप्रोक्तका कुनै मनाही काम गरियो भने उसमाथि केहि छैन , शिकारगर्नु बाहेक यस्तो मान्छेले फिद्या (जुर्बाना) दिनुपर्छ ।

यदि जानीबूझीकन गरियो भने यी मनाही कामहरू चार प्रकारको हुन्छः

**जसमा केहि जुर्बाना छैनः**

र ती विहे गर्नु वा गराउनु अनि गुप्ताङ्ग बाहेक लिपट्नु यस शर्तका साथै कि विर्य स्खलन नहोस् । यसमा कुनै जुर्बाना छैन किन्तु पश्चताप गर्नुपर्छ ।

**जसको जुर्बाना उसै जस्तो वस्तु हुन्छः**

र त्यो जंगली जनावरको शिकार गर्नु हो । यदि कसैले शिकार गरियो भने उसले न्यायानुसार जुबाना तिर्नुपर्नेछ ।

**जसको जुर्बाना गम्भीर हुन्छः**

अनि त्यो चाहिँ संभोग गर्नु हो । कसैले तहल्लुल् अव्वल (पहिलो वैधता) भन्दा अघि संभोग गरियो भने उसको हज्ज नष्ट हुन्छ, उसलाई पूर्णगर्नुपर्छ, अर्को वर्ष कजागर्नु का साथै उसले उँट को बलिदान गर्नुपर्छ ।

**जसको जुर्बाना " फिद्यतुल् अजा" हुन्छः**

अनि यी बाँकी मनाही कामहरू हुन । यो जुर्बाना मध्ये तीनदिन हरू वर्त बस्नु वा छ मिस्कीनहरूलाई भोजन गराउनु वा एउटा बाख्रा बलिदान गरी मक्काका मिस्कीनहरूमा वितरण गर्नु हो ।

**हज्जको दिनहरूको नामहरू:**

- यौमुत् तर्वियहः यो जुल्हिज्जाको आठौं दिन हो, यो दिन तिनीहरू मीनामा पानी हस्तान्तरण (परिवह) गर्थे ।
- यौमे अर्फाः यो जुल्हिज्जाको नवौं दिन हो ।
- यौमुल् ईद वा यौमुन्नह्रः यो जुल्हिज्जाको दशौं दिन हो ।
- यौमुल् कर्रः यो जुल्हिज्जाको एग्हारौं दिन हो ।
- यौमुन् नफ्रिल् अव्वलः यो जुल्हिज्जाको बाह्रौं दिन हो ।
- यौमुन् नफ्रि अस्सानीः यो जुल्हिज्जाको तेह्रौं दिन हो ।

लैलतुल् जमअः ईदको राति हो । मानिसहरूले अर्फामा बास गरे पछि यहाँ एकत्ररित हुन्थे किनभने इस्लाम देखि अघि तिनीहरू अर्फा तिर जाँदैनथे ।

हज्जमा प्रार्थना गर्ने ठाउँहरू:

- अर्फाको दिन (नवौं दिन) सुर्य ढलान देखि सुर्यास्त सम्म ।
- मुज्दल्फामा दशौं दिन फज्र देखि उज्जयालो हुन सम्म ।
- जुल्हिज्जा को ११,१२,१३ गतेहरूमा स्यानो र केन्द्रीय (बीच वाला) शैतानहरूलाई ढुंगो मारे पछि ।
- तवाफ (परक्रमा) मा ।
- सफा र मर्वा पहाडिहरू बीच सअय गर्ने (दगुर्ने) समयमा ।

## हज्ज र उम्रहको विधि:

**महान धर्मगुरु मुहम्मद बिन सालिह अल्ओसैमीन ले भन्नुभएको छः**

मीकातमा पुगेपछि स्नान गरी आफ्नो शरीरहरू, दाह्री र टाउकोमा सुगन्ध लगाउनुहोस् । फेरि उम्रहको निय्यत गरी इह्राम पहिर्नुहोस् , र तल्बिया पढ्दै मक्का तिर लाग्नुहोस् । मस्जिदे हराम पुगेपछि उम्रहका लागि सात वटा तवाफ गर्नुहोस् ।स्मरण राख्नुहोस् कि समस्त मस्जिद तवाफ गर्ने ठाउँ हो चाहे नजिक होस् वा टाढा होस् , किन्तु भीडले गर्दा दुखो नभएमा निकट्ता राम्रो हुन्छ । यदि भीड छ भने टाढा देखि गर्नु पर्छा । तवाफ पछि मकामे इब्राहीमको पछाडि दुई रकअत नफिल नमाज पढनुहोस् , सम्भव छ भने नजिकमा पढनु, छैन भने मस्जिदको कुनै पनि ठाउँमा पढनुपर्छ । त्यसपछि उम्रहको सअयका लागि जानु र सफा बाट शुरुगर्नुहोस् । सात चक्रहरू पूर्ण गरेपछि सबै टाउकोका कपाललाई काट्नु वा कोर्नुपर्छ । एकै तर्फ देखि कोर्नु वा काट्नु प्रयाप्त छै । धेरै मानिसहरूको कामबाट धोका नखानुहोस् ।

जुल्हिज्जाको आठौं दिन आफै बस्ने ठाउँ देखि नुहाउनु, सुगन्ध लगाउनु र हज्जको निय्यत गर्नु होस् । त्यसपछि मिना जानुहोस् अनि उहाँ जोहर, अस्र, मग्रिब, इशा र फज्रको नमाजहरू तिनको समयमा कस्र गरी (४ रकअतलाई २ रकअत पढ्नु) पर्ढनुहोस् । किनभने तिम्रो संदेष्टा मुह्म्मद सल्लल्लाहु अलैहि वसल्लमले मिना र मक्कामा कस्र गरी समयमा पढ्दैथे । फेरि अर्फाको दिन ( नवौं दिन) सुर्योदय पछि अर्फा जानुहोस् अनि त्यहाँ जोहर र अस्र लाई दुई दुई रकअत गरी एकै समयमा (अस्रलाई जोहरको साथै) पढ्नुहोस् । त्यसपछि आफ्नो अनुहार किब्ला तर्फ गरी, पवित्रताको अवस्थामा अल्लाह सित प्रार्थना गर्नुहोस् । किनभने किब्ला तिर अनुहारगर्नु उत्तम हो । अर्फाका सिमानाहरू र संकेतहरूमा ध्यान दिनुहोस् । किनभने धेरै मान्छेहरू यसमा गल्ती गर्छन, अनि जसले अर्फाको सीमामा बस्दैन उसको हज्ज हुँदैन । किनभने नबीको कथन छः " हज्ज भनेको अर्फा नै हो ।" उर्ना भनेको वादी (घाटी) बाहेक समस्त अर्फा (पूर्व, पश्चिम, उत्तर र दक्षिण) बस्ने ठाउँ हो । किनभने नबीको कथन छः " मैले यहाँ बसेको हुँ अनि समस्त अर्फा बस्ने ठाउँ हो ।"

सुर्यास्त पछि नम्र हुँदै र तल्बिया पढ्दै मुज्दल्फा जानुहोस्, र नबीको भनाइ अनुसार सकेसम्म निर्वाण गर्नुहोस् जस्तो कि नबी सल्लल्हु अलैहे वसल्लम यो भन्दै अर्फा बाट फर्केकाथिए: " हे मानिसहरू हो, निर्वाण गर्नुहोस् , निर्वाण गर्नुहोस् ।"

मुज्दल्फा पुगेपछि त्यहाँ मग्रिब र इशाको नमाज पढीकन फज्र सम्म राति बिताउनुहोस् । नबीले कमजोरहरू बाहेक कसैलाई पनि फज्र भन्दा अघि मुज्दल्फा छाड्ने अनुमति दिनुभएछैन । तिनीहरूले अन्तिम रातिमा मिनाका लागि जानसक्नुहुन्छ । फज्रको नमाज पछि किब्ला तिर मुखगरी अल्लाहको प्रशंसा र प्रार्थना गर्नुहोस् यहाँसम्म उज्जयालो भइहालोस् । सुर्योदय भन्दा अघि मिना तिर जानु र सात वटा ग्रिटहरू (कंकणहरू) लिई मक्का तर्फ हुने ठूलो शैतानलाई सुर्योदय पछि अल्लाहो अक्बर भन्दै सात चोटी मार्नुहोस् ।

जानीरख्नुहोस् कि रम्य (शैतानलाई मार्नु) को उद्देश्य अल्लाहको अधिकतम बडाई गर्नु र उनको स्तुति स्थापित गर्नु हो । ढुंगालाई बेसिनमा हाल्न अनिवार्य छ, स्तम्भलाई मार्नु शर्त छैन । ठूलो शैतानलाई मारे पछि हद्य (कुर्बानी) दिनुहोस् । हद्यमा कुर्बानीको जनावर बाहेक अन्य कुनै जनावर पर्याप्त छैन । बलिदान गर्नका लागि कुनै मान्छेलाई जिम्मावार बनाउन जायज छ । त्यस् पछि कपाल कोर्नुहोस्, पूरै कपाललाई कोर्नु
अनिवार्य छ । केहि कोर्नु र केहि छाड्नु जायज छैन । महिलाले टाउकाको पछिल्लो भागदेखि औंलाको मात्रामा काट्नुपर्छ । त्यस् पछि तहल्लुले अव्वल ( पहिलो वैधता) प्राप्त हुन्छ, अनि लुगा लगाउनु, नङ्गहरू काट्नु, सुगन्ध लगाउनु जायज हुन्छ । किन्तु सहवास गर्न जायज हुँदैन । त्यस पछि जोहरको नमाज भन्दा पहिले मक्का जानु अनि हज्जका लागि तवाफ र सअय गर्नु होस् र मिना तिर फर्कीहाल्नुहोस् । तवाफ र सअय गर्दै तहल्लुल् सानी (दोस्रो वैधता) प्राप्त भइहल्छ । अनि समस्त कुराहरू जायज हुन्छ यहाँ सम्म कि सहवास गर्न पनि जायज हुन्छ ।

हे मानिसहरू हो ! हाजीले ईदको दिन चार वटा कामहरू गर्नुपर्छः ठूलो शैतानलाई मार्नु, त्यसपछि कुर्बानी गर्नु, त्यसपछि कपाल कोर्नु, त्यस पछि तवाफ र सअय गर्नु। यही सबै भन्दा पूर्ण क्रम हो। किन्तु कुनै काम अघि पछि भयो अर्थात कुर्बानी देखि अघि कपाल कोर्नु भयो भने कुनै विपत्ति छैन। यसैगरि तवाफ र सअय लाई मिना बाट फर्किने सम्म ढिलो गरियो , वा कुर्बानी ढिलो गरी मक्कामा तेह्रौं गते गरियो भने केहि पाप छैन विशेषगरी आवश्यक्ता र रुचि को अवस्थामा।

एघारौं गतेको राति मिनामा बिताउनुहोस् , सुर्य ढलान पछि तीन वटा जम्रात (शैतान) हरूलाई ढुंगा मार्नुहोस्, स्यानो बाट शुरु गरी बीच वाला र अन्तिम मा ठूलोलाई मार्नुपर्छ। हरेक शैतानलाई सात सात पटक र प्रत्येक पटकमा अल्लाहो अक्बर भन्नुपर्छ।

**ईदको दिन ढुंगो मार्ने समयः** सक्षम व्यक्ति का लागि सुर्योदय देखि र असक्षम व्यक्ति का लागि रातको अन्तिम भाग देखि सुर्यास्त सम्म हो।

**ईदको दिन पछि ढुंगो मार्ने समयः** सुर्य ढलान देखि सुर्यास्त सम्म।

सुर्य ढलान भन्दा अघि जायज छैन, यदि दिनमा भीड हुन्छ भने रातिमा पनि मार्नु जायज छ। सानोपन, बूढोपन वा रोगको कारणले कोहि मार्न सक्दैन भने कुनै अन्य व्यक्ति लाई कायममुकाम बनाउन जायज हुन्छ। कायममुकामले एकै समयमा आफ्नो र अर्काको तर्फ बाट मार्नसक्छ। किन्तु पहिले आफू बाट शुरु गर्नुपर्ने छ। बाह्रौं दिन ढुंगा हाने पछि हज्ज पूर्ण हुन्छ। त्यसपछि तपाईंलाई हतार छ भने मिना बाट जानसक्नुहुन्छ, हतार छैन भने तेह्रौं राति मिनामा बसी सुर्य ढलान पछि तीनै शैतानहरूलाई मार्नुहोस्, यही उत्तम हो किनभने नबी सल्लल्लाहो अलैहि वसल्लमले यस्तै गर्नुभएछ।

मक्का देखि जाँदा खेरि विदाई तवाफ गर्नुहोस्, किन्तु मासिक धर्म र सुत्केरी महिलाहरू माथि अनिवार्य छैन, अनि तिनका लागि मस्जिदे हरामको ढोका तिर लाग्नु र त्यहाँ बस्नु जायज छैन।

## हज्ज सम्बन्धित प्रश्नहरू:

१. हज्ज कुन कुन मान्छेहरू माथि अनिवार्य हुन्छ ?

क:..........................................................................................................

ख:..........................................................................................................

ग:..........................................................................................................

घ:..........................................................................................................

ङ: महिलाको लागि बढि शर्त छ...........................................................................

२. अज्जका आधारहरू कतिवटा छन ? O दुई, O तीन, O चार ।

३. इह्राम हज्जका आधारहरू मध्ये हो, र इह्राम भनेको मीकात बाट लुंगी र चादर पहिर्नु हो । (ठीक – बेठीक)

४. तवाफे इफाजा चाहिँ तवाफे ज्यारा बाहेक हो, पहिलो रुक्न (आधार) र दोस्रो सुन्नत (यत्तम) हो । (ठीक – बेठीक)

५. नबी सल्लल्लाहो अलैहि वसल्लमले तीन वटा हज्ज गर्नु भयो । (ठीक – बेठीक)

६. क्षम्ता भएमा हज्ज तुरुन्तै गर्न अनिवार्य छ । (ठीक – बेठीक)

७. मदीनाका बासीहरू यलम्लम देखि इह्राम (हज्जको नियत) गर्ने छन । (ठीक – बेठीक)

८. उम्राको मीकात (समय) रम्दान महिना हो । (ठीक – बेठीक)

९. खाली ठाउँ भर: हज्ज र उम्रा पूरै उमेर मा..........चोटी.........अनिवार्य छ । अनि जसले हज्ज गर्दा खेरि कुनै..........वा..........गरेछैन भने त्यो मान्छे पापहरू बाट जन्मे जस्तै पवित्र र सफा हुन्छ, तथा हज्जे मब्रूर को बदला चाहिँ मात्र ..........हो ।

१०. मक्का का बासीहरू तन्ईम बाट हज्जको नियत गर्नेछन । (ठीक – बेठीक)

११. महिलाले इह्राम मा सेतो लुगा लगाउनुपर्छ । (ठीक – बेठीक)

१२. इह्राममा..........लाई सुगन्धित गर्नु,........लाई सुगन्धित नगर्नु उत्तम छ ।

१३. महिलालाई सिउनुभएको लुगा लगाउन जायज छैन । (ठीक – बेठीक)

१४. इह्रामको अवस्थामा बेल्ट लगाउन जायज छैन । (ठीक – बेठीक)

१५. मुह्रिम महिलाले ..........र...........पहिर्नुपर्दैन ।

१६. इज्तेबाअ गर्नु उत्तम हुन्छ: O उम्राको तवाफमा, O तवाफे कोदूममा, O तवाफे ज्यारामा, O पहिलो

र दोस्रोमा O सबैमा।

१७. तीब्र सअय गर्नु उत्तम हो। (ठीक – बेठीक)

१८. सअ.........देखि शुरु हुन्छ र .........सम्म सिद्धिन्छ। (ठीक – बेठीक)

१९. हाजीहरू अर्फाबाट सुर्यास्त भन्दा अघि फर्किनेछन। (ठीक – बेठीक)

२०. अर्फामा बस्नु हज्जका अनिवार्यहरू मध्ये हो। (ठीक – बेठीक)

२१. हज्जका कामहरू ........दिन देखि आरम्भ हुन्छ र .........सम्म जारी रहने छ।

२२. अर्फामा पर्वत माथि चढ्नु जायज छैन। (ठीक – बेठीक)

२३. तमत्तोअ र केरान गर्नेहरूका लागि हद्य (कुर्बानी) अनिवार्य र मात्र हज्जगर्ने वाला का लागि उत्तम हो। (ठीक – बेठीक)

२४. ईदको दिन ठूलो शैतानलाई ढुंगा हाने पश्चात तल्बिया बन्दगर्नुपर्छ। (ठीक – बेठीक)

२५. हाजीले भित्तेलाई नाहानीकन बेसिनमा ढुंगा राखियो भने उसको रम्य ठीक हुन्छ। (ठीक – बेठीक)

२६. हाजीले दशौं दिन समस्त तीनै शैतानहरूलाई ढुंगो हान्नुपर्छ। (ठीक – बेठीक)

२७. ११,१२,१३ दिनहरूमा ढुंगो मार्ने समय सुर्य ढलान पछि शुरु हुन्छ। (ठीक – बेठीक)

२८. ठूलो शैतानलाई ढुंगो हानेपछि प्रार्थनागर्नु उत्तम हुन्छ। (ठीक – बेठीक)

२९. कसैले तवाफे इफाजालाई मक्का बाट निस्किने सम्म ढिलो गरियो भने तवाफे वेदाअ (विदाई तवाफ) का लागि प्रयाप्त हुन्छ , तवाफे इफाजा ........र.......बाहेक उम्राको तवाफ जस्तै हो।

३०. केरान र इफ्राद गर्ने मान्छेका लागि .........सअयगर्नु अनिवार्य छ, अनि तमत्तोअ गर्ने मान्छे चाहिँ............सअय गर्नुपर्छ।

३१. निम्नलिखित कामहरूको हुकुम लेख।

| सम्सया | हुकुम |
|---|---|
| बच्चाको हज्ज | ................................................................ |
| बिना मह्रम महिलाको हज्ज | ................................................................ |
| ऋणी मान्छेको हज्ज | ................................................................ |

# पन्ध्रौ पाठ

सबै मुस्लिमहरूले इस्लामिक चरित्रहरू द्वारा सुसज्जित हुनु।

ती चरित्रहरु मध्ये केहि निम्नलिखित हुनः

सत्य, ईमानदारी, पवित्रता, लज्जा र शरम, वीरता, उदारता, वफादारी, अल्लाहले व निषेध गरिएको सबै वस्तुहरु देखि टाढा हुनु, छिमेकीहरुसित राम्रो व्यवहार, सकेसम्म खाँचो भएका मान्छेहरु लाई मद्‌दत पुर्याउनु, अनि यस लगायत ती सबै सुचरित्र र सुव्यवहारहरु जसको वर्णन पवित्र कुर्आन र शुद्ध हदीसहरुमा मारिएको छ।

### महत्तवपूर्ण टिप्पणीहरू:

१. (الصدق) आफ्नो कुराकानी र कामहरू र आस्थामा अल्लाह संग साँचो रहनु , तथा अल्लाहका उपासकहरू सित साँचो हुनु। सत्यको विरुद्ध झूठ हो।

२. ( الأمانة) ईमानदारी मनुष्य जातिले बोकेको महान र ठूलो दायित्व हो, यसको विरुद्ध विश्वासघात हो।

३. (العفاف) अर्थात निषेधित वस्तुहरू देखि टाढा बस्नु।

४. (الحياء)लज्जा त्यो नैतिक्ता हो जसले राम्रो कामहरू गर्न तथा नराम्रा कामहरू बाट वंचितरहन आग्रह गर्छ।

५. (حسن الجوار) अनि ती मध्य आफ्नो दृष्टिलाई तल राख्नु, छिमेकीहरूको इज्जतको खोजमा नरहनु।

६. (مساعدة ذوي الحاجة) खाँचो भएका मान्छेहरु लाई मद्‌दत पुर्याउनु ,दूतवाणी छः जसले कुनै मुसलमान देखि संसारको कुनै समस्या हटाउँछ, भने अल्लाहले महा प्रलय को दिन ऊ देखि समस्या हटाउनेछ । अनि जसले कष्टमा परिएको मान्छेलाई सुविधा पुर्याउँछ भने अल्लाहले उसलाई संसारमा र महाप्रलयको दिन सुविधा पुर्याउँछ , र जसले मुसलमानलाई ढाक्छ अल्लले उसलाई संसार र महाप्रलयको दिन ढाक्ने छ। तथा अल्लाहले मान्छको मद्दत गर्छ जबसम्म मान्छे आफ्नो भाईको मद्दत गर्छ । इमाम मुस्लिमले यस हदीसलाई वर्णन गरिएको छ।

# सोह्रो पाठ

**इस्लामी शिष्टाचारहरुः**

ती मध्ये केहि नैतिक्ताहरू निम्नलिखित हुनुः
सलाम गर्नु , हँसिलो-अनूहार भई व्यवहार गर्नु, दायाँ हातले खानु-पिउनु , काम शुरु गर्दा "बिस्मिल्लाह" (म शुरु गर्छु अल्लाहको नामबाट) पढ्नु। काम समाप्त गरेपछि "अल्हम्दो लिल्लाह" भन्नु। छिंकने मान्छेले "अल्हम्दो लिल्लाह" भन्नु। छिंकने मान्छेको "अल्हम्दो लिल्लाह" को जवाफमा सुन्ने मान्छेले "यर्हमोकल्लाह" भन्नु। बिरामीको दर्शनगर्नु। दफनगर्न ( गाड्न) र जनाजाको नमाज पढनको लागि मृतकको पछाडि जानु। मस्जिद तथा घरमा प्रवेश गर्दा र निस्कदा , अनि यात्रा गर्दा खेरि इस्लामी नैतिकताहरू प्रति ध्यान दिनुपर्छ। बाबू-आमा, सम्बन्धी, छर छिमेकी र ठूलो-सानाहरू सित राम्रो व्यवहार गर्नु।

विहे र नवजातलाई बधाई दिंदा, दुःख परेको बेलामा शोक ब्यक्त गर्दा तथा यसबाहेक लुगा र जुत्ता लगाउँदा र फुकाल्दा जस्ता सबै स्थितिहरूमा इस्लामी शिष्टाचारहरुको ख्याल राखनु पर्छ।

- ❖ (السلام) अर्थात सलाम भन्नु, र सबैभन्दा पूर्ण सलाम " अस्सलामो अलैकुम् वरह्मतुल्लाहि वबर्कातोहु " हो । चिन्ने र नचिन्ने सबै ब्यक्तिलाई सलाम गर,र सलामगर्नेहरूको जवाफ देऊ।
- ❖ (والأكل باليمين والشرب بها) अर्थात दायाँ हात बाट खानु र पिउनु अनिवार्य रूपमा छ। तीन औंलाहरू बाट खानुपर्छ। दायाँ हात बाट लिनु र दिनु उत्तम र उचित छ।
- ❖ (والتسمية عند الابتداء) कुनैकाम अल्लाहको नामबाट शुरुगर्नु , अर्थात " बिस्मिल्लाह" भन्नु।
- ❖ (والحمد عند الفراغ) काम समाप्त गरपछि कुर्आन वा हदीसमा वर्णित अनुसार अल्लाहको प्रशंसागर्नु , जस्तै " अल्हम्दो लिल्लाहिल्लजी अतअमनी हाजा व रजकनीहे मिन् गैरे हौलिम् मिन्नी वला कूवह" अर्थातः सबै प्रकारको प्रशंसा उस अल्लाहको लागि छ जसले मलाइ यो खाना खुवाउनु र प्रदानगर्नु भयो, जबकि नत म यसको प्राप्तिमा सशक्त थिएँ नत सामर्थ्यवान।

- ❖ आफ्नो सामुबाट खाना खानु , र खानामा कुनै दोष ना निकाल्नु उत्तम हो ।
- ❖ (والحمد بعد العطاس) छिंकने मान्छेले अल्लाहको प्रशंसागर्नु , अर्थात "अल्हम्दो लिल्लाह" भन्नु ।
- ❖ (وتشميت العاطس إذا حمد الله ) छिंकने मान्छेले अल्लाहम्दो लिल्लाह भन्दा खेरि सुन्ने मान्छेले उसको जवाफमा " यर्हमुकल्लाह" (अल्लाहले तिमी माथि दया गरोस्) भन्नु । फेरि छिंकने मान्छेले जवाफमा " यहदीकोमुल्लाहु व युस्लिहो बालकुम्" (अल्लाह तपाईलाई मार्गदर्शित गरोस् र तपाईको अवस्थामा सुधार गरोस्) भन्नु ।
- ❖ (وعيادة المريض) अर्थात उचित समयहरूमा बारम्बार बिरामीको दर्शन गर्नु । उहाँ लामो समय नाठहर्नु र उसलाई अल्लाहको दया बाट निराश नापार्नु ।
- ❖ (واتباع الجنائز للصلوة والدفن) दफनगर्न र जनाजाको नमाज पढनको लागि मृतकको पछाडि जानु । यो मात्र पुरुषहरूको लागिहो, महिलाको लागि होइन ।
- ❖ (والآداب الشرعية عند دخول المسجد والمنزل والخروج منهما) मस्जिद तथा घरमा प्रवेश गर्दा र निस्कदा खेरि इस्लामी नैतिकताहरू प्रति ध्यान दिनु । मस्जिदमा प्रवेशगर्दा खेरि दायाँ खुट्टा अगाडि बढाउनु र यो दुआ पढनुः" बिस्मिल्लाहि वस्सलातो वस्सलामो अला रसूलिल्लाह , अल्लाहुम्मफ् तहली अब्वाब रहमतिक ।" अर्थातः अल्लाहको नामबाट प्रवेशगर्छु , दया र शान्ति होस् अल्लाहको संदेष्टा माथि , हे अल्लाह ! मेरो लागि आफ्नो दया र कृपाको ढोका खोलीदेऊ । अनि मस्जिद बाट निस्कदा खेरि पहिला देब्रो खुट्टा बाहिर निकाल्नु र यो दुआ पढनुः "बिस्मिल्लाहि वस्सलातो वस्सलामो अला रसूलिल्लाह , अल्लाहुम्म इन्नी अस्अलोक मिन् फज्लिक ।" अर्थातः अल्लाहको नामबाट निस्किन्छु , दया र शान्ति होस् अल्लाह को संदेष्टा माथि , हे अल्लाह ! म तिम्रो अनुकम्पा चाहन्छु । तथा घरबाट निस्किदा र प्रवेशगर्दा खेरि दायाँ खुट्टा अगाडि बढाउनुपर्छ । निस्किदा खेरि यो दुआ पढनुपर्छः "बिस्मिल्लाहे ,तवक्कल्तो अलल्लाहे , वला हौल वला कूवत इल्ला बिल्लाहे, अल्लाहुम्म इन्नी अउजोबिक अन् अजिल्ल औ ओजल्ल, औ अजिल्ल औ ओजल्ल, औ अज्लिम औ उज्लम, औ अज्हल औ युज्हल अलैय ।" अर्थातः अल्लाहको नामबाट निस्किन्छु, मैले अल्लाहमथि भरोसा गरें, र अल्लाहको शक्ति बाहेक नत कोही बुराईबाट बचाउन सक्छ,र नत भलाई गराउन सक्छ, हे अल्लाह ! म तिम्रो शरण चाहन्छु यस कुराबाट कि म पथभ्रष्ट भइहालूँ, वा कसैले मलाई पथभ्रष्ट गरियोस्, वा म भ्रमित भइजाउँ, वा मलाई भ्रमित गरियोस्, वा कसैमाथि अत्याचार गरूँ, वा म माथि अत्याचार गरियोस्, वा म कसैमाथि मूर्खता गरूँ, वा म माथि मूर्खता गरियोस् ।
- ❖ अनि प्रवेश गर्दा खेरि यो दुआ पढनुपर्छः " अल्लाहुम्म इन्नी अस्अलोक खैरल् मौलिजे वल् मख्रजे , बिस्मिल्लाहि वलज्ना , व बिस्मिल्लाहि खरज्ना, वअल्लाहि रब्बिना तवक्कल्ना ।" अर्थातः अल्लाहको नामबाट हामी घरमा प्रवेश गरें, र त्यसै अल्लाहको नामबाट घरबाट निस्कें, र अफ्नो प्रतिपालक अल्लाहमाथि नै भरोसा गरें । अनि मान्छे अफ्नो परिवारलाई सलाम गरोस् ।
- ❖ (والتبريك بالزواج) बिहेको बधाई दिनु, अर्थात यो दुआ भन्नुः"बारकल्लाहो लकुमा, व बारक अलैकुमा, व जमअ बैनकुमा फी खैर ।" अर्थातः अल्लाह तिम्रो लागि कल्याण गरोस्, र तिमी माथि कल्याण अवतरित गरोस्, र तिमी दुवैको मिलनलाई भलाई, शान्ति, सन्तुष्टि, र समृद्धिको माध्यम बनाओस् ।
- ❖ (والتعزية في المصاب) दुःख परेको बेलामा शोक ब्यक्त गर्नु , र यो तीन दिन भित्र मात्र हुन्छ ।

# सत्रहौं पाठ

## शिर्क (मिश्रण) र पापहरुबाट चेताउनी।

शिर्क (मिश्रण) र पापहरुबाट जोगिनु र जोगाउनु।
तीमध्ये सातवटा सर्वनाश पार्ने पापहरु निम्नलिखित हुनः
अल्लाह सित सहभागी ठहराउनु।
जादू-मन्त्र गर्नु वा गराउनु। कसैको नाहक हत्या गर्नु। ब्याज खानु (लिनु वा तिर्नु)। अनाथको सम्पति खानु। युद्धको दिन उम्कनु। आस्थावान , पवित्र तथा सोझो महिलाहरु माथि आक्षेप र आरोप लगाउनु। यसै गरि पापहरुमा यी पनि शामेल छनः

बाबू, आमाको अवज्ञागर्नु। सम्बन्धी र आफन्तीहरुबाट सम्बन्ध विच्छेद गर्नु। झूठो साक्षी दिनु। झूठो शपथ लिनु। छर-छिमेकीलाई कष्ट पुर्याउनु र दुखो दिनु। मान्छेहरुको ज्यान पराण , सम्पत्ति तथा इज्जत र सम्मानमाथि अत्याचार गर्नु। लागु वा नशा पदार्थ सेवन गर्नु। जूवा खेल्नु। निन्दा गर्नु। कूरो लगाउनु र अन्य यस्ता कूराहरु जसबाट महान अल्लाह र उसका संदेष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम ले मनाही गर्नु भएका छन्।

## महत्तवपूर्ण टिप्पणीहरू:

- (الشرك بالله) अल्लाह सित शिर्कगर्नुः यसमा ठूलो तथा सानो दुबै प्रकारको शिर्क शामिल छ।
- (والسحر) जादूगर्नुः यसै मध्य सर्फ र अत्फ पनि हो, अतः जसले जादू गरियो वा त्यसबाट सन्तुष्ट भयो भने काफिर अन्छ , तथा जादूगरहरू कहाँ जानु वर्जित छ , यसैगरी तिनीहरूको वेबसाइट प्रयोगगर्नु, र तिनीहरूको च्यानलहरू हेर्नु , तथा ग्रहण वा नक्षत्रहरू माथि सम्मिलित तिनीहरूको समाचारपत्र र पत्रिकाहरू पढनु पनि अवैध छ। अनि जादूको उपचार जादूद्वारा गर्नुपर्दैन , बरू इस्लामी मन्त्र , प्रार्थना र जायज दवाईहरू द्वारा गर्नुपर्छ।
- (وقتل النفس التي حرم الله) अल्लाहलले वर्जित ठहराएको ज्यानको हत्यागर्नुः चाहे त्यो काफिर होस् वा मुस्लिमको जिम्म वा शरणमा हुने काफिर होस्।

- (إلا بالحق) अधिकार बाहेकः र ती तीनवटाहरू हुनः ज्यानको सट्टा ज्यान, विवाहित बलात्कारी र आफ्नो धर्म छाडेको मान्छे।
- (اليتيم) अनाथः अर्थात जसको बुवाको मृत्यु भइहालेको हुन्छ, र युवाकालमा पुगेको छैन।
- (والتولي يوم الزحف) युद्धको दिन भागनुः अर्थात अल्लाहको बाटोमा योद्धाहरू।
- (وقذف المحصنات) पवित्र महिलाहरू माथि आरोप लगाउनुः अर्थात स्वतंत्र महिलाहरू, विवाहित महिलाहरू होइन।
- (والأيمان الكاذبة) झूठा शपथहरूः यसैगरी अल्लाह बाहेक अरू कसैको शपथ लिनु जस्तै संदेष्टाको शपथ, आदर्ताको शपथ, जीवनको शपथ वा चिहानको शपथलिनु आदि।
- (ولعب القمار-وهو الميسر-) जूवा खेल्नुः अर्थात लाभ र क्षति बीच घुम्ने सबै मामलाहरू।
- (والغيبة) निन्दागर्नुः यसको परिभाषा अन्तिम संदेष्टा सल्लल्लाहो अलैहि वसल्लम ले यस प्रकार गर्नु भएको छः आफ्नो भाई लाई उसले नाचाहेको कुराहरू द्वारा यादगर्नु।
- (والنميمة) मान्छेहरू बीच कुरा लगाउनु।

**प्रतियोगिताको हुकुमः**

| जो शुल्क र निःशुल्क दुबै अवस्थामा जायज र वैध हुन्छ। | जो बिल्कुल अवैध र वर्जित हुन्छ। | जो निःशुल्क त जायज हुन्छ , किन्तु शुल्क जायज हुँदैन। |
|---|---|---|
| जस्तै घोडा , ऊँट र तीरहरूको प्रतियोगिता। किनभने संदेष्टा (मुहम्मद उहाँमाथि अल्लाहको कृपा र शान्ति होस्)कोवाणी छः " प्रतियोगिता मात्र घोडा , ऊँट र तीरहरूमा जायज छ।" | जस्तै पासा र शतरंज र त्यस्तो जस्ता अन्य खेलहरू। | र ती उपउल्लेखित प्रतियोगिता र खेलहरू बाहेक हुन। |

# अठाह्रौं पाठ

**मृतको क्रिया-करम र नमाज जनाजा अर्थात मृतक माथि पढिने नमाजको विवरण।**

यसको विवरण निम्नलिखित छः

१. मृत्युका लक्षणहरु स्पष्ट भएपछि त्यस मान्छेलाई (لا إله إلا الله) (लाइलाह इल्लल्लाह) को जप गराउनु पर्छ । किनभने दूतवाणी छः " आफ्ना मर्नेवालाहरुलाई (लाइलाह इल्लल्लाह) को जप गराउनुस् ।" यस दूतवाणीमा (मौता) भनेको ती मानिसहरु हुन जसमाथि मृत्युका लक्षयहरु प्रकट भइसकेको हुन्छ।

२. मृत्यूको विश्वास भएपछि उसका आँखाहरु बन्द गरिदिनु पर्छ, तथा मुखका दुबै जबडाहरू बाँधिदिनुपर्छ। किनभने सुन्नतबाट सिद्ध छ।

३. मुसलमान मृतकलई नुहाउनु आवश्यक छ। किन्तु युद्धमा शहीद भएकालाई स्नान गराउनु पर्छ न त उस माथि नमाज पढनुपर्छ, बरु उसलाई त्यसै शहीद भएकालुगमा गाडिनुपर्छ। किनकि अन्तिम संदेष्टा सल्लल्लाहु अलैहि व सल्लम ले उहुदको युद्धमा शहीद भएकाहरुलाई न त स्नान गराउनु भयो र न त तिन माथि नमाज पढ्नु भयो।

४. मृतलाई नुहाउने तरीकाः मृतकको गुप्तांगलाई छोपनु र ढाकनुपर्छ , अनि अलिकति उठाएर उसको पेटलाई विस्तारै थिंच्नु पर्छ, फेरि स्नान गराउने मान्छेले लुगा वा त्यसै जस्तो कुनै वस्तुलाई आफ्नो हातमा लगाएर उसलाई सफा गर्नुपर्छ। त्यसपछि नमाजको वजू जस्तै उसलाई वजू गराउनुपर्छ, तथा उसको टाउको र दाह्रीलाई बयरको पात वा उसै जस्तो कुनै वस्तुले मिसिएको पानी बाट धुनु पर्छ। फेरि उसको दायाँ र देब्रो भागलाई धुनु पर्छ। यसै प्रकारले दोश्रो र तेश्रो पटक नुहाउनु पर्छ। प्रत्येक पटक आफ्नो हातलाई उसको पेटमाथि फेर्नु पर्छ। यदि कुनै वस्तु निस्कोस् भने त्यसलाई धुनुपर्छ अनि त्यो ठाउँलाई रुवा वा कुनै वस्तुले बन्द गरीदिनु पर्छ। यदि निस्कने प्रक्रिया नरुकोस् भने शुष्म मोटो वा आधुनिक चिकित्सा उपकरण, जस्तै टेप इत्यादिले बन्द गर्नु पर्छ।

फेरि मृतलाई दोश्रो पटक वजू गराउनुपर्छ, यदि तीन पटकमा पनि सफा नाहोस् भने पाँच वा सात पटक पटक पनि नुहाउनु पर्छ। त्यसपछि उसलाई कुनै लुगाले सुकाइकन उसका भाग र सज्दाका ठाउँहरुमाथि सुगन्ध लगाउनु पर्छ। यदि पूरै शरीरमा सुगन्ध लगाइयो भने अति उत्तम हुन्छ। उसको कफनहरूलाई सुगन्धले धुनी दिनुपर्छ। यदि जुँगा र नड, अधिक बढिएको छ भने काट्नुपर्छ र यदि नाकाटेमा कुनै पाप पनि छैन।

कपाललाई कोर्नु पर्दैन, छेउ र नाभी तलको कपाल काट्नु पर्दैन तथा खतना पनि गर्नु पर्दैन, किनकि यो प्रमाणित छैन। स्त्रीको कपालको तीनवटा चोटी बनाईकन पछाडि गरीदिनु पर्छ।

५. मृतकलाई कफनको लुगा लगाउनुः अन्तिम संदेष्टा सल्लल्लाहु अलैहि वसल्लम लाई लगाइए जस्तो मृतकलाई कमीस (कुर्ता) र एमामः (पगडी) न हुने तीनवटा सेतो लुगाहरु लगाउनु उत्तम छ।। यदि कमीस, धोती (लूँगी) र चादरमा कफ्नाइयो भने पनि ठीक छ। महिलाहरूलाई चाहिँ पाचँवटा कफनका लुगाहरु, कुर्ती, धोती, दुपट्टा र दूइवटा चादरहरु लगाउनु पर्छ। सानो बच्चालाई चाहिं एक देखि तीनवटा सम्म कफन दिनु पर्छ। तथा सानी बच्चीलाई एउटा कुर्ती र दुईटा चादरहरुको रूपमा कफन दिनुपर्छ।

कफनमध्ये सबैको हकमा मृतलाई राम्ररी छोपने मात्र एउटा लुगा अनिवार्य छ। यदि मृतक मुह्रिम (एहराम को हालतमा) छ भने, उसलाई बयरको पात मिसाएको पानीले नुहाउनु पर्छ र त्यही लुँगी र चादरमा वा यसबाहेक अरु कुनै लुगामा कफनाउनु पर्छ। उसको अनूहार र टाउकालाई छोपनुपर्दैन, र सुगन्ध पनि लगाउनुपर्दैन , किनभने महाप्रलयको दिन त्यो मान्छे तलबीया (लब्बैक अल्लाहुम्म लब्बैक) भन्दै उठ्ने छ, जस्तोकि मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम को शुद्ध हदीस देखि प्रमाणित छ। यदि मुह्रिम महीला होस् भने उसलाई अन्य महीलाहरु जस्तै नै कफनाउनुपर्छ, किन्तु उसलाई पनि सुगन्ध लगाउनुपर्दैन। तथा उसको अनूहारलाई नकाब (पर्दा) द्वारा र उसको हातलाई पञ्जा द्वारा छोपिनुपर्दैन। बरु उसको अनूहार र दुबै हातहरुलाई कफनमा नै छोप्नु पर्छ, जस्तो कि महीलालाई कफनाउने विधिमा वर्णन भई सकेको छ।

६. पुरुष मृतकलाई नुहाउने, उसमाथि नमाज पढ्ने र उसलाई दफ्नाउने सबैभन्दा बढ़ी अधिकारी त्यो मान्छे हुन्छ जसको बारेमा मृतकले इच्छपात्र छाडेको होस, फेरि बाबू, फेरि बाजे, फेरि हजूरबा पट्टीका निकट्तम सम्बन्धीहरु।

महीलालाई नुहाउने सबैभन्दा बढी अधिकारी त्यो महीला हो जसको बारेमा मृतक महीला ले इच्छापत्र छाडेकी होस्, फेरि आमा, फेरि हजूरआमा तथा फेरि निकट्तम सम्बन्धित महीलाहरु ।

पति-पत्नीहरूले एक-अर्कोलाई नुहाउन सक्छन, किनभने अबू बक्र लाई उहाँकी पत्नीले नुहाएकी थिइन् तथ अली ले आफ्नो पत्नी फातिमालाई नूहाएका थिए।

७. नमाज जनाजा पढ्ने विधिः यस नमाजको विधि यो छ कि चारवटा तक्बीरहरू (अल्लाहो अक्बर) भन्नुपर्छ । पहिलो तक्बीर पछि सूरतुल् फातिहा पढ्नुहोस्, यदि यस साथै कुनै सानो सूरह व एउटा-दूइटा आयतहरु पढ्नुभयो भने राम्रो हुन्छ जस्तोकि श्रीमान इब्ने अब्बास द्धारा वर्णित सही हदीसमा छ । फेरि दोश्रो तक्बीर भन्दै तशह्हुदको अवस्थामा दरुद पढ़े जस्तै नबी सल्लल्लाहु अलैहि वसल्लम माथि दरुद पढ्नु होस् । अनि तेश्रो तक्बीर भनेर यो दुआ पढ्नु पर्छः " अल्हाहुम्मग् फिर् लेहय्येना व मय्येतेना, व शाहेदेना व गाएबेना, व सगीरेना व कबीरेना, व जकरेना व उन्साना । अल्लाहुम्म मन् अहयय्तहु मिन्ना फअहयेही अलल् इस्लाम, व मन तवफ्फैतहु मिन्ना फतवफ्फहु अलल् ईमान । अल्लाहुम्मग् फिर् लहु वर्हम्हु, व आफेही व आफो अन्हो, व अक्रिम् नोज़ोलहु, व वस्सेअ मद्खलहु, वगसिल्हो बिल्माए वस् सल्जे वल् बर्द, व नक्केही मिनल् खताया कमा योनक्कस् सौबुल् अब्यदो मेनद् दनस्, व अब्दिलहो दारन् खैरन् मिन दारेही, व अहलन खैरम् मिन् अहलेही । वअद्खिल्हुल् जन्नत व अइज्हो मिन् अजाबिल् कब्रे व अजाबिन्नार, वफ्सह लहु फी क़ब्रेही, व नव्विर लहु फीहे । अल्लाहुम्म ला तहरिम्ना अज्रहु वला तोफ़्तिल्लना बादहु ।"

अर्थातः हे अल्लाह! हाम्रो जीवित र मृतक, उपस्थित र अनुपस्थित, साना र ठूला, पुरुष र महिला सबैलाई क्षमा गरीदिनुहोस् । हे अल्लाह! हामी मध्ये जसलाई तिमीले जीवित राखौ भने त्यसलाई इस्लाममाथि जीवित राखौ, तथा जसलाई मृत्यु देऊ भन्ने इमान माथि देऊ । हे अल्लाह! यो मृतलाई क्षमा गरी देउ, यसमाथि कृपा गरौ, यसलाई शान्तिमा राखौ र यसलाई माफ गरी देउ, यसको ठेगानालाई सम्मानित बनाऔ, यसको प्रवेश स्थानलाई फराकिलो बनाइ देउ, तथा यसलाई पानी, बर्फ र शीतले सफा गरी देउ र यसलाई पाप र त्रुटिहरुबाट यसरी सफा-सुग्घर गरी देउ जसरी सेतो लुगा फोहर मैलबाट सफा गरिन्छ । यसलाई उसको घरभन्दा राम्रो घर प्रदान गरौ र उसको पत्नी-भन्दा राम्री पत्नी प्रदान गरौं, यसलाई स्वर्गमा प्रवेश गर, तथा यसलाई चिहान र नरकको यातना बाट शरणमा राख, र यसको चिहानलाई फराकिलो पारी प्रकाशित गर । हे अल्लाह! यसको प्रतिफलबाट हामीलाई वञ्जित न गरौ तथा यसपछि हामीलाई पथ-भ्रान्त न बनाऔ ।

यसपछि चौथौं तक्बीर भनेर दायाँपट्टी एउटा सलाम फेर्नु पर्छ ।

मुस्तहब (उत्तम) यो हुन्छ कि प्रत्येक तक्बीर संग दुबै हातहरुलाई उठाउनु पर्छ । यदि मृतक चाहिं महीला होस् भने "अल्लाहुम्माग् फिर्लहा" भन्नुपर्छ । यदि दुइटा जनाजाहरु छन् भने "अल्लाहुम्मग् फिर्होमा", र दुईभन्दा बढी छन भने " अल्लाहुम्मग फिर्लहुम्" भन्नु पर्छ । यदि मृतक बच्चा छ भने यो भन्नु पर्छः

"अल्लाहुम्मज् अल्हो फरतौं व जुखरन् लेवालेदैहे व शफीअन् मुजाबन् । अल्लाहुम्म सक्किल बेही मवाजीनहुमा, वअज़िम बेही उजूरहुमा, व अल्हिक्हो बे सालहिल मूमेनीन, वज् अल्हो फी केफालते इब्राहीम अलैहिस् सलातो वस्सलाम, व केही बे रहमतेक अजाबुल् जहीम्।"

अर्थातः हे अल्लाह! यसबच्चालाई उसको बाआमाको लागि अगुवा र परलोकको भण्डार बनाउ तथा यस्तो सिफारिश (प्रस्तावन) गर्ने बनाइ देउ जसको सिफारिश स्वीकार हुन्छ। हे अल्लाह! यसको माध्यमले दूबैका सत्कर्म- तुलालाई गह्रौं गरी देउ, तथा यसको माध्यमले दूबैलाई ठूलो प्रत्यपकार प्रदान गरौ तथा यसलाई सत्कर्मी आस्थावानहरुका साथ सम्मिलित गरि देउ, र यसलाई इब्राहीम अलैहिस्सलामको संरक्षणमा शामेल गरी देउ अनि यसलाई आफ्नो दया-कृपाले नरकको प्रकोपबाट बचाउ।

सुन्नत यो छ कि एमामले पुरुष मृतकको टाउकोको सामुन्ने तथा महीलाको कम्मरको सामुन्ने उभ्नु होस्, यदि एकै संग धेरै जनाजाहरु जम्मा छन् भने पुरुषलाई एमामको नजीक र महीलालाई किब्लाको नजीक राख्नुपर्छ । यदि त्यसमा बच्चाहरु पनि छन् भने बच्चालाई महीला भन्दा अघि र बच्चीलाई पछि राख्नुपर्छ। बच्चाको टाउको चाहिं पुरुषको टाउकोको बराबरीमा तथा महीलाको कम्मर पुरुषको टाउकोको बराबरीमा हुनुपर्छ। यसै प्रकारले बच्चीको टाउको महिलाको टाउकोको बराबरीमा हुनुपर्छ। सबै मान्छेहरूले एमामको पछाडि उभ्नु पर्छ, यदि कसैले एमामको पछाडि ठाऊँ पाएन भने एमामको दायाँपट्टी उभ्नु पर्छ।

८. मृतकलाई दफनाउने अर्थात गाड्ने विधिः अति उत्तम यो हुन्छ कि मान्छेको कम्मर बराबर चिहानलाई गहिरो खन्नु पर्छ, तथा क़िबला तर्फ त्यसमा लेहद (गुफ्फा) बनाउनुपर्छ । मृतकलाई समाधि (चिहान) मा उसको दायाँ भागमाथि राख्नु पर्छ र कफनका बन्धनहरु खोली दिनुपर्छ। त्यसलाई झिक्नु पर्दैन बरु त्यस्तै छाडी दिनुपर्छ। मृतकको अनूहारलाई खुल्ला छाड्नु पर्दैन त्यो पुरुष होस् वा महिला। फेरि चिहानलाई काँचो ईँटाहरुले बन्द गरी दिनुपर्छ र त्यसमाथि गिलो माटो लगाइ दिनुपर्छ। यदि त्यस्तो ईटां उपलब्ध छैन भने तख्ता वा ढुँगो वा दाउरा प्रयोग गर्नुपर्छ ताकि माटो खस्नबाट सुरक्षित रहोस्। यसपछि कब्रमाथि माटो हाल्नु पर्छ, यस बेलामा यो भन्न राम्रो हुन्छः " बिस्मिल्लाहे व अला मिल्लते रसूलिल्लाह" अल्लाहको नाम बाट र संदेशवाहक को धर्म माथि। चिहानलाई एक बित्ता जति उँचो गर्नु पर्छ। यदि साना-साना ढुँगाका टुक्राहरु उपलब्ध छन् भने त्यसमाथि हालेर पानीको छिडकाव गरीदिनुपर्छ। दफन गर्ने मान्छेहरुले चिहानको नजीक उभेर मृतकको लागि प्रार्थना गर्नु पर्छ, किनभने हाम्रो संदेष्टा सल्लल्लाहु अलैहि वसल्लम मृतलाई दफनाएपछि यस्तो गर्नुहुन्थे जस्तोकि उहाँको कथन छः

" आफ्नो भाईको लागि क्षमाको प्रार्थना गर्नुहोस्, र उसको लागि स्थिरताको कामना गर्नुहोस्, किनभने अहिले उससित प्रशन र सोधपूछ हुनेछ।"

९. नमाज जनाजा ना पढेको मान्छेहरूको लागि उचित र उत्तम हो कि दफनगरि पश्चात नमाज पढोस्, किनभने नबी करीम सल्लल्लाहु अलैहि वसल्लम ले यस्तो गरेका छन् । तर यो एक महीना भित्रमा हुनुपर्छ । यदि एक महीना बढि भइ सकेको छ भने नमाज जनाजा चिहान माथि पढ्नु उचित छैन्, किनभने नबी सल्लल्लाहु अलैहि वसल्लम बाट यस्तो कुर सिद्ध छैन ।

१०. मृतकको परिवारहरूले अन्य मान्छेहरुको लागि खाना बनाउने उचित छैन । किनभने जरीर बिन अब्दुल्लाह अल बजली नामक महान सहाबी द्धारा वर्णित छः " मृतकलाई दफन गरेपछि मृतकको घरमा जम्मा हुनु र खाना तयारपार्नुलाई हामी शोक मनाउनुमध्य गणना गर्थे ।

" तर मृतकका परिवाहरू वा अतीथिहरुको लागि खाना तयार गर्नमा कुनै आपत्ति छैन । सम्बन्धी र छिमेकीहरुले मृतकको परिवारको लागि खाना तयार गर्नुपर्छ, किनभने जाफर बिन अबी तालिबको सीरियामा मृत्यू भएको समाचार सुन्दाखेरी मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम ले आफ्नो परिवारलाई जाफरको परिवारका लागि खाना बनाउने आदेश गर्नु भयो, अनि भन्नु भयोः " उनीहरुलाई पुगेको पीडाले उनीहरुलाई अवाक बनाई दिएको छ ।" तर मृतकको परिवारले आफूकहाँ आएको खानामा आफ्ना छिमेकीहरुलाई शामेल गरुन् भने यसमा कुनै आपत्ति छैन,तथा मेरे ज्ञानानूसार धर्मशास्त्रमा यसको लागि कुनै समय तोकिएको छैन ।

११. कुनै महिलाले मृतकमाथि तीन दिनभन्दा बढी शोक मनाउनु जायज छैन । किन्तु आफ्नो पतिको मृत्यु पश्चात चार महिना दस दिन शोकगर्नु अनिवार्य छ । यदि महीला गर्भवति छ भने उसले बच्चा जन्माउने सम्म शोकगर्नुपर्छ, जस्तोकि नबी सल्लल्लाहु अलैहि वसल्लम को सही हदीसबाट प्रमाणित छ । तर पुरुषको लागि आफ्नो कुनै सम्बन्धी वा निकट्म ब्यक्तिको मरणपछि शोक मनाउनु जायज छैन ।

१२. पुरुषहरुले समाधी वा चिहानहरुमा बसोबास गरेकाहरू लागि प्रार्थनागर्नु,तथा शान्तिकामना गर्नु र मृत्यू र त्यसपछिको अवस्थालाई स्मरण राख्नलाई समय समयमा चिहानहरूको दर्शनगर्न जानु पर्छ । किनभने नबी सल्लल्लाहु अलैहि वसल्लमको आदेश छः" तिमीहरू समाधी (चिहान) को दर्शन गर्नुस्, किनभने त्यसले परलोकको सम्झना र स्मरण गराउँछ ।"

नबी सल्लल्लाहु अलैहि वसल्लम ले आफ्नो माननीय साथीहरुलाई चिहानको दर्शनगर्दा खेरि निम्नलिखित प्रार्थनागर्न सिकाउने गर्थेः

" अस्सलामो अलैकुम अहलद् देयारे मिनल् मूमेनीन वल् मुस्लेमीन्, व इन्ना इन् शाअल्लाहो बेकुम् लाहेकून । नस्अलुल्लाह लना व लकुमुल् आफियह व यर्हमुल्लाहुल् मुस्तकदेमिन् मिन्ना वल् मुस्ताखेरीन ।"

अर्थातः हे यहाँका स्थित इमान्दार र मुसलमानहरु, तिमीहरुमाथि शान्ति होस्, तथा हामी पनि अल्लाहले चाहेमा तिमीहरुसित भेंटनेवाला छौं । अल्लाहसित आफ्नो र तिम्रो लागि सुखको कामना गर्छौ, तथा अल्लाह महानले हामीमध्ये अघि गएका र पछि जाने सबैहरुमाथि दया र कृपा गरोस् ।

महिलाहरूले चिहानको दर्शनगर्न मनाही छ, किनभने नबी सल्लल्लहु अलैहि व सल्लम ले चिहान दर्शनगर्ने महीलाहरुमाथि धिक्कार गरेको छ, अनि किनभने त्यहाँ गएमा भ्रष्टाचारको सम्भावना हुन्छ । तथा तिनीहरुमा धैर्य गर्ने शक्ति थोरै हुन्छ । यसै गरि महीलाहरुलाई जनाजा पछाडि चिहानसम्म जानु पनि मनाही छ, किनभने अल्लाहकोसंदेष्टा सल्लल्लाहु अलैहि वसल्लम ले महीलाहरुलाई यसबाट मनाहीगर्नु भएको छ । तर मस्जिद र तिहारस्थान मा मृतकमाथि जनाजाको नमाज पढ्न पुरुष र महीला दुबैको लागिउचित छ।
संकलन गरिने यही अन्तिम कुरो हो ।

अल्लाहको दया , कृपा र शान्ति होस् हाम्रो संदेष्टा मुहम्मद, उहाँको परिवार र साथीहरू माथि ।

**चिहान दर्शनका प्रकारहरू:**

| ज्यारह मश्रूअ: | ज्यारह बिदईय | ज्यारह शिर्कीय: |
| --- | --- | --- |
| अर्थात अन्तिम दिनको स्मरण गर्ने विचार गर्नु, र उसको लागि यात्रा नागर्नु, तथा आफ्नो र मृतकहरूका लागि जायज विधिले प्रार्थना गर्ने विचार गर्नु, अनि इस्लाम धर्म विपरित कुनै कार्य नागर्नु । | ( अवैध दर्शन) अर्थात चिहानहरू नजिक अल्लाह सित प्रार्थना गर्ने विचारगर्नु । | ( अवैध दर्शन) अर्थात चिहानमा रहेका ब्यक्तिहरू देखि प्रार्थना गर्ने विचारगर्नु । |

## माथि सम्बन्धित प्रश्नहरू:

१. प्रणाली र इस्लामी नैतिकताहरूको संरक्षन गर्न मुस्लिमको नैतिकता मध्य हो। (ठीक - बेठीक)
२. मेरो धर्मले मलाई नराम्रो मान्छेहरू संगतमा बस्ने र राम्रा मान्छेहरू देखि टाढा बस्ने आदेश दिन्छ। (ठीक - बेठीक)
३. इस्लामले हामीहरूलाई सेवक तथा कामदार आदिहरू सित राम्रो व्यवहारगर्न सिकाएको छ। (ठीक - बेठीक)
४. म अर्कालाई आफ्नो जिब्रो र हाथ बाट दुःख दिने मान्छेलाई साथी बनाउँछु। (ठीक - बेठीक)
५. कसैले मलाई अपमान गरियो भने म पनि उसको अपमान गर्दै मज्जालिन्छु। (ठीक - बेठीक)
६. इस्लामले मलाई गरीब , कमजोर र खाँचोमा रहेकाहरू लाई सहायता र मद्दतगर्ने तालीम दिन्छ। (ठीक - बेठीक)
७. एउटा मुस्लिमको अर्का मुस्लिम माथि यो अधिकार छ कि बिरामी अवस्थामा उसको दर्शन र सान्चोहुने प्रार्थना गरोस्। (ठीक - बेठीक)
८. क्षिमेकीहरूको रहस्यहेर्नु , आस्थावानहरू को गुणहरू मध्य हो। (ठीक - बेठीक)
९. अल्लाह कहाँ सबैभन्दा राम्रो मान्छे , अर्कालाई सबैभन्दा धेरै लाभपुर्याउने मान्छे हुन्छ। (ठीक - बेठीक)
१०. घरबाट निस्किने बेला पणने दुआः " बिस्मिल्लाहे वलज्ना, व बिस्मिल्लाहे खरज्ना, वअला रब्बेना तवक्कल्ना। " (ठीक - बेठीक)
११. मलाई अपमानगर्ने मान्छ सित भन्छुः " यहदीकोमुल्लाहो व युस्लिहो बालकुम्। " (ठीक - बेठीक)
१२. स्तुतिहरू मुस्लिमको रक्षागर्छन र अल्लाह देखि नजिकपार्छन। (ठीक - बेठीक)
१३. तिम्रो आफ्नो मुस्लिम भाईसंग माया वा प्रेमको पहिचान के हो ?

.....................................................................................................

१४. आफ्नो मुस्लिम भाई देखि ईर्ष्यागर्नु आस्थामा कमीहुने संकेत गर्छ। (ठीक - बेठीक)
१५. प्रेम र मायाका कारणहरू को को हुन।

.....................................................................................................

१६. नशापदार्थहरू मध्य हराम ( वर्जित ) त्यो हो जसलाई खमर अर्थात रक्सी भनिन्छ। (ठीक - बेठीक)
१७. खाना र पानीमा फूँकमार्नु उचित छैन। (ठीक - बेठीक)
१८. खाना खानु पछि र धुनुभन्दा अगाडि लाहरूलाई चाटन उत्तम छ। (ठीक - बेठीक)
१९. खाना , लुगा र सजावटमा मध्यस्थता नै चाहेको तरीका हो। (ठीक - बेठीक)
२०. मृतकलाई नुहाउने , उसमाथी नमाज पढने र गाड्ने सबैभन्दा बढि अधिकारी ................फेरि............फेरि...........फेरि..........हो।

२१. मृतकबाट ऋण तिर्नु छः O अनिवार्य, O उत्तम, O जायज।

२२. मृतकलाई दफनगर्नु ( गार्डनु ) छः O उत्तम, O अनिवार्य, O फर्ज किफायह।

२३. मर्दा मान्छेलाई कलमाको स्मरण गराउनु होः O अनिवार्य O उत्तम, O वर्जित।

२४. मृतकलाई नुहाउँदा खेरि सहायता नागरिनेहरूले उपस्थित हुनको हुकुमः O वर्जित, O जायज, O अनुचित

२५. मृतकलाई चिहानमा राखेपछि कफनका बन्धनहरू खोल्नुपर्छ। (ठीक - बेठीक)

२६. पति पत्नीहरूले एकअर्कालाई नुहाउन सक्दैन किनभने मरेपछि विवाहको नाता सिद्धिन्छ। (ठीक - बेठीक)

२७. पुरुष र महिलाले त्यो मान्छेलाई नुहाउनु...........................................

२८. कसैले मृतकमाथि जनाजाको नमाज पढन नापाओस् भने ..........पढछ, किन्तु त्यो..........भित्र।

२९. मृतक माथि रुनु बिल्कुल जायज छ। (ठीक - बेठीक)

३०. मृतकलाई चिहानमा उसको अनुहार किब्लातिर गरी राख्नुपर्छ । (ठीक - बेठीक)

# विषय सुचि

प्रवेशिका ........ २
पहिलो पाठ ........ ४
प्रवेशिका र तफसीरको प्रश्नहरु ........ ३२
दोस्रो पाठ ........ ४५
तेस्रो पाठ ........ ५३
चौथो पाठ ........ ५८
पाँचौ पाठ ........ ६३
छैठौँ पाठ ........ ६९
सातौँ पाठ ........ ७३
आठौँ पाठ ........ ७५
नवौँ पाठ ........ ७६
दसवौँ पाठ ........ ७७
एघारौँ पाठ ........ ७९
तस्विरको माध्यमले नमाजको एक झलक ........ ८२
नमाजको छोटकरीमा वर्णन ........ ९२
नमाजको सम्बन्धमा प्रश्नहरु ........ ९५
बाह्रौ पाठ ........ १०१
तेह्रौ पाठ ........ १०३
चौधौ पाठ ........ १०४
वजूगर्ने विधिको चित्रित बयान ........ १०६
इस्लामका सिद्धान्तहरू सम्बन्धित केहि समस्याहरू माथि अधारित परिशिष्ट (अनुलग्नक) ........ १०९
पहिलो: पवित्रता ........ १०९
पवित्रता सम्बन्धित प्रश्नहरू: ........ ११३
दोस्रो : दान (जकात) ........ ११६
जकात सम्बन्धित प्रश्नहरू ........ १२१
तेस्रो: व्रत (उप्वास) ........ १२४
उपवास सम्बन्धित प्रश्नहरू: ........ १३१
चौथो - हज्ज ........ १३४

हज्ज र उम्रहको विधिः ........ १३९
हज्ज सम्बन्धित प्रश्नहरूः ........ १४२
पन्ध्रौ पाठ ........ १४४
सोह्रो पाठ ........ १४५
सत्रहौं पाठ ........ १४७
अठाह्रौं पाठ ........ १४९
माथि सम्बन्धित प्रश्नहरूः ........ १५५
विषय सुचि ........ १५७
किताब सुचि ........ १५९

# किताब सुचि


१. कुरआन करीम
२. सहीह बुखारी : ईमाम मोहम्मद बिन ईस्माईल अल- बुखारी (निधन २५६ हिज्री.)
३. सहीह मुस्लिम : ईमाम मुस्लिम बिन हज्जाज अल- कोशैरी (निधन २६१ हिज्री.)
४. शरह मुम्तेअ : शैख मोहम्मद बिन सालेह अल- उसैमीन (निधन १४२१ हज्री.)
५. अल-कौल अल-मुफीद अला किताब अल-तौहीद : शैख मोहम्मद बिन सालेह अल- उसैमीन (निधन १४२१ हज्री.)
६. तैसीर अल-करीम अर्रहमान फि तफसीर कलाम अल-मन्नान (तफसीर अल-साअदि) : अब्दुर्रहमान बिन नासिर अल-सअदि (निधन १३७६ हिज्री.)